


श्रावण २०८२



# गोरक्ष निखिल वाणी



आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक



## श्री शिव गोरक्ष महोत्सव विशेष

॥ ॐ नमो गुरु मछिन्द्र शब्द साँचा पिण्ड काचा मेरा भक्ति गुरुका शक्ति नवनाथै जगाऊँ चौरासीनाथै जगाऊँ फुरो मंत्र ईश्वरो गुरु गोरक्ष वाचा ॥



गुरू पूर्णिमा ण्व्यास जयन्ती, २०८२



सुकुटे आश्रमको १७ औं वार्षिकोत्सव,



॥ ॐ ह्रीं क्र्यां क्षं गुरु गोरखनाथाय नमः ॥

॥ ॐ परम तत्वाय निखिलेश्वराय गुरुभ्यो नमः ॥

# गोरक्ष निखिल वाणी

आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक

वर्ष २५ अङ्क १२, श्रावण २०८२, पूर्णाङ्क ३०७



## जानकारी

सिद्धाश्रम शक्ति केन्द्र नेपालको प्रचलित कानुनअनुसार विधिवत्‌रूपमा दर्ता भएको एक अनुसन्धानमूलक आध्यात्मिक संस्था हो र यसको केन्द्रीय कार्यालय हाल बसुन्धरा, काठमाडौँमा रहेको छ । परमपूज्य सद्‌गुरुदेवद्वय नेपालीहरूका गर्वका प्रतिमूर्ति महायोगी श्री शिव गोरक्ष एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको अनुकम्पा, कृपा एवं आशीर्वादको फलस्वरूप यस केन्द्रको जन्म भएको हो । आफ्नो छुट्टै पहिचान, स्वतन्त्र अस्तित्व एवं आफ्नै किसिमको स्वाभिमान बोकेको यो संस्था देश विदेशमा रहेका अन्य कुनै संघ, संस्था वा आश्रमको शाखा, उपशाखा वा सम्पर्क कार्यालय नभएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइएको छ । यो केन्द्र महान् गुरुहरूको स्पष्ट सूक्ष्म मार्गनिर्देशनमा आध्यात्मिक युग पुनर्निर्माणको लक्ष्यमा गतिशील छ । यहाँ संचालन भइरहेका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरू यसै केन्द्रमार्फत् सोझै निर्देशित छन् । यहाँबाट उपलब्ध हुने सम्पूर्ण सामग्रीहरूको प्राणप्रतिष्ठा विशेषरूपमा यही आश्रमबाट गरिएको हुन्छ । त्यसैले एक स्वतन्त्र र आफैमा सक्षम यस संस्थालाई अन्य कुनै संघ, संस्था वा आश्रमसँग तुलना गर्न खोज्नु, त्यस्तै प्रकारका कुराहरू यहाँबाट लागू गराउन, प्राप्त गर्न खोज्नु यस संस्थाको अवहेलना गरे सरह हुनेछ, जे जति कार्यक्रमहरू यहाँ संचालन भइरहेका छन् र आगामी दिनहरूमा पनि संचालन हुँदै जानेछन्, ती सबै परमपूज्य सद्‌गुरुदेवहरूकै इच्छा एवं निर्देशनअनुसार सम्पन्न हुनेछन् । त्यसैले अनावश्यक तर्क-वितर्क, शङ्का-उपशङ्का गरी, भ्रम फैलाउँदै यस संस्थाको छविमाथि अनावश्यक टीका-टिप्पणी गर्नु सत्यता र वास्तविकतामाथि नै प्रश्नचिह्न लगाउनु हो । प्रत्येक व्यक्तिका लागि आवश्यक पर्ने सम्पूर्ण प्रकारका मार्गनिर्देशन प्रदान गरी भौतिक समस्याहरूको समाधान गर्दै आध्यात्मिक उच्चता प्रदान गर्न, पूर्णतामा लैजान यो केन्द्र सक्षम छ । विश्वास अविश्वासभन्दा माथि, साधारण व्यक्तिको सीमित सोचाइ, विचार र कल्पनाभन्दा परको यस अद्वितीय आश्रममा आबद्ध भई आफ्नो जीवनलाई उत्कर्षमा पुऱ्याउन सक्नु नै हाम्रो अहोभाग्य हुनेछ । यस्ता प्रकारका अनावश्यक भ्रमबाट सतर्क हुँदै पूर्णरूपमा स्पष्ट भएर मात्र अघि बढ्न हुन सम्पूर्ण महानुभावहरूमा सिद्धाश्रम शक्ति केन्द्र हार्दिक अनुरोध गर्दछ । साथै केन्द्रको आफ्नै प्रकारको नीति, नियम र अनुशासन भएकोले यसलाई पालना गर्न नसक्ने व्यक्तिहरूका लागि यस केन्द्रमा कुनै स्थान रहने छैन र यससम्बन्धी कुनै किसिमको सुनुवाइ पनि नहुने व्यहोरा अवगत गराइएको छ ।

सिद्धाश्रम शक्ति केन्द्रबाट प्रकाशित 'गोरक्ष निखिल वाणी' नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका हो । सद्‌गुरुदेवहरूको आशीर्वादस्वरूप यस पत्रिका २०५६ साल भाद्र महिनादेखि अनवरत रूपमा प्रकाशित भइरहेको छ । काठमाडौँ जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको यस पत्रिकाको दर्ता नं. ७०/०५६ हो । यो पत्रिका धर्मको नाममा हुने गरेको शोषण, आडम्बर एवं पाखण्डविरुद्ध आवाज उठाउँदै वास्तविक तथ्यलाई जनसमक्ष उजागर गरी आध्यात्मिक जागरणको वातावरण बनाउने कार्यमा सरिक हुँदै आएको छ । प्रकाशनको शुभारम्भदेखि नै अलग्गै पहिचान एवं अस्तित्व बनाउन सफल यस पत्रिकाले मंत्र, तंत्र, योग, आयुर्वेद, सम्मोहन, ध्यान, वेद, पुराण, उपनिषद् आदिजस्ता ऋषिमुनिहरूद्वारा प्रतिपादित तथ्यहरूको व्यवहारिक एवं वैज्ञानिक पक्षहरूलाई प्रस्तुत गर्दै आइरहेको छ । पत्रिका स्वदेश एवं विदेशमा समेत आफ्ना लाखौं पाठक एवं प्रशंसकहरू माझ लोकप्रिय हुँदै गइरहेको छ । मोबाइल एपको माध्यमबाट पढ्न पाइने व्यवस्थाले विश्वभर छरिएका लाखौं नेपालीहरूमाझ पनि प्रिय छ ।

पत्रिकामा प्रकाशित लेख, रचना, विज्ञापन, चित्रादिमा सम्पादक वा प्रकाशकको सहमति हुनु आवश्यक नरहेको पनि जानकारी गराइन्छ ।

## यसभित्र


| | |
|---|---|
| आफ्नै कुरा | २ |
| श्री शिव गोरक्ष महोत्सव | ४ |
| गोरक्ष संकट मोचन | १३ |
| ब्रह्मोपासना किन ? | १४ |
| गोरखाको यात्रा संस्मरण | १७ |
| महाप्रतीक्षाको घडीले ईश्वर जन्माउँछ | १८ |
| महामृत्युञ्जय पूजन | १९ |
| नवनाथ स्तोत्रम् | २० |
| कविताहरु | २२ |
| शिव ताण्डव स्तोत्र | २३ |
| भकुण्डेवेशीका गुरु गोरक्षनाथ | २४ |
| भक्त विसोबा सराफ | ३० |
| आयुर्वेद-करी पत्ता | ३४ |
| राशिफल | ३६ |
| श्रीशिवमहिम्नस्तोत्रम् | ३८ |
| श्री सावर संरचना शक्ति केन्द्रबाट... | ४० |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४२ |
| गोरखवाणी | ४४ |
| शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा | ४५ |
| सिद्धाश्रम शक्ति केन्द्रका गतिविधि | ४७ |


**पत्रिका व्यवस्थापन समितिद्वारा सम्पादित एवं**
***सिद्धाश्रम शक्ति केन्द्रद्वारा* प्रकाशित**

मूल्य रु. ४०/-, वार्षिक रु. ४००/-

**पत्रिकाको कार्यालय**

**बसुन्धरा, काठमाडौँ, फोनः ०१-४९८९१५४,**

Web: ssknepal.org.np,

Email: siddashramshaktikendra@gmail.com

Mobile App and Facebook Page and Tiktok :
Siddhashram Shakti Kendra

**प्रकाशकको ठेगाना**

सिद्धाश्रम शक्ति केन्द्र

बसुन्धरा, काठमाडौँ

फोन: ४९९०१५४

www.gnv.org.np

**मुद्रण**

किशोर अफसेट प्रेस

गल्कोपाखा, काठमाडौँ

# आफ्नै कुरा

श्रावण महिनालाई सिद्धाश्रम शक्ति केन्द्रले *'श्री शिव गोरक्ष महोत्सव'*को रूपमा मनाउदै आइरहेको छ । हुनत श्रावण महिना भगवान् शिवको महिनाको रूपमा त सम्पूर्ण भक्तजनहरुले मनाइरहनु भएको छ, भगवान् शिवको महिनाको रूपमा त सबैले बुझिरहनु भएकै छ तर पनि श्रावण महिना सृष्टिकालदेखि नै ऋषिमुनिहरु, योगी महायोगीहरु, सम्पूर्ण भक्तजनहरुले *'श्री शिव गोरक्ष महोत्सव'*को रूपमा मनाउँदै आइरहेको पाइन्छ र उहाँलाई खुसी बनाउनको लागि, उहाँको कृपा प्राप्त गर्नको लागि श्रावण महिना अत्यन्त दिव्य महिनाको रूपमा लिइने गरिन्छ । समयको गतिसँगै विभिन्न कालखण्डमा आएका आरोह अवरोहले गर्दा श्री शिव गोरक्षप्रतिको दिव्यता, उच्चता बुझ्न नसक्दा गोरक्ष शब्द लुप्त भएर भगवान् शिवको महिनाको रूपमा मात्रै मानिएको पनि पाइन्छ । हुनत जुन रूपमा जसरी माने पनि भगवान् शिवको सबैभन्दा सर्वाधिक महत्त्वपूर्ण अवतारको रूपमा रहनुभएका भगवान् श्री शिव गोरक्षस्वरूप आफैमा अत्यन्त दिव्य, सम्पूर्णको आदरणीय स्वरूप र नाथहरुका पनि महानाथ, योगीहरुका पनि महायोगी साक्षात् श्री शिव गोरक्षको महिमा, गरिमा आफैमा शब्द चर्चाभन्दा धेरै पर रहँदै आएको छ ।

सिद्धाश्रम शक्ति केन्द्रले आफ्नो स्थापनाकालदेखि नै बीचमा लुप्त भएको र बीचमा सबैले बिर्सेको यस *'श्री शिव गोरक्ष महोत्सव'*लाई फेरि पुनर्जागरण गरेको छ र पुनर्ताजा गरेको छ । श्रावण महिना भगवान् शिवको मात्र होइन कि भगवान् शिवका पनि आराध्य गुरुको रूपमा रहनुभएका श्री शिव गोरक्षस्वरूपको महिना हो । श्रावण महिना भगवान् श्री शिव गोरक्षको महिमा, गरिमा, उहाँको श्रद्धा, भक्ति गाउने महिनाको रूपमा रहेकोलाई प्रचारप्रसार पनि गर्दै आइरहेका छौँ । हुनत भगवान् शिवलाई मान्दा नै श्री शिव गोरक्षलाई पनि हामीले मानिरहेका हुन्छौँ । त्यो भन्दा अछुतो उहाँ पनि हुनु हुन्न । त्यसैले यहाँहरुले पनि अब श्रावण महिनामा व्रत बस्दा, साधना गर्दा, पूजा, आराधना, हवन जे गर्दा पनि श्री शिव गोरक्षस्वरूपलाई सम्झनु भएमा अझ धेरै शिव कृपा प्राप्त हुने भएकोले यहाँहरुले पनि त्यसै अनुसार गर्नुभयो भने धेरै लाभ प्राप्त गर्न सक्नुहुन्छ ।

सिद्धाश्रम शक्ति केन्द्रले नेपालका विभिन्न गोरक्ष शक्तिपीठहरुमा सोमबार तान्त्रोक्त श्री शिव गोरक्ष हवन पनि संचालन गर्दै गराउँदै आइरहेको छ । यस वर्ष पनि यस श्रावण महिनामा यहाँहरुले आफ्नो अनुकूल स्थानमा गएर हवन कार्यक्रमहरुमा भाग लिन सक्नु हुनेछ ।

यस महिनाको पत्रिका (गोरक्ष निखिल वाणी) लाई पनि *'श्री शिव गोरक्ष महोत्सव विशेष'*को रूपमा निकाल्ने कोशिस गरेका छौँ । यसबाट पनि यहाँहरुले अवश्य फाइदा लिनुहुन्छ भन्ने आशा एवं विश्वास लिएका छौँ ।

अन्तमा, यस अंकमा भए गरेका समस्त गल्ती, कमी-कमजोरी र न्यूनताको लागि यहाँहरुसँग र परमपूज्य सद्‌गुरुदेवहरुसँग पनि क्षमायाचना गर्दै आवश्यक सल्लाह सुझावको अपेक्षा राख्दछौँ ।

धन्यवाद । अस्तु ।





**परमपूज्य सद्‌गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज**

**परमपूज्य सद्‌गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ**

मानवजीवनमा गुरुको सर्वथा उच्च स्थान मानिन्छ । गुरु प्राप्तिबिना मानवजीवन व्यर्थ छ । सम्पूर्ण शास्त्रको सम्यक् ज्ञान भए पनि, धन सम्पत्ति र रूप लावण्यले भरिपूर्ण भए पनि, समस्त प्रकारका सिद्धि, शक्ति र ऐश्वर्यले भरिपूर्ण भए पनि यदि गुरु प्राप्त भएको छैन भने मानिस अपूर्ण नै हुन्छ किनकि गुरुले नै संसार सागरबाट तारेर हामीलाई मोक्षको भागीदार बनाउनुहुन्छ, हामीलाई असीम आनन्दबाट तृप्त गरेर पूर्ण गरिदिनुहुन्छ । यसप्रकार पूर्णता, मुक्ति अनि अनगिन्ती सिद्धि र शक्ति प्रदान गर्नुहुने सद्‌गुरुदेवद्वयलाई सिद्धाश्रम शक्ति केन्द्रले धारण गरिरहेको छ । गुरुहरूको महिमा, गरिमा र परिचय कसले पो दिन सक्छ र ? तैपनि सामान्य जानकारीसम्मका लागि महान् गुरुहरूको संक्षिप्त परिचय प्रस्तुत छ–

*वन्दे नारायणं देवं सद्‌गुरुं निखिलेश्वरं ।*
*ज्ञानामृतरसेनैव पूतं येनाखिलं जगत् ॥*

यस विश्व ब्रह्माण्डलाई भौतिक एवं आध्यात्मिक रूपले सन्तुलित राख्न प्रकृतिद्वारा निर्मित अद्वितीय तपस्थली नै सिद्धाश्रम हो । मानवजीवनको अन्तिम ध्येय यस सिद्धाश्रमका प्राणाधार परमपूज्य सद्‌गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज हुनुहुन्छ । आफ्ना गुरु दादा गुरुदेव स्वामी सच्चिदानन्दज्यूको आदेश शिरोपर गरी 'धर्मसंस्थापनार्थाय...' को शंखघोष गर्दै उहाँ सन् १९३५ अप्रिल २१ तारिख भारतस्थित राजस्थान प्रान्तको जोधपुरमा अवतरित हुनुभयो । वेदाध्ययनबाट शिक्षा शुरु गर्नुभएका उहाँको विवाह बाह्र वर्षको उमेरमा भगवती देवीसँग भयो । आफ्नो जीवन परिवारको लागि मात्र नभएर सम्पूर्ण समाजको लागि हो भन्दै विवाहपश्चात् उहाँले थुप्रै वर्ष हिमालयका गुफा, विकट कन्दरा र जंगलहरूमा संन्यासजीवन बिताउनुभयो । त्यसबेला उहाँले विभिन्न स्वामी, संन्यासी, योगी, तान्त्रिक, मान्त्रिक, आयुर्वेदाचार्यहरूसँग भेटेर विभिन्न विधामा आफूलाई निष्णात् बनाउनुभएको थियो । संन्यासजीवनपश्चात् पुनः गृहस्थमा फर्केर आफूले प्राप्त गरेको आध्यात्मिक ज्ञानलाई समाजमा फैलाउने कार्य उहाँले गर्नुभयो । यसको लागि सयौँ पुस्तकहरूको रचना गर्दै असङ्ख्य शिविर सञ्चालन गरी साधना, प्रवचन र दीक्षाको माध्यमबाट शिष्य निर्माण प्रक्रियालाई जोड दिनुभयो । यसरी ज्योतिष, सामुद्रिक शास्त्रका सुविज्ञ ज्ञाता, तन्त्र-मन्त्रका अन्तिम नाम, आधुनिक धन्वन्तरि, सम्मोहन विज्ञानका मसीहा, कुण्डलिनी शक्तिका सहज व्याख्याकार, सूर्य विज्ञानका अपूर्व ज्ञानी, धुरन्धर रत्न चिकित्सक आदिका रूपमा उहाँ डा. नारायण दत्त श्रीमालीको नामबाट विश्वमा विख्यात् हुँदै महामहोपाध्याय, मन्त्र शिरोमणि, समाज शिरोमणि, जगद्‌गुरु आदिको संज्ञाले विभूषित हुनुभयो । गोरक्ष निखिल युग निर्माणको महायोजना आफ्ना शिष्यहरूको काँधमा सुम्पेर सन् १९९८ जुलाई ३ मा महाप्रयाण लिई उहाँ आफ्नो मूल स्थान सिद्धाश्रम फर्कनुभयो । हाल सद्‌गुरुदेवकै सूक्ष्म आदेश निर्देशनबमोजिम सिद्धाश्रम शक्ति केन्द्र यस महान् योजनामा कटिबद्ध छ ।

*अनन्त कोटि ब्रह्माण्ड गोरक्ष स चराचरम् ।*
*दर्शनम् मुक्ति लाभं च तस्मै श्री गोरक्ष नमः ॥*

श्री श्री महायोगी गुरु गोरखनाथ सम्पूर्ण गुरुहरूमा महागुरु, सम्पूर्ण योगीहरूमा महायोगी, सम्पूर्ण नाथहरूमा महानाथ हुनुहुन्छ । महायोगी श्री श्री गुरु गोरखनाथ भगवान् शिवका सबैभन्दा महत्त्वपूर्ण र प्रमुख अवतारको रूपमा पूजित हुनुहुन्छ । योगमार्गको प्रचारको लागि भगवान् शिवले नै गोरक्ष रूप धारण गर्नुभएको हो । यसैले उहाँलाई श्री शिव गोरक्षको रूपमा आदर-सम्मान गर्ने गरिन्छ । गो शब्दको अर्थभित्र समाहित गाई, पृथ्वी, इन्द्रिय आदि सम्पूर्णको रक्षा गर्ने गोरक्ष नै हुनुहुन्छ । श्रीमद्‌भागवत, नारदपुराण, स्कन्दपुराण, ब्रह्माण्डपुराण, शिवपुराण, शाक्तप्रमोद, गोरक्षगीता आदिमा उहाँको बारेमा उल्लेख भएको छ । विश्वको इतिहासलाई हेर्दा उहाँको प्राकट्य सयौँ हजारौँ वर्षको अन्तरालमा विभिन्न स्थानमा भएको पाइन्छ । यसबारे विद्वान्‌हरूले थुप्रै अनुसन्धान गरेका छन् । आमाको कोखबाट नभई आवश्यकतानुसार आफै प्रकट हुनुहुने महायोगी अजर-अमर कायायुक्त हुनुभएको स्पष्ट हुन्छ ।

नेपालको सन्दर्भमा हेर्दा गोरखा राज्यको नामाकरण उहाँको नामबाट भएको पाइन्छ भने उहाँकै आशीर्वादबाट यो राष्ट्र कहिल्यै पराधीन बन्न नपरेको गौरवशाली इतिहास रहेको छ । उहाँको ऋण चुकाउन पनि हामीले उहाँको भक्ति गर्नै पर्दछ । नाथ पंथका अग्रज महानाथ गुरु गोरखनाथ नेपालका राष्ट्रगुरु हुनुहुन्छ । नेपालका विभिन्न ठाउँमा उहाँका मठ-मन्दिरहरू छन् जस्तै गोरखाको गोरख गुफा, पशुपतिको मृगस्थली पीठ, हनुमानढोकाको काष्ठमण्डप आदि । सिद्धाश्रम शक्ति केन्द्रको अनुसन्धानअनुसार गुरु गोरखनाथ सर्वप्रथम यस धरतीमा वैशाखी शुक्ल पूर्णिमाको दिन गोरखाको गोरख गुफामा प्रकट हुनुभएको थियो । नेपालमा मात्र नभएर विश्वभरि उहाँका सम्प्रदाय, मन्दिर एवं मठहरू स्थापित छन् । आगामी गोरक्ष निखिल युग निर्माणको लागि गोरक्ष शक्ति जगाउँदै नाथ परम्परालाई समाजमा स्थापित गर्न सिद्धाश्रम शक्ति केन्द्र गतिशील छ ।

### श्रावण महिनाको अगम्य अवसर

# श्री शिव गोरक्ष महोत्सव

सिद्धाश्रम शक्ति केन्द्रले आराध्य सद्गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथसँग सम्बन्धित विभिन्न कार्यक्रम, अनुष्ठान, महोत्सवहरू संचालन गर्दै आइरहेको छ । भर्खरै संस्थाले बाइसौँ सवालाख रोट महोत्सवलाई भव्य, दिव्य रूपमा सम्पन्न गरेको थियो । संस्थाका कार्यक्रमहरुमा सबैभन्दा वृहत् कार्यक्रम सवालाख रोट अर्पण कार्यक्रम विगत बाइस वर्षदेखि अनवरतरूपमा आयोजना हुँदै आइरहेको छ । विगतका वर्षहरुमा झैं सवालाख रोट अर्पण कार्यक्रम ठूलो जनसहभागिताका साथ सम्पन्न भएको थियो । यो कार्यक्रम निरन्तर एघार दिनसम्म चल्दछ र यी दिनहरुमा प्रत्येक दिन गुरु गोरखनाथको श्रीचरणकमलमा रोट अर्पण गर्दै अन्तिम दिन अर्थात् एघारौँ दिनमा सवालाख पुऱ्याउने गरिन्छ । संस्थाले प्रत्येक वर्ष यसरी सवालाख रोट अर्पण गर्दै आइरहेको छ ।

देशमा शान्ति, स्थिरता, आध्यात्मिक युग निर्माणको लक्ष्यका साथ रोट अर्पण कार्यक्रम मनाइँदै आइरहेको छ । यी लक्ष्य प्राप्तिका लागि गुरु गोरखनाथको प्रसन्नता निर्भर गर्दछ । गुरु गोरखनाथलाई खुशी पार्न सकेमा माथिका लक्ष्यहरुलाई सहजै प्राप्त गर्न सकिने सिद्धाश्रम शक्ति केन्द्रको धारणा रहेको छ । यसैले सिद्धाश्रम शक्ति केन्द्रले गुरु गोरखनाथको प्रसन्नताका लागि रोट महोत्सवका अतिरिक्त अन्य विशिष्ट कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । यसै क्रममा श्रावण महिनालाई *'श्री शिव गोरक्ष महोत्सव'*को रूपमा संस्थाले गर्विलोरूपमा निरन्तररुपमा लिँदै आइरहेको छ ।


*'श्री शिव गोरक्ष महोत्सव'*मा श्रावण महिनाभर गोरक्षपीठमा प्रत्येक सोमबार विशेष हवन हुन्छ । संस्थाले उपत्यकाका विभिन्न गोरक्षपीठहरुमा श्रावण महिना विशेष हवन संचालन गर्दै आइरहेको छ ।

*'श्री शिव गोरक्ष महोत्सव'*को प्रमुख आकर्षण हवन (होम) नै रहेको छ । हवनका अतिरिक्त श्रावण महिनामा गोरक्ष सुरक्षा मन्त्रको जप पनि गर्ने गरिन्छ । यसलाई अनुष्ठानको रूपमा जप्नेहरु पनि हुन्छन् । जति सकिन्छ बढीभन्दा बढी मन्त्र जप गर्नेहरु पनि हुन्छन् ।

गोरक्षपीठहरुमा सम्पन्न हुने हवनमा धेरै भक्तजनहरुको सहभागिता रहेको हुन्छ । यद्यपि हवन कार्यक्रम संस्थाको प्रमुख कार्यक्रम नै मानिन्छ किनभने प्रत्येक महिना संस्थाले विभिन्न देवीदेवताका मन्दिरहरु बाहेक गोरक्षपीठमा मासिक हवनहरु संचालन गर्दै आइरहेको छ । बेला बेलामा संस्थाबाट अखण्ड हवनहरु पनि सम्पन्न हुने गरेका छन् । हालै श्री शिव गोरक्ष पीठ मृगस्थलीमा ७ घण्टे अखण्ड हवन कार्यक्रम सम्पन्न भएको थियो ।

त्यस्तै रोट महोत्सवमा पनि हवन कार्यक्रम विशेषरूपमा सम्पन्न हुने गरेको छ । रोट महोत्सवमा सर्वसाधारणका लागि विशेष हवनका साथै संस्थागत हवन हुने गर्दछ । एघार दिनसम्म निरन्तर हवन कार्यक्रमहरु संचालन हुने गरेको र यस कार्यक्रममा उल्लेख्य सहभागिता रहने गरेको छ ।

संस्थामा नियमितरूपमा प्रत्येक विहीबार सम्पन्न हुने दिव्य गुरु पूजन,



## गोरक्षप्रात:स्मरणम्

प्रात: स्मरामि शशिकान्तशिलातलस्थं,
सिद्धासनं सकलसिद्धसमाजजुष्टम् ।
उद्यद्दिनेशकिरणारुणजाटजूटं,
गोरक्षमक्षयमखण्डमलक्षमाद्यम् ॥१॥
प्रातर्भजामि भुजगेश्वरयज्ञसूत्रं,
तापत्रयत्रिविधपापहरं त्रिनेत्रम् ।
सिद्धासुरोरगनरामरवन्द्यपादं,
गोरक्षमक्षरमनादिमनन्तमीडचम् ॥२॥
प्रातर्नमामि निगमागमगम्यमेकं,
भूभूपगोसुरहिताय कृतावतारम् ।
शान्तं शशाङ्कदलकोमलकान्तकायं,
मायापति पतितपावनमप्रमेयम् ॥३॥














प्रत्येक महिना दिव्य गुरु महोत्सव र गोरक्ष प्रकट तिथिमा विशेष हवन सम्पन्न हुँदै आइरहेको छ । यसरी संस्थाका प्रत्येक कार्यक्रमहरुमा हवन कार्यक्रमले प्रमुखता पाइरहेको छ ।

गुरु गोरखनाथको अभ्यर्थनामा किन अनुष्ठान, हवनलगायतका कार्यक्रमहरु संचालन हुन्छन्, किन उहाँलाई खुसी पार्नु पर्दछ भन्ने सम्बन्धमा चर्चा गर्नुभन्दा पहिले गुरु गोरखनाथको सम्बन्धमा केही चर्चा गरौँ-

वेदको शब्दार्थ निर्वचन गर्ने निरुक्त शास्त्रअनुसार 'गो' शब्दको अर्थ- गाई-वेद-पृथ्वी इन्द्रियहरू (आन्तरिक र बाह्य दुवै) र दृश्य हुन्छ । 'रक्ष' शब्दको अर्थ पालन, पोषण, संहरण र संवर्धन हुन्छ । यसरी 'गो' 'रक्ष' दुई पद मिलेर एउटा शब्द निष्पन्न हुन्छ र उक्त शब्दको अर्थ प्रसङ्गानुसार वेदको, गाईको, पृथ्वीको मन, बुद्धिसहितका इन्द्रियहरूको संरक्षक, संवर्धक, संहारक



# क्रियाले लौकिक देखिने हवनको अलौकिक पक्ष

सामान्यरूपमा अग्निकुण्डमा मन्त्रोच्चारणसहित हविष्यान्नको आहुति नै हवन हो । यज्ञ अथवा हवन धर्म र संस्कृतिको पर्याय मानिएको छ । विधिपूर्वक अग्निदेवलाई हवनकुण्डमा स्थापना गरेर पूजा गरिन्छ, यो एक प्रतीकात्मक प्रक्रिया हो ।

अग्निमा भगवान्को स्थूलरूपको स्तुतिका लागि मन्त्र, श्रद्धायुक्त कर्मकाण्ड तथा दिव्य गुणहरूले युक्त वनौषधिहरूको आहुति दिइन्छ । सूक्ष्म पूजन अग्निरूपी तेजस्वितालाई अन्त:करणमा धारण गर्नाले नै हुन्छ । यसलाई आत्मसात् गर्नाले मनुष्य अग्निरूप नै बन्दछ । अग्नि भगवान्सित प्रार्थना गरिन्छ-

**ॐ अयन्त इध्म आत्मा जातवेद स्तेन इध्मस्व वर्धस्य च इद्धयवर्धय ।** *-आश्वलायन गृह्यसूत्र*

अर्थात्, 'हे अग्निदेव ! हजुर प्रदीप्त हुनुहोस् र हामीलाई पनि प्रदीप्त गर्नुहोस् । जुन गुण हजुरभित्र छन् तिनीहरूलाई हामी धारण गरौँ, हामीलाई यस्तो सामर्थ्य दिनुहोस् ।'

अग्निको, यज्ञकुण्डको सूक्ष्म दिव्य रूप मानवी पिण्डमा वैश्वानरको रूपमा विद्यमान छ । त्यसको केन्द्र हो- मूलाधारस्थित कुण्डलिनी शक्ति । यही अग्निको सम्पर्क शरीरभित्र प्राणरूपमा प्रवाहित भएर जीवनको संचार गर्दछ । यस दिव्य ज्योतिको आभा अन्त:करणमा सदैव जाज्वल्यमान रहन्छ । यस दिव्य अग्निको साधना, अर्चनालाई नै अग्नि पूजा, यज्ञ प्रक्रियाको आध्यात्मिक स्वरूप भनिन्छ ।

बाहिर प्रज्वलित अग्नि (यज्ञ रूपमा) तथा अन्त:मा प्रतिष्ठित दिव्य ज्योतिको रूपमा शरीरको सूक्ष्म संरचनाबाट त्यसको सम्बन्धलाई शास्त्रकारहरूले यसरी प्रतिपादित गरेका छन्-

**आविदन्ते अनिहितं यदासीन यज्ञस्य धाम परमं गुहायत् ।**

यज्ञको वास्तविक स्थान हृदयरूपी गुफामा छ । त्यो अत्यन्त गुप्त छ । तर ज्ञानी पुरुष त्यसलाई प्राप्त गर्दछ ।

## यज्ञद्वारा देवताहरूको आह्वान

यज्ञ देव र मानवबीच सम्बन्ध र सहयोगको दरिलो सूत्र स्थापित गर्ने अमोघ उपाय हो । कुनै पनि कार्यमा सफलताका लागि पुरुषार्थ मात्रले पुग्दैन, न त दैवीशक्ति नै सबै गर्न समर्थ हुन्छ । कल्याणकारी प्रयोजनको पूर्ति दुवै सहयोगबाट नै हुन्छ । यस रहस्यलाई भगवान् श्रीकृष्णले यसरी उजागर गर्नुभएको छ-

**सहयज्ञा प्रजाः सृष्टवा पुरोवाच प्रजापतिः । अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥**
**देवान् भावयतानेन ते देवा भावयन्तु वः । परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥**
**इष्टान्भोगान्हि वो देव दास्यन्ते यज्ञ भाविताः । तैर्दत्तान प्रदायैभ्यो योभुङ्क्ते तेन एव सः ॥**

*-गीता ३।१०।११।१२*

प्रजापति ब्रह्माले कल्पको आदिमा यज्ञसंहिता प्रजालाई उत्पन्न गरेर भने- यस यज्ञद्वारा तिमीहरूको वृद्धि होस् र यो यज्ञ तिमीहरूको इच्छित कामनाहरूलाई दिने होस् ।

तिमीहरू यस यज्ञद्वारा देवताहरूलाई बढाऊ, उनीहरूले तिमीहरूको रक्षा गरुन् । यसरी आपसमा कर्तव्य सम्झेर उन्नति गर्दै परम कल्याणलाई प्राप्त होस् ।

मनुष्यहरूलाई देवताहरूसित सम्बन्ध स्थापित गर्नु उनीहरूलाई सहयोग दिएर र बढाउनुमा नै छ किनकि यसरी सन्तुष्ट र परिपुष्ट भएर देवताहरूले मनुष्यलाई अनेकौं सुख, साधन एवं सुअवसर प्रदान गर्दछ । महर्षि अंगिराको वचन छ-

**यज्ञादिभिर्देवाः शक्ति सुखादीनाम् ।**

अर्थात्, यज्ञादि शुभ कर्महरूबाट देवताहरूलाई प्रसन्न गरेर मनुष्य शक्ति, सुख आदि सम्पदाहरू प्राप्त गर्दछन् ।

## हवनबाट प्राप्त हुने लाभहरू

हवन यज्ञादिमा मन्त्रहरूको उच्चारण, विशेष प्रकारका समीधा, विशिष्ट हवि शाकल्य, चरु, पुरोडाश, भावनाहरूको प्रावह आदि अनेकौं सूक्ष्म-प्रक्रियाहरूबाट एक प्रचण्ड अदृष्ट-अदृश्य वातावरण बन्दछ । त्यसको शक्तिले यज्ञकर्ताहरूलाई मात्र नभई समस्त विश्वलाई अनेक प्रकारका भौतिक एवं आध्यात्मिक लाभ प्राप्त हुन्छ । यज्ञ गर्नाले मन वाणी एवं बुद्धिको उन्नति हुन्छ, यसको प्रतिपादन यज्ञ भगवान् स्वयं गर्नुहुन्छ ।

ब्रह्मवैवर्तपुराणको ब्रह्मखण्डमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ कि ऋषि, मुनि, ब्राह्मण, क्षेत्री आदि मन्त्रको अन्तमा 'स्वाहा' शब्दका साथ नित्य हविष्य दिन्छन् । जसले स्वाहायुक्त मन्त्रलाई ग्रहण गर्दछ, अर्थात् हवन गर्दछ, त्यस ब्राह्मणलाई सबै सिद्धि मिल्दछ ।

पद्मपुराणमा अग्निहोत्रभन्दा ठूलो कुनै पवित्र कर्म छैन । राम्रोसित गरिएको अग्निहोत्रद्वारा द्विजको अन्त:करण पवित्र हुन्छ । सुख प्राप्तिको इच्छा राख्नेले प्रतिदिन अवश्यै हवन गर्नुपर्दछ र यसबाट होमकर्ताको निश्चितरूपमा कल्याण हुने बताइएको छ-

**अहन्यहन्यनुष्ठानंयज्ञानां पार्थिवोत्तम ।**
**उपकारकरपुं सांक्रियमाणं फलार्थिनाम् ॥१५२॥**

*-पद्मपुराण, भूमिखण्ड*

कुर्मपुराणमा ब्रह्मा महामायासित भन्दछ कि जसले यज्ञद्वारा महेश्वरलाई अर्चना गर्दछ उसलाई तिमीले टाढैबाट त्यागिदेऊ । यस्तो व्यक्तिमाथि तिमी आफ्नो प्रभाव नपार ।

जो भक्त जितेन्द्रिय भएर जप र यज्ञ गर्दछ, उसको आयु बढ्दछ । यज्ञबाट सुसन्ततिको प्राप्ति हुन्छ । यज्ञको आश्चर्यजनक प्रभाव हामीमाथि स्पट पर्दछ । जसरी आत्मा, बुद्धि एवं आरोग्यताप्रति यज्ञको प्रभाव पर्दछ, त्यसरी नै प्रजनन प्रणालीलाई पनि यसले शुद्धि गर्दछ । याज्ञिकलाई सुसन्ततिको प्राप्ति हुन्छ ।  रज-वीर्यमा जुन दोष छ त्यसको निवारण हुन्छ । गर्भाशय एवं वीर्य कोशहरूको शुद्धिमा यज्ञ विशेषरूपले सहायक हुन्छ ।

जसलाई बच्चा हुँदैन, गर्भपात हुन्छ, बालिका मात्र जन्मन्छ, बालक अल्पजीवी भएर मर्ने गर्दछ, उसले यज्ञ भगवान्को उपासना गर्दछ भने उसलाई अभीष्ट सन्तान सुख मिल्दछ ।

## यज्ञ आत्मशान्तिको साधन

महाभारतमा भगवान् श्रीकृष्ण अर्जुनलाई उपदेश दिँदै भन्नुहुन्छ-हे भारत ! यदि तिमीले आफूलाई निश्चितरूपले पापी मान्दछौ भने जसरी पापबाट छुट्दछ, त्यसको समाधान सुन-

हे युधिष्ठिर ! तप, यज्ञ तथा दानद्वारा सदा नै मनुष्यगण पापबाट छुट्ने गर्दछन् । यज्ञ, दान र तपले दुष्कर्म गर्नेहरूको शुद्धि हुन्छ ।

देवताहरू यज्ञद्वारा नै असुरहरूभन्दा अधिक प्रभावशाली बने । यज्ञानुष्ठानमा अधिक क्रियाशील भएर देवहरूले असुरहरूलाई पराजित गरे ।

विष्णुपुराणमा  नित्य गरिने यज्ञानुष्ठान मनुष्यहरूको परम उपकारक र उनीहरूले गरेका पापहरूलाई शान्त गर्नेवाला छ ।

*(पं. श्रीराम शर्मा आचार्य, यज्ञ एक समग्र उपचार प्रक्रिया)*

भन्ने अर्थ हुन्छ । त्यसकारण 'गोरक्ष' शब्दद्वारा सबैको आद्यविज, सर्वाधार, सर्वाश्रय शिवलाई नै प्रतिपादन गर्दछ ।

अनाद्यविद्याका कारण अन्धकारमा रुमल्लिरहेका जीवहरूलाई योगमार्गको प्रदिप्त प्रकाश प्रदान गर्नका लागि स्वयं भगवान् शिव गोरक्षनाथका रूपमा यस धराधाममा अवतीर्ण हुनु भई राजयोग, हठयोग, ध्यानयोग, ज्ञानयोग, मन्त्रयोग, लययोग आदि योगका समष्टि शिक्षा प्रदान गर्नुभएको कुरा कसैबाट लुकेको छैन । तसर्थ जगद्गुरु जगदीश्वर भगवान् शिव नै समस्त ज्ञान, कला, कौशलका आध्यात्मिक र भौतिक क्षेत्रमा पथ प्रदर्शक हुनुहुन्छ र शिव नै गुरु गोरखनाथ अथवा गोरक्षनाथ बाबा हुनुहुन्छ ।

**गोरक्षाचल-गह्वरात सुरुचिरात कैलाश-दक्षात्कृते;**
**तस्मात् मङ्गलवासरे कृतिजनै रोट प्रथा स्थापित ॥**
**शिवः श्री गोरक्षोऽभव दखिल-गोरक्षणकृते ।**
**हरिः गोपालोऽभवदखिल गोपालन कृते ॥**

गौ-इन्द्रिय-पृथ्वी-गाई श्रुति स्मृति प्रभृति सबै गाईको रक्षा गर्न शिवले गोरखनाथको अवतार लिनुभयो भने हरिले गोरक्षक गोपालको रूपमा अवतार लिनुभएको हो । पहिलेको युगमा वैशाखी पूर्णिमा तिथिमा मङ्गलमय मङ्गलबार पारेर लोकानुग्रहका लागि द्वादशाब्दिक बाल भास्करतुल्य बाल गोरक्षनाथका रूपमा शिवले अवतार लिएर नेपाल राष्ट्रको गुरु भएर

# भगवान् शिव

**ब्रह्मा विष्णुर्महेशश्च त्रयो देवाः शिवांशजाः ।**
**महेशस्तत्र पूर्णांशः स्वयमेव शिवः परः ॥**

-शिवपुराण (रुद्रसंहिता, सृष्टिखण्ड ५।३०)

अर्थात् "शिवकै अंशबाट ब्रह्मा, विष्णु, महेश्वर तीन देवको उत्पत्ति भएको हो । महेश चाहिँ भगवान् शिवको पूर्णांश भएकाले परमात्मा हुन् ।" शिवलिङ्ग राखेको मन्दिरलाई शिवालय, अन्य देवीदेवताको मूर्ति राखिएमा देवालय वा मन्दिर भनिन्छ ।

भगवान् शिवको मूर्तिमा लिङ्ग, ईश्वर, नाथ, पति आदि शब्द जोडिन्छन् । जटाधारी, गंगाधारी, त्रिशुलधारी, डमरुधारीस्वरूपले महादेवलाई चिनाउँछन् । छिट्टै खुसी हुनाले भोलेनाथ, महान् डाक्टर भएकाले वैद्यनाथ, नृत्य सम्राट्का रूपमा नटराज, ज्येष्ठ र श्रेष्ठ भएकाले महेश, भूत-प्रेत-योगिनी-बोक्सी आदिका अभिभावक भएकाले भूतेश, चौध सूत्रका जन्मदाताका रूपमा महादेवका नामले चिन्दछौं । महादेवलाई शिवको रूप मानिएको छ । वाणभट्टले कादम्बरीको मंगलाचरणमा भन्नुभएको छ-

**रजोजुषे जन्मनि सत्ववृत्तये स्थितौ प्रजानां प्रलये तमस्पृशे**
**अजाय सर्गस्थितिनाशहेतवे त्रयीममाय त्रिगुणात्मने नमः ॥१॥**

अर्थात् "सृष्टि गर्दा रजोगुणस्वरूप, पालन गर्दा सत्वगुणस्वरूप, प्रलय गर्दा तमोरूप बनेर विनाश गर्नुहुन्छ । यस्ता त्रिगुणात्मकस्वरूप शिवलाई नमस्कार छ ।" शिव एक छन्, नित्य छन्, दोष र गन्धरहित छन्, निरतिशयसुख र ब्रह्मचैतन्य छन् ।

मेची, कर्णाली, गंगा, नाइल, अमेजन आदि नदीमा देखिने सूर्य फरक होइन, एउटै हुन् । त्यसरी नै ब्रह्मा, विष्णु, महेश, सरस्वती, लक्ष्मी, पार्वती अनेक देवीदेवता भए पनि सारांशमा ती शिवकै अंश हुन् ।

**यथा तथा न भिद्यन्ते शैवा माहेश्वरा अपि ।**
**शिवाश्रिता हि ते शैवा ज्ञानयज्ञरता नराः ॥**
**माहेश्वराः समाख्याता कर्मयज्ञरता भुवि ।**
**तस्मादाभ्यन्तरे कुर्युः शैवा माहेश्वरा बहिः ॥**

-शिवपुराण (वायवीयसंहिता २९।९-१०)

अर्थात् "शैव र माहेश्वरमा धेरै भिन्नता छैन । शिवमा विश्वास गर्ने एवं ज्ञानमार्गमा लागेकाहरू शैव हुन्, कर्ममा रत भई महेश्वर (महादेव) मा विश्वास गर्नेहरू माहेश्वर हुन् । यसैले शैवहरूले भित्री र माहेश्वरहरूले बाहिरी कार्य गर्नुपर्छ ।"

गोर्खाली राष्ट्रको स्थापना गरेको हो । माथि श्लोकमा बताइएअनुसार नै मंगलबारमा समस्त गोर्खाली नेपाली जातिले शिव अवतार गोरक्षनाथको विशेष पूजा गर्ने र रोट (भूमरे वा ताइरोटी) चढाउने चलन चलाएका हुन् । युद्ध यात्रा आदि सबै शुभ यात्रा गर्दा सवालाख रोटले महापूजा गरेर यात्रा गर्ने रोट प्रसाद झोलामा बोकेर युद्ध यात्रा, तीर्थयात्रा आदि पवित्र यात्रा गर्ने हुनाले पुण्यात्मा भक्तजनले मंगलबारका दिन रोट चढाउने प्रथा स्थापित गरेका हुन् । जुन अहिले पनि नेपालमा परम्परागत रूपमा चलेकै छ । विश्वविख्यात वीर नेपाली जातिले ‘जय गोरख जय काली’ भन्ने जयकार लगाएर घरबाट प्रस्थान गरी सबै यात्रा गर्ने र विश्वका कुना कुनामा पुगेर पूरै पृथ्वीलाई नै मातृभूमि पितृ भूमि पुण्यभूमि तीर्थभूमि मान्ने वैदिक प्रथा थामेर सप्तद्वीपा पृथ्वीका सबै समुद्रका पारी पुग्दा पनि नेपाली शैलि, आचरण अझसम्म छाडेका छैनन् । विश्वका कुना कुनामा पनि पुगेर ‘ॐ: घौमे पिता । माता मे पृथिवी । पुत्रोऽहं पृथिव्या । नमो मात्रे पृथिव्यै’ भनेर पूर्ण पृथ्वीलाई नै माता मानी सज्जनताको आचरण देखाएका हुन्छन् ।

श्री श्री महायोगी गुरु गोरखनाथको महिमा, उहाँको शक्ति अपरम्पार छ, उहाँ अनन्तस्वरूपमा हुनुहुन्छ, उहाँ विराटस्वरूपमा हुनुहुन्छ जसको बारेमा स्थूल देहको माध्यमबाट व्याख्या गर्न नै सकिँदैन । हामीले स्थूल जगतबाट जे बुझ्यौँ वा जे बुझिरहेका छौँ, त्यो पर्याप्त नहुन सक्छ, उहाँका बारेमा अझै धेरै कुरा बुझ्न बाँकी छन् । तर यसलाई बुझेर साध्य छैन, स्थूलताको परिधिभित्र कैद गर्न नै सकिँदैन । सूक्ष्मतामा सद्गुरुदेव अति विराटस्वरूपमा हुनुहुन्छ । त्यसैले उहाँको बारेमा थाहा पाउन, बुझ्नका लागि हामी स्वयं पनि सूक्ष्म हुनु आवश्यक हुन्छ । हाम्रो विचारको घेरालाई हामीले धेरै फराकिलो बनाउनु जरुरी हुन्छ । हामी स्वयं विराटस्वरूप बन्न थालेपछि, हाम्रो विचारधारा पनि विराटस्वरूपको बनेपछि मात्र हामीले आंकलन गर्न सक्छौँ ।

धेरै अगाडिदेखि नै श्री शिवगोरक्षको प्रकट दिवसलाई कैयौँ ऋषिमुनिहरू, साधुसन्तहरूले पनि मान्दै आइरहेका छन् । उहाँको त्यो वास्तविक प्रकटस्वरूपलाई ठम्याउनेहरूले त्यही रूपबाट मान्दछन् ।

वैशाखी पूर्णिमामा गुरु गोरखनाथ गोरक्ष गुफामा प्रथमपटक प्रकट हुनुभएकाले सिद्धाश्रम शक्ति केन्द्र नेपालले यसलाई ‘गोरक्ष प्रकट दिवस’को रूपमा नै मनाउँदै आइरहेको छ । सूक्ष्म सत्ताको माध्यमबाट पाताललोकमा विराजमान रहनुभएका श्री शिव गोरक्षस्वरूपको ऊर्जा क्रमिकरूपमा माथि-माथि हुँदै आउँछ र आफ्नो प्रकट थलो जहाँ छ, त्यहाँ वैशाखी पूर्णिमामा विकसित हुँदै आएर केन्द्रीकृत हुने गर्दछ । सौभाग्यशाली व्यक्तिहरू, भक्तहरूले त्यही बेलामा दर्शन पाउँछन् । उहाँ प्रकट हुनुभएको बेला अति पापिष्ट व्यक्ति पनि यदि उहाँको नजिक पुग्दछ भने समस्त पाप उहाँले नष्ट गरिदिनु हुन्छ र उसको कल्याण हुन्छ ।

यसै वास्तविकतालाई बुझेर सिद्धाश्रम शक्ति केन्द्र नेपालले बिना स्वार्थ केवल आफ्ना गुरुलाई खुशी पार्न, गुरुको कृपादृष्टि पाउन, सारा संसारमा शान्ति होस्, आनन्द होस् भन्ने कामनाका साथ यस पावन पर्वलाई मनाउँदै आइरहेको छ ।

ऊर्जा विकास क्रमको सिद्धान्तअनुसार ऊर्जाहरू बिस्तारै ऊर्ध्वमुखी हुँदै जान्छन् । ती ऊर्जाहरू जति माथि गए पनि पृथ्वीसँग नै जोडिएर रहेका हुन्छन् । ती ऊर्जाहरू आएर बस्ने स्थान नै पृथ्वी हो । पृथ्वीको कुनै त्यस्तो तह छ जहाँ गुरु गोरखनाथ अति विराटस्वरूपमा व्याप्त हुनुहुन्छ । उहाँ यस्तो करुणामयीस्वरूपको हुनुहुन्छ कि त्यतिबेला पृथ्वीतटमा यज्ञादि कर्महरू, पूजा, आराधनाहरू, स्तोत्र पाठहरूजस्ता विभिन्न किसिमका पुण्यहरू गर्न सक्यौं भने हामीबाट सिर्जित ऊर्जाहरू स्वत: नै उहाँसम्म पुग्दछन् । वाष्पीकरण पद्धति भने जस्तै ती तरंगहरू बिस्तारै माथि गएर स्वत: नै उहाँमा लीन हुन थालेपछि उहाँले त्यस ऊर्जालाई करोडौँ गुणा शक्तिशाली बनाएर फेरि आशीर्वादस्वरूप पृथ्वीतटमै फर्काइदिनु हुन्छ । यसरी उहाँको आशीर्वाद प्रत्यक्षरूपमा प्राप्त गर्ने माध्यम भएको हुनाले त्यस समयमा पूजा, आराधना, साधना, भक्ति, ध्यान गर्ने परम्परा सिद्धाश्रम शक्ति केन्द्रले सञ्चालन गरेको हो ।

श्रावणमा नै शिव पूजनको किन महिमा छ त ? यो एउटा प्रश्न हुन सक्दछ । श्रावण मास सम्पूर्ण जीव जगतको जीवनाधार जलको वर्षा गर्ने वर्षा ऋतुको प्रारम्भ हो । गृष्ममा सूर्यरूप शिवले आफ्ना प्रचण्ड किरणहरूद्वारा जल संकलन गरी आफ्नो सोमात्मक स्वरूपबाट वर्षा ऋतुमा जल वर्षा गर्नुहुन्छ । जुन पर्जन्यका रूपमा पृथ्वीरूपी योनीले ग्रहण गर्दछिन् र त्यसबाट नै सबै जीव जगतको जीवन उत्पन्न हुन्छ । त्यसैकारणले यस संसारको जीवन चक्रलाई निर्वाध चलाउनका लागि श्रावण महिना सबैभन्दा बढी महत्त्वपूर्ण भएको हो र शिवप्रिय पनि किनकि अकारण महाकारुणिक महादेव महेश्वर महाकाल शिव लोकोपकार कार्यको अप्रतिम उदाहरण हुनुहुन्छ । भगवान् निलकण्ठलाई सर्वाधिक लोकोपकारक भएकैले वर्षाऋतु र श्रावणमास प्रिय भएको हो । यस श्रावण मासमा जसले रोट, जोत, जल, फलफूल आदि प्रकट गर्दछ, त्यसलाई भगवान्ले मन वाञ्छित फल प्रदान गर्नुहुन्छ । वर्षा ऋतुले केवल बाह्य धर्तीलाई मात्र ऊर्बरा बनाउँदैन, यसबाट हाम्रो मानसिक साधनको क्षेत्र पनि अति उर्बरा बनेको हुन्छ । त्यसैकारणले परापूर्वकालदेखि नै चतुर्मास यज्ञानुष्ठान तथा वर्षा र हेमन्तका चार महिना चर्तुमास साधना गर्ने परम्परा आएको छ । श्रावणबाटै दक्षिणायन प्रारम्भ हुन्छ र यसै श्रावण कृष्ण पक्षमा भगवती दक्षिणकाली, गोरखकालीको अष्टमी तिथिमा प्राकट्य भएको हो जुन आद्याशक्ति, सम्पूर्ण योग सिद्धि प्रदायिनी र महायोगिनी पनि हुन् । यसै महिनामा नाग पूजन, यज्ञोपवित प्रतिष्ठा र रक्षा बन्धनजस्ता पावन पर्वहरू सम्पन्न हुन्छन् । समग्र वैदिक धर्मावलम्बी द्विजातिहरूको सत्कर्म उत्प्रेरक यज्ञोपवित प्रतिष्ठा एवं धारण गर्ने महापर्वले पनि यस श्रावण महिनाको वैदिक सनातन धर्मावलम्बीहरूका जीवनमा के महत्त्व छ भन्ने स्पष्ट पार्दछ ।

वैशाखी पूर्णिमाबाट गणना गर्ने हो भने सूक्ष्म सत्ताका वास्तविक तरङ्गहरू श्रावण महिनाको आसपासमा पर्दछन् । कहिलेकाहीँ आषाढ महिनाको अन्ततिरबाट शुरु हुने गर्दछन् भने कहिलेकाहीँ श्रावण महिनाको पहिलो साताबाट पनि शुरु भएर मसान्ततिर टुङ्गिन्छन् । यसैको आधारमा ज्योतिषमा मुहूर्त निकालिन्छ । ऊर्जा ऊर्ध्वतिर जाने क्रममा सम्पर्क टाढा हुने हुनाले पूजा, पाठ, यज्ञादि कर्महरूको गणना भए पनि आशीर्वाद भने पाउन सकिँदैन । त्यसैले ज्योतिषमा ‘योग’ भएको नभएको देखाउने चलन छ ।

विशेष अनुसन्धानबाट प्राप्त भएका कुरालाई संस्थाले वास्तविक मुहूर्तअनुसार कार्यान्वयन गर्ने गरेको छ । ती कार्यक्रमहरू स्वयं परमपूज्य सद्गुरुदेवहरूबाट आदेश प्राप्त भएपछि मात्रै तय हुन्छन् । उहाँहरूको आदेश नभइकन कार्यक्रम गरेर त वास्तविक फाइदा लिनै सकिँदैन । विशेष गरी वैशाखी पूर्णिमादेखि श्रावण मसान्तसम्मको समय अमृत समय भएकोले उहाँको ब्रह्मा, विष्णु, महेश्वरस्वरूपको कृपा, आशीर्वाद प्राप्त गर्नका लागि सिद्धाश्रम शक्ति केन्द्र नेपालले श्रावण महिनालाई *‘श्री शिव गोरक्ष महोत्सव’*को रूपमा मान्दै आइरहेको छ ।

आउनुहोस्, हामी सबै मिली परमपूज्य सद्गुरुदेवप्रदत्त *‘श्री शिवगोरक्ष महोत्सव’*मा सहभागी भई यसलाई भव्यरूपमा सम्पन्न गरौँ ।



**कण कणमा गोरख जगाऔँ**
**रोट महोत्सव सफल पारौँ ।**


# श्री शिव गोरक्ष महोत्सव
# हार्दिक आमन्त्रण



परमपूज्य सद्गुरुदेवको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक वर्ष श्रावण महिनामा श्री शिव गोरक्ष महोत्सव मनाउँदै आइरहेको छ । यसै क्रममा उपत्यकाका गोरक्षपीठमा बिहान ८ देखि ९ बजेसम्म निम्न स्थानमा केन्द्रबाट विशेष हवन हुने भएकोले सम्पूर्णलाई आफ्ना इष्टमित्र, आफन्तजनका साथ गरिमामय उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौँ ।

**मिति : २०८२ श्रावण ५ गते सोमबार- मृगस्थली**
**१२ गते सोमबार- वनकाली**
**र सैँथु गणेश मन्दिर, शंखमूल**
**१९ गते सोमबार- थापाथली**
**२६ गते सोमबार- काष्ठमण्डप**

**सिद्धाश्रम शक्ति केन्द्र नेपाल**

## सिद्धाश्रम शक्ति केन्द्र गोरक्ष निखिल गुरुधाम,
## कागेश्वरी मनहरा न.पा. ४ कोलमतेश्वर प्रांगण बागमती किनार




परमपूज्य सद्‌गुरुदेव श्री श्री महायोगी गुरु गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको परम कृपा, आशीर्वादस्वरुप सि.श.के गुरुधाममा निर्माणाधीन बाह्र ज्योतिर्लिंगसहित वृहत् शिवलिंग ध्यान योग हल ५०X४०X४० को गोलाकारमा निर्माण हलको जगदेखि पिलरसम्म प्रदेश सरकारको बजेटबाट बनिसकेकोले यसै हलको ढलानको बाँकी कार्यको लागि आदरणीय दाताहरूबाट रकम संकलन गरी ढलान गर्नुपर्ने भएकोले सम्पूर्ण साधकसाधिका, भक्तजनहरूलाई गुरुसेवा गर्ने अवसर प्राप्त भएको हुँदा यस्तो दिव्य कार्यमा सम्पूर्ण एकजुट भई सम्पन्न गरौं । यस अवसरबाट कोही नहट्‌न, कोही नछुट्‌न, गुरु पूर्णिमाको पावनतम अवसरमा अधिकभन्दा अधिक यस कार्यको सफलताको कामना राखेर स्वस्फूर्त रुपमा सहयोग गर्दै अमूल्य तपस्या प्राप्त गरौं ।

दान सहयोग गर्ने विषय यसप्रकार छन् :


१. फलामको रड २. बालुवा ३. गिट्टी ४. ज्याला ५. सिमेन्ट आदि प्रदान गरेर सहयोग गर्न सकिने

आज दान दिने संकल्प
गरेर पछि उपलब्ध गराउन
पनि सकिने व्यवस्था
गरिएको छ ।

सिद्धाश्रम शक्ति केन्द्र
गोरक्ष निखिल गुरुधाम
सम्पर्क नं. ४९८९१५४, ९८४१३१५८६५




# गोरक्ष संकटमोचन



बाल योगी भये रूप लिये तब,
आदि नाथ लियो अवतारो ।
ताहि समै सुख भयो सिद्धो का,
तब शिव गोरक्ष नाथ उचारो ।
भेष भगवान ने करी विनती,
तब अनुपान शिला पे ज्ञान विचारो ।
को नहीं जानत है जग में,
शिव गोरक्षनाथ है नाम तुमारो ॥ १ ॥
सतयुग में भये कामधेनु गव तब,
जति गोरक्षनाथ को भयो प्रचारो ।
आदि नाथ वरदान दियो तब,
गौतम ऋषि से शब्द उचारो ।
त्र्यम्बक क्षेत्र में स्थान किया तब,
गोरक्ष गुफा को नाम उचारो ।
को नहीं जानत है जग में,
जति गोरक्ष है नाम तुमारो ॥ २ ॥
सत्यवादी भये हरिश्चन्द्र शिष्य तब,
शून्य शिखर से भयो जयकारो ।
गोदावरी का क्षैत्र पे प्रभु ने,
हर-हर गंगा शब्द उचारो ।
यति शिव गोरक्ष जाप जपे,
शिव योगी भये परम सुखारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुमारो ॥ ३ ॥
आदि शक्ति दे संवाद भयो जब,
माया मत्स्येन्द्र नाथ भयो अवतारो ।
ताहि समय प्रभु मच्छेन्द्र,
सिंगलद्वीपको जाय सुधारो ।
राज्य योग में ब्रह्म लगायो तब,
नाद बिन्द को भयो प्रचारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुमारो ॥ ४ ॥
आन ज्वालाजी कीन तपस्या,
तब ज्वाला देवी ने शब्द उचारो ।
ले जति गोरक्षनाथ को नाम तब,
गोरक्ष डिब्बी को नाम पुकारो ।
शिष्या भया जब मोरध्वज राजा,
तब गोरक्षपुर मे जाप सिधारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुमारो ॥ ५ ॥
ज्ञान दियो जब नव नाथो को तब,
त्रेता युग को भयो प्रचारो ।
योग लियो रामचन्द्रजी ने जब,
शिव-शिव गोरक्ष नाम उचारो ।
नाथ जी ने वरदानी दिया तब,
बदरीनाथ जी नाम पुकारो ।
को नहीं जानत है जग में,
जति शिव गोरक्ष नाम है तुमारो ॥ ६ ॥
गोरक्षमढी पे तपस्या कीनी तब,
द्वापर युग को भयो प्रचारो ।
कृष्ण जी को उपदेश दिया तब,
ऋषि मुनि भये परम् सुखारो ।
पाल भूपाल को पालनते शिव,
माल हिमाल भयो उजियारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुम्हारो ॥ ७ ॥
ऋषि मुनि के संवाद भयो जब,
युग कलयुग को भयो प्रचारो ।
कार्य में सहाय किया जब-जब राजा, भरथरी
को दुःख निवारो ।
ले योग शिष्य भया जब राजा,
रानी पिंगला को संकट तारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुमारो ॥ ८ ॥
मैनावती रानी ने स्तुति किया जब,
कुवा पर जाके शब्द उचारो ।
राजा गोपीचन्द शिष्य भयो तब,
नाथ जालंधर के संकट तारो ।
नवनाथ चौरासी सिद्धों में,
भगवतपुरन भया सुखारो ।
को नहीं जानत है जग में,
जति गोरक्षनाथ है नाम तुमारो ॥ ९ ॥

दोहा–

नव नाथों मे नाथ है,
आदि नाथ अवतार ।
जति गुरु गोरक्षनाथ का,
पूरण ब्रह्म करतार ॥
संकट मोचन नाथ का,
सुमरे चित्त विचार ।
जति गुरु गोरक्षनाथ जी,
मेरा करो निस्तार ॥



# तन्त्र साधना भनेको के हो ?
# ब्रह्मोपासना किन ?

तन्त्र साधना सम्पूर्णरूपमा साधनाको पद्धतिमा निर्भर गर्दछ। त्यसैले यसमा वाह्यिक अनुष्ठान वा लोकलाई देखाउनुको कुनै विशेष स्थान छैन। मूर्तिपूजा एक बाह्यिक अनुष्ठान हो। तर तन्त्र धेरै उदार एवं अधिक मनोविज्ञान सम्मत देखिन्छ। मूर्तिपूजाको कुनै विशेष महात्म्य स्वीकृत नगरेर एक अधमाधम अथवा निम्नकोटिको नीच साधनाको रूपमा स्वीकृत गरिएको छ अर्थात् जबसम्म सक्षम गुरु प्राप्त भईदैन तबसम्म समय व्यर्थ पठाउनुको सट्टा गुरुप्रति भक्तिभाव राख्दै बाह्य मूर्तिपूजा गर्नु उचित हुन्छ। यसबाट केही भाव त बन्दै रहन्छ। मूर्तिपूजाले केही मानिसको मनलाई अतिमानव स्तरसम्म पुऱ्याइदिन्छ। पछि जब आफ्नो आकांक्षानुसार सद्गुरु प्राप्त हुन्छ तब मानव मनको विज्ञानमय एवं हिरण्यमय कोष पार गरेर आध्यात्मिक साधना प्राप्त गरेर साधना गरेर मोक्ष लाभ गर्दछ। तन्त्रको विधान यही छ। तर व्यवहारमा देखिन्छ कि मूर्ति पूजा गर्नाले मूर्तिमा एक प्रकारको ममत्व जागृत हुन्छ र त्यस ममत्वको संस्कार छोड्नु अत्यन्त कष्टकर हुन जान्छ। त्यसैले निष्ठापूर्वक ब्रह्मोपासना पनि गर्नुपर्छ। पहिले ब्रह्मोपासना सहज हुँदैन, त्यसैले प्रारम्भमा मनलाई स्थिर राख्नका लागि मूर्ति पूजाको व्यवस्था भएको थियो। अब ब्रह्मोपासना सुगम भएको छ, मनुष्यको चोला प्राप्त भएको छ भने मूर्तिको तन (रूप) भन्दा ब्रह्मचिन्तन गर्नु ठीक हुनेछ। यसमा जीवको कल्याण छ। उपासनाको स्तरलाई लिएर तन्त्रमा यसरी बताइएको छ-



**'उत्तमो ब्रह्म सद्भावो मध्यमाध्यान धारणा।**

**जप स्तुतिःस्यादधमा मूर्तिपूजा धमाधमा ॥'**

साधनाको क्षेत्रमा सबैभन्दा उत्तम ब्रह्मसद्भाव हो। ध्यान धारणा मध्यम हो। जप र स्तुति अधम साधना हो र मूर्ति पूजा त अधमभन्दा पनि अधम साधना हो।

तन्त्रमा अन्यत्र पनि पाइन्छ-

**बाल क्रीडनवत्सर्व नाम रुपादि कल्पनम्।**

**केवलं ब्रह्मनिष्ठो यः स मुक्तो नाश शंसय ॥**

अर्थात् नाम र रूप जुन कल्पना गरिएको छ, यी सबै बच्चाको खेलजस्तै हुन् , वास्तवमा ब्रह्मसाधक वा जो ब्रह्मनिष्ठ छ उसले नै मुक्ति पाउँदछ, यसमा सन्देहको कुनै कुरा छैन।

श्रीमद्भागवत् ३।२९।२१।-२२-२३ मा उल्लेख भएको छ-

**अहं सर्वेषु भूतेपु भूतात्मा वस्थित सदा।**

**तम बज्ञाय मां मर्त्यः कुरुतेर्च्चा विडम्वनाम् ॥**

**यो मां सर्वेषु सन्तमात्मानमीश्वरम्।**

**हित्वार्चा भजते मौढयात् भस्मन्येव जुद्दोति स।**

**अहमुच्चा वचैर्दव्यैः क्रिया योत् पन्नपानधे ॥**

**'तन्त्र शब्द आफैमा महत्वपूर्ण र गौरवमय छ, किनकि तन्त्रको अर्थ कुनै पनि साधना वा कर्मको व्यवस्थित गर्नु हो, परन्तु पछि बिस्तारै तन्त्रमा विकृतिहरु आउन लागे र तन्त्रको अर्थ केवल मारण, मोहन, वशीकरण, उच्चाटन आदि रहन गयो।**

**तन्त्रको माध्यमबाट आफ्नो जीवन र विश्वलाई धेरै राम्रो बनाउन सकिन्छ तर आजको युगमा तन्त्र वा तान्त्रिक शबद हलुका वा गाली जस्तो शब्द बन्न गएको छ। यो समाजको न्यूनता हो, अर्थात् उसको आन्तरिक विकृतिको परिचायक हो। हाम्रो समाजलाई यस कुराको आवश्यकता छ कि स्वस्थ दृष्टिले तन्त्र शब्दमाथि र यसका कार्यमाथि पुनर्विचार गरियोस्, यिनमा जुन असंगति र न्यूनताहरु छन् त्यसलाई हटाएर र जुन जुन यसमा सारभूत तत्त्व छन्, त्यसलाई स्वीकार गरेर आफ्नो जीवनलाई व्यवस्थित बनाइयोस्।'**

**-किंकर स्वामी**

अर्थात् अज्ञानी मानिस त्यस आत्माको उपेक्षा वा अवज्ञा गरेर प्रतिमा पूजन आदिको आडम्बर लिन्छ, त्यो पूजा स्वाङ मात्र हो। जो मूर्खतावश मेरो (आत्माको) उपेक्षा गरेर केवल मूर्ति पूजामा लागिरहन्छ, उसले खरानीमा हवन गरिरहेको छ वा भस्ममा आहुति दिने व्यर्थ कार्य भइरहेको छ। भगवान् श्रीकृष्ण भन्नुहुन्छ- 'म सबै भूतमा अवस्थित छु, विद्यमान छु, यसलाई नदेखेर नबुझीकन मानिसहरु नाना प्रकारका द्रव्यहरु अथवा सामग्रीले अरू जीवको अपमान गर्दै मेरो मूर्ति बनाएर अर्चना गर्दछ उसको यस अर्चनाबाट मलाई प्रसन्नता हुँदैन।

कुलार्णव तन्त्र भन्दछ- आत्मज्ञानीलाई सर्वत्र नै ब्रह्म दर्शन हुन्छ।

दत्तात्रेयजी सम्झाउनु हुन्छ-

**तीर्थे दाने जपे यज्ञे काष्ठे पापाण के सदा।**

**शिवं पश्यति मूढात्मा शिव देहे प्रतिष्ठितः ॥**

केवल मूढले परमात्मालाई व्यक्ति तीर्थ, दान, जप, यज्ञ, काठ एवं पत्थरमा देख्दछ। शिव त आफ्नो देहभित्र नै प्रतिष्ठित हुनुहुन्छ, यस्तो अवस्था उसले देख्न सक्दैन।

**आत्म तीर्थं समुत्सृज्य वहिस्तीर्थानि यो व्रजेत्।**

**करस्थं स महारत्न त्यकता काचं निमार्गते ॥**

जसले आफूभित्रको आत्मतीर्थलाई छोडेर बाहिरको तीर्थको भ्रमण गर्दछ, ऊ आफ्नो हातको अमूल्य मणिलाई फ्याँकेर काँचको टुक्राको पछि लागे जस्तै हो।

आत्मतीर्थको सम्बन्धमा भगवान् शंकर पार्वतीलाई बताउनुहुन्छ-

**इदं तीर्थ मिदंतीर्थं भ्रमन्तितमासा जना।**

**आत्मतीर्थ न जानन्तिकर्थ मोक्ष वरानने ॥**

हे पार्वती ! तामसिक (पशुभाव) मानिस यो तीर्थ, त्यो तीर्थ भनेर यताउता घुमिरहन्छ, परन्तु जबसम्म आत्मतीर्थको ज्ञान हुँदैन तबसम्म मोक्ष कहाँ प्राप्त हुन्छ ?

वेदव्यासजीलाई पनि अठार पुराण लेखेपछि जब उनलाई सत्य ज्ञानको आभास हुन गयो, उनलाई धेरै पश्चात्ताप भयो र निम्न पङ्क्तिहरुद्वारा उनले परमात्मासित क्षमायाचना गरे-

**रुपं रप विवर्जितस्य भक्तो यत् ध्यानेन कल्पितम्।**

**स्तुत्याऽनिर्वचनीयता खिलगुरो दूरीकृत यन्मया ॥**

**व्यापितं च निराकृतं भगवतो यत्तीर्थयात्रादिना।**

**क्षन्तव्यं जगदीशो तद् विकलता दोष त्रयं मत्कृतम् ॥**

हे जगदीश ! हजुरको त कुनै रूपै छ, यस्तो अरूपको मैले ध्यानबाट कल्पना गरेर अनेकानेक रूप दिएँ। फेरि हजुरको स्वरूपको वर्णन गर्न कुनै शब्द नै छैन। यस्तो अनामलाई मैले अनेक प्रकारका स्तुतिबाट बद्ध गरिदिएँ। यति मात्र होइन, मैले तीर्थ महात्म्य लेखेर हजुको सर्वव्यापकतालाई पनि निराकृत गरेँ। हे प्रभो ! मेरा यी तीन अपराधलाई क्षमा गरिदिनुहोस्। विकलता वृत्ति चल्नाले यस्तो हुन गयो।

पछि आएर व्यासजीले भन्नु पऱ्यो-

**अष्टादश पुरांणेषु व्यासस्य वचनं द्वयम्।**

**परोपकार पूण्याय पापाय परपीड़नम् ॥**

मबाट रचित अठार पुराणहरुमा सार वस्तु केवल दुई छन् -परोपकार गर्नु पूण्य हो र अरूलाई कष्ट पुऱ्याउनु पाप।

**कण कणमा गोरख जगाऔँ**
**रोट महोत्सव सफल पारौँ।**

# महाप्रतीक्षाको घडीले ईश्वर जन्माउँछ

मैले सुनेको छु कि महर्षि कश्यपकी श्रीमतीको ठूलो आकांक्षा थियो कि एक यस्तो पुत्र प्राप्त होस् जो महासत्व होस् ।

उनलाई साधारण छोराको अपेक्षा थिएन । ऋषि कश्यपकी पत्नी थिइन्- स्वभावत: साधारण पुत्रको अपेक्षा किन नै गर्दछिन् ? कमसे कम कश्यप जस्तो त होस् ।

कश्यपभन्दा ठूलो होस् यस्तो आकांक्षा थियो । महासत्व होस्, बोधिसत्व होस् । उनले धेरै प्रार्थना गरिन् । उनको नाम विनीत थियो । उनलाई एउटा डिम्ब दिइयो कि त्यसबाट महासत्व सन्तान उत्पन्न हुनेछ ।

तर उनी अति हैरान भइन् । जस्तो नियमले भन्दछ कि नौ महिनामा बच्चा जन्मन्छ, तर नौ महिना त के वर्षौं बित्दा पनि बच्चाको त कुनै अत्तो पत्तो भएन ।

उनी साह्रै आत्तिइन् । उनी हतारमा थिइन् कि बच्चा हुनुपर्दछ । बच्चा हुने दिन नजिक आएपछि उनले डिम्बलाई फोडे । बच्चा निस्किए तर आधा निस्किए ।

जो बच्चा जन्मिए पुराणमा उनैको नाम अरूण हो । जो पछि सूर्यको सारथी बने ।

जब अरूण जन्मिए उनले धेरै रिसाएर आफ्नी आमालाई भने कि तपाईँ महासत्व सन्तान चाहनु हुन्छ, तर महाप्रतीक्षा गर्ने तपाईँको कुशलता र क्षमता छैन । तपाईँले बीचैमा अण्डा फोडिदिनु भयो । म अहिले त आधा मात्र विकसित भएको छु ।

आमाले भनिन्- प्रतीक्षा गरेँ, वर्षौं बित्यो ।

पुत्रले भन्यो- तब त महासत्व सन्तानको आशा गर्न हुँदैनथ्यो । साधारण बच्चा चाहने हो भने नौ महिनामा नै मिल्न सक्थ्यो । महासत्व चाहिन्छ भने महाप्रतीक्षा गर्नु पर्दछ ।

शिष्य त हतारमा हुन्छ । उसलाई त लाग्दो होला- अहिले होस्, कसैले दिन्छ भने झंझट नै खतम । तिमीलाई रस छैन खोजीको । गुरुलाई थाहा छ कि खोजमा रस यति धेरै हुन जाओस् कि तिमीले यति भन्न सकोस् अब प्राप्त नभए पनि चल्छ, खोज नै यति रसपूर्ण छ कि कसले चिन्ता गर्ला कि त्यसै दिन प्राप्त हुनुपर्दछ । यस कुराको तिमीले हेक्का राख्नु, सदा स्मरण गर्नू ।

म फेरि दोहोर्‍याउँछु कि जुन दिन तिमीले भन्न सक्नेछौ कि अब तिमी जान, ईश्वरको प्राप्ति होस्, नहोस् यसमा हामीलाई चिन्ता छैन । तर खोजी नै यति आनन्दपूर्ण छ भने हजुर लुक्दै गर्नुहोस्, हामी खोज्दै रहौँला ।

यस्तो मनोदशा भयो भने त्यसै दिन खोज व्यर्थ हुन जान्छ, त्यसै दिन लुक्नुको कुनै अर्थ रहने छैन । जब खोज नै मिलनको आनन्द बन्न गयो भने र जब मार्ग नै लक्ष्य हो भन्ने महसुस हुन गयो भने तब त लक्ष्य लुक्न सक्दैन, त्यसैदिन मिलन घट्दछ- यसका लागि महाप्रतीक्षा चाहिन्छ ।

एउटा अनन्त प्रतीक्षा चाहिन्छ, सतत् प्रतीक्षा चाहिन्छ ।

## भावपूर्ण श्रद्धाञ्जलि

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै विन्ती गरून् झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो ।
राजा, रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥



जन्म : २००५/०८/१३

स्वर्गारोहण : २०८१/०५/२७

(स्व. सुभद्रा बजिमय)

**बसुन्धरा आश्रममा गुरुकार्य गर्ने रेश्मा बजिमयकी ममतामयी आमा सुभद्रा बजिमयको असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जलि अ.र्पण गर्दै मिति २०८२ भाद्र शुक्ल पक्षको १६ गते १ वर्षको पूण्य तिथिमा दिवंगत आत्मालाई चिरशान्ति प्राप्त होस् भनी परमपूज्य सद्गुरुदेवहरू श्री श्री महायोगी गुरु गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको श्रीचरणकमलमा सभक्ति प्रार्थना गर्दछौं ।**

**सिद्धाश्रम शक्ति केन्द्र**



# गोरखाको यात्रा संस्मरण

वि.सं. २०८१ जेठमा गोकर्णेश्वर नगरपालिकाले ज्येष्ठ नागरिकलाई गोरखा भ्रमण गराउने कार्यक्रम राखेको थियो । एघार दर्जन बढी तीर्थयात्रीसँगको यात्रा त्यति सहज त थिएन । त्यसका बाबजुद केही तथ्य उजागर गर्ने प्रयास गरेको छु। देशमा घरभन्दा बढी मठ मन्दिर छन् । गोकर्णेश्वर शिव सर्जक स्वयं ब्रह्माजीले स्थापना गरेको चर्चा छ पुराणहरूमा । गोकर्णेश्वर शिवकै नामले नगरपालिका छ । पंक्तिकार भने मठ-मन्दिरको दर्शनपछि गोरखा, गोरखा दरबार, गोरखकाली, गुरु गोरखनाथ र मनकामना समेतको अध्ययनमा सरिक भयो ।

बाटो पनि सहज थिएन, झन्डै १ सय ५० किलोमिटर दूरीको यात्रामा १२ घण्टा बढी समय लागेको हो । बेलुकी बत्ती नहुनु र बिहान नुहाउन पानी नहुनु सायद देशैभरकै रोग होला, जुन धेरै ठाउँमा भोगियो । देशैभरि भत्के टुटेका भग्नावशेष भेटिनु राष्ट्रिय समस्या हो, जुन यात्रामा पनि देखियो । अहिले सिंहदरबार र नयाँ सडकको जुहारी छ, त्यतिबेला बाइसी र चौबीसीहरूको जुहारी अनि काठमाडौँमै पनि थरिथरिका राजा रजौटाले राज/विराज गरेको इतिहास साक्षी छ । गोरखाबाट सूत्रपात भएको एकीकरण र वीर रसको इतिहास सन् १८१६ को सुगौली सन्धिपछि भक्तिरसमा परिणत भएको हो । जसको श्रेय पनि गण्डकीकै भानुभक्तलाई जान्छ रामायणमार्फत् ।

काठमाडौँमा मल्ल शासकहरूकी इष्टदेवी तलेजु भवानी हुन्, भक्तपुर र हनुमानढोकामा अहिलेसम्म छन् । गोरखा, शाहवंशका इष्टदेव गुरु गोरखनाथ, गोरखकाली र मनकामना हुन् । गोरखाको गोरखा दरबारमा नाथ सम्प्रदायका सिद्ध गुरु गोरखनाथको गुफा छ, ढोका बाहिरबाटै दर्शन गरिन्छ । गुरु गोरखनाथका गुरु भने महायोगी मत्स्येन्द्रनाथ हुन्, काठमाडौंमा सेतो र पाटनमा रातो मत्स्येन्द्रनाथ छन् । भोटो देखाउने जात्रासँग सम्बन्ध रातो मत्स्येन्द्रनाथको जात्रा देश, अझ भनौं संसारकै लामो जात्रा हो वैशाखदेखि असारसम्म चलिरहन्छ । पहिले गोरखाको शासनसत्ता गुरु गोरखनाथकै प्रेरणाबाट सञ्चालित हुन्थ्यो । गोरखा जिल्लाको नाम उनैको कारणबाट रहेको हो। एकपल्ट गोरखनाथ साँझको बेला लमजुङ पुगे, खीर वितरण भइरहेको रहेछ, द्रव्यशाहको गोठमा । द्रव्य शाहले उनलाई पनि खीर खुवाए। आफू बिदा हुँदा उनलाई गोरखाका राजा हुने आशीर्वाद पनि दिए ।

गोरखा दरबार निर्माण गर्ने श्रेय रामशाहलाई जान्छ, जहाँ पृथ्वीनारायण शाह जन्मेका थिए। छ, सात वर्षको बाल्यकालमा गोरखनाथले पृथ्वी नारायणलाई दुई हात थाप्न लगाए, उनले मुखबाट केही ओकलिदिए, पृथ्वी नारायणले घिनाएर त्यो नखाई खुट्टातिर खसाले। खाएको भए वाक सिद्धि हुने थियो, जे बोल्यो त्यो पूरा हुन्थ्यो। खुट्टामा परेकाले तिमीले टेकेको भूमि तिम्रै हुनेछ भनिदिए। गोरखनाथ दरबारमा हरेक पूर्णिमामा एक पाथी चामलको पिठोको रोठ बनाई गोरखनाथलाई चढाउने गरिन्छ अहिले पनि। गोरखा सदरमुकाम गोरखाको माथि डाँडामा ऐतिहासिक दरबार छ । यसै दरबार परिसरमा महाशक्ति गोरखकाली माता रहनु भएको छ । रामशाहले हरेक दिन बिहान उहाँको दर्शनपछि मात्रै राजकाजको काम शुरु गर्थे। सिँढी चढेर उकालो लाग्दै गर्दा बाटैमा रामशाह चौतारो छ, यही चौतारोमा बसेर राजा रामशाहले न्याय निसाफ गर्थे । यहाँबाटै ‘न्याय नपाए गोरखा जानू’ भन्ने उखान चलेको हो ।

बालबालिकाले कान सुनेनन् भने यहाँका कानदेवताको दर्शन गराउने चलन छ अहिले पनि । माथि डाँडामा राम शाहले बनाएको ढुंगैढुंगाको दरबार छ, उभिनु भएका श्रीगणेश हुनुहुन्छ, डाँडाबाट चारैतिर हेर्न सकिन्छ, पर्यटकीय नगरी नै हो यो क्षेत्र । दरबारको सानो कोठामा देवी गोरखकालीलाई राखिएको छ, चतुर्भुजा छ रूप, कालीलाई हरेक अष्टमी र नवरात्रिमा मात्र यहाँ राखिन्छ र उनलाई त्यहाँ लाने ल्याउने गर्दा उत्तर ढोकाको प्रयोग हुन्छ, पूर्व ढोकाबाट भक्तहरूले दर्शन गर्ने गर्छन्, ढोका बन्द नै हुन्छ । अगाडिको चोकमा ध्यानमा मग्न रहेका साधकहरूको भीड नै देखिने गर्छ ।

दरबारको माथिल्लो तलालाई कैलाश भनिन्छ र देवीलाई त्यहीं राखिन्छ । यहाँ अर्याल थरका ब्राह्मणहरूले पूजा गर्ने गरेका

छन् । प्रसिद्ध शक्तिपीठ हुन् गोरखकाली । हाल त्यहाँ उपल्लोकोट, बज्र भैरवथान, चण्डीथान, सिद्धपाइला, हनुमान भन्ज्याङ, श्रीविद्या मन्दिर, चौघेरा दरबार, रोटपाटी, शीतल पाटी, नगरापाटी, गणेश मन्दिर, गोरखनाथ गुफा, पशुपतिनाथ, गुजेश्वरी, पण्डित पाटी, मूल दरबार, रंगमहल धेरै विषयको अवलोकन गर्न सकिन्छ र केही तल गुरु गोरखनाथको गुफा छ ।

गोरखाको प्रसिद्ध अर्को पीठ हो मनकामना देवी । गोरखाबाट खैरेनी आउँदा सीधै सवारीबाट मनकामना पुग्ने सडक बाटो छ । पहिलेजस्तो खैरेनीबाट हैं हैं गर्दै पसिना काढ्दै जानु पर्दैन, कुरिनटारबाट केवलकार सहज छ । केवलकारको श्रेय देशकै पहिलो केवलकार सञ्चालन गराउने श्रेय स्व. लक्ष्मण बाबु श्रेष्ठलाई जान्छ, अहिले पनि छ त्यो । अहिले नजिकै मौलाकालीलगायत अरू पनि धेरै केवलकार छन् र धेरै नै लामो म्याग्दी मुक्तिनाथसम्मको अवधारणा पनि आएको छ, विदेशतिर त यस्ता धेरै हुन्छन् ।

उहिले दानव भस्मासुरले शिवजीसँग वर माग्यो, जसको शिरमा हात राख्छु, ऊ भस्म हुने भनेर । शिवजीकै शिरमा हात राख्न खोज्दा देवी लक्ष्मीले बचाउनु भयो । संकटमोचन भएका शिवले मनले चिताएको कुरा पुगोस् भन्ने शक्ति दिनुभयो । लक्ष्मीको नाम मनकामना भयो । उहाँले अंशस्वरूप भई रामशाहकी रानीमा प्रवेश गरिन् । राम शाहको मृत्यु हुँदा उनी सती गइन् । सती जानुपूर्व उनले लखन थापालाई भनिन्- मेरो मृत्यपछि दूध र रगत बग्ने शिलामा प्रविष्ट हुन्छु भनेर । हाल मन्दिर भएको ठाउँमा शिला उत्पन्न भयो, यिनै शिलालाई मनकामनाको रूपमा पूजा गरिन्छ, मन्दिर पछि बनेको हो । लखन थापाका पछिल्ला पुस्ताले पूजा चलाएका छन् अहिलेसम्म ।

मन्दिरमा इन्द्र, बराह, विष्णु, कुमार, शिव, सरस्वती, दुर्गा, इन्द्रायणी, बाराही, लक्ष्मी, कुमारीका मूर्तिहरू छन् । गर्भगृहमा मनकामना, दायाँ, बायाँ गणेश र भैरवका मूर्तिहरू छन् । गणेशका छेउको शिलालाई कुमारी र पछाडि चामुण्डा देवीको रूपमा पूजा गरिन्छ, पश्चिममा बेतालको मूर्ति छ । मनकामनाको स्तुति यस्ता छः हे देवी, मनले चिताएको कुरा पुऱ्याइदेऊ, देवी अम्बिका बारबार नमन छ । यहाँ तान्त्रिक विधिले पूजा हुन्छ । बिहानको नित्य पूजामा चन्दन, अक्षता, काँचो नरिवल, अबीर, फल फूलहरू, धूप, बत्ती, नैवेद्य अर्पण हुन्छ भने तान्त्रिक विधिले पूजा सकेपछि बलि दिइन्छ । बडादसैंमा गोरखकाली मन्दिरबाट फूलपाती र टीका मनकामनामा ल्याउने गरिन्छ ।

**-अच्युतप्रसाद पौडेल 'चिन्तन'**




## गुरुकार्यको दिव्य अवसर



**यदि तपाईँ नेपाली टाइप, पेज लेआउट, रंगीन डिजाइन, प्रोग्रामिङ, वेब डिजाइन, नेटवर्क, भिडियो सम्पादन, एनिमेसन आदिजस्ता कार्यहरु गर्न सक्षम हुनुहुन्छ भने तपाईँका लागि गुरुकार्य गर्ने यो एउटा अद्वितीय अवसर हुन सक्छ। तपाईँले गर्नुभएको सानो योगदानले पनि हजारौँ मानिसहरुसमक्ष सद्गुरुदेवहरूको सन्देश पुग्न सक्छ। तसर्थ, गुरुकार्यरूपी महान् साधना गर्दै आफ्नो सीपलाई सदुपयोग गर्न चाहनुहुन्छ भने आउनुहोस्, हामी तपाईँलाई अवसर दिन्छौँ। सीप, ज्ञान र समर्पण तपाईँको, आशीर्वाद परमपूज्य सद्गुरुदेवको। विस्तृत जानकारीको लागि–**

**प्रकाशन युनिट**

**सिद्धाश्रम शक्ति केन्द्र, बसुन्धरा**

**फोनः ०१-४९९०१५४**




पूजन

# महामृत्युञ्जय पूजन



महर्षि दधीचिले जंगलमा गएर लामो समयसम्म महामृत्युञ्जय भगवान्को पूजा, आराधना, साधना गरेर नै आफ्नो शरीरलाई वज्रसमान बनाउनुभएको थियो जसको प्रभावले सम्पूर्ण देवीदेवताहरूबाट प्रहार भएका शस्त्रअस्त्रहरूबाट पनि कुनै प्रभाव परेको थिएन र विश्व कल्याणको लागि उहाँको हड्डीबाट नै इन्द्रले वज्र बनाएर युद्धमा विजय प्राप्त गरेका थिए ।

यस्ता परम हितकारी भगवान् महामृत्युञ्जयको आराधना गरेर निश्चय नै जीवनलाई रोगरहित, दूषित भावनारहित बनाउन सकिन्छ । काम, क्रोध, लोभ, मोह, इर्ष्या, द्वेषजस्ता मलिन वासनाहरूबाट मुक्ति प्राप्त गर्नको लागि महामृत्युञ्जयको पूजा, आराधना सजिलो उपाय हो ।

सर्वप्रथम स्नान, सन्ध्यादि गरी शुद्ध पवित्र भएर आफ्नो पूजन स्थानमा पूर्व वा उत्तरतर्फ फर्केर बस्नुहोस् । गुरु पूजन, गणेश पूजन गरी अगाडि पारद शिवलिङ्ग वा शिव प्रतिमा स्थापना गरेपछि हातमा फूल लिएर ध्यान गर्नुहोस् ।

*ॐ त्र्यंबकं यजामहे सुगन्धिं पुष्टिवर्द्धनम् उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय माऽमृतात् ॐ त्र्यंबकं यजामहे सद्योजाताय वै नमो नमः (आसनं समर्पयामि)*

*ॐ त्र्यंबकं यजामहे भवे भवेनाति भव भवस्वमाम् । (पाद्यं समर्पयामि)*

*ॐ त्र्यंबकं यजामहे भवोद्भवाय नमः । (अर्घ्यं समर्पयामि)*

*ॐ ॐ त्र्यंबकं यजामह वामदेवाय नमः । (स्नानं समर्पयामि)*

निम्न मंत्रबाट तर्पण गर्नुहोस्–

*ॐ भव देवं तर्पयामि ।*

*ॐ शर्वं देवं तर्पयामि ।*

*ॐ ईशान देवं तर्पयामि ।*

*ॐ रुद्र देवं तर्पयामि ।*

*ॐ उग्र देवं तर्पयामि ।*

*ॐ भीमं देवं तर्पयामि ।*

*ॐ महान्त देवं तर्पयामि ।*

*ॐ मृत्युंजय महारुद्र त्राहिमां शरणागतम् ।*

*जन्म मृत्यु जराव्याधिपीडितं कर्मबन्धनैः ॥ श्री महामृत्युञ्जय स्वरूपिणं साम्ब शिवं तर्पयामि ।*

*ॐ त्र्यंबकं यजामहे ज्येष्ठाय नमः*

(आचमनीयं समर्पयामि)

अब मह चढाउनुहोस्-

*ॐ त्र्यंबकं यजामहे श्रेष्ठाय नमो रुद्राय नमः ।*

अब अगरबत्ती, धूप आदि बालेर निम्न मन्त्र भन्नुहोस्-

*ॐ त्र्यंबकं यजामहे कालाय नमः ।*

फेरि निम्न मन्त्र उच्चारण गर्दै अक्षता र पुष्प चढाउनुहोस्-

*ॐ त्र्यंबकं यजामहे कल विकरणाय नमो बल विकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः ।*

अब निम्न मन्त्र भन्दै धूप, दीप अर्पण गर्नुहोस्-

*ॐ त्र्यंबकं यजामहे सर्व भूतदमनाय नमः । (धूपं समर्पयामि)*

*ॐ त्र्यंबकं यजामहे मनोन्मनाय नमः । (दीपं दर्शयामि)*

*ॐ त्र्यंबकं यजामहे भवोद्भवाय नमः । (नैवेद्यं आचमनीयं समर्पयामि)*

यसपछि आरती गर्नुहोस् फेरि आचमानीमा जल लिएर निम्न मन्त्र उच्चारण गर्दै छाड्नुहोस्-

*अनेन मृत्युञ्जय शिव पूजनेन भगवान् साम्ब सदाशिवः प्रीतयाम् ।*

अब पाँचपटक *ॐ नमः शिवाय*को उच्चारण गर्दै क्षमा प्रार्थना गर्नुहोस् ।

*मृत्युञ्जय महारुद्र त्राहि मां शरणागतम् । जन्म मृत्युजराव्याधिपीडितं कर्म बन्धनैः । यदक्षरपद भ्रष्टं मात्राहीनं च यद् भवेत । तत्सर्वं क्षम्यतां देव प्रसीद परमेश्वर ॥ अन्यथा शरणं नास्ति त्वमेव शरणं मम । तस्मात् कारुण्यभावेन रक्ष रक्ष महेश्वर ॥*

# नवनाथ स्तोत्रम्



नवनाथहरूको कृपा आशीर्वाद सहज र सरल रूपबाट प्राप्त गर्नको लागि नवनाथ स्तोत्र आफैमा दिव्य स्तोत्र मानिन्छ । नौजनै नाथहरूको कृपा, आशीर्वाद एकैपटक प्राप्त गर्न सकिने यस स्तोत्रलाई दुर्लभ स्तोत्रको रूपमा लिने गरिन्छ । प्रत्येक नवनाथहरूको लागि केही गर्न सकिएन भने पनि यस स्तोत्रको पाठ गरेर मानिसहरूले उहाँहरूको कृपा, आशीर्वाद प्राप्त गर्न सक्दछन् ।

सामान्य व्यक्तिहरूलाई दुर्लभ मानिने 'नवनाथस्त्रोत्रम्' अर्थसहित चर्चा गरिएको छ ।

**आदेशवस्तुविषयः सुरसिद्धलक्ष्यो**
**यश्चैकनाथ इह सन्नवमूर्ति-पूर्तिः ।**
**सर्वोपरि प्रतिपलं वरिवर्ति कुर्वे**
**कायेन तस्य मनसा वचसा प्रणामम् ॥**

जो आदेश वस्तुको विषय छ, त्यो सुर, नर, सिद्धहरूको लक्ष्य हो र एक मात्र नाथ ब्रह्मा भएर नवनाथको नवमूर्तिहरूको पूर्ति भएको छ ।

एकोऽहं बहु स्यां प्रजायेय, यस्तो इच्छा शक्तिबाट नवनाथको रूपमा अवतरित भएर पनि जो सर्वदा सर्वोपरि वर्तमान छ, यस्ता श्रीनाथको मनसा वाचा कायेन प्रणाम आदेशको रूपमा नमन गर्दछु ।

**मोहान्धकारविचलन्मनसो मनुष्याः**
**स्वच्वोन्झितानपि परम्परयोपदेष्टुम् ।**
**तत्त्वं विमुक्तय उताकृत योगशास्त्र-**
**मादेश एतु मम तत्र य आदिनाथः ॥**

तत्त्वले वञ्चित, मोहान्धकारबाट विचलित मन भएका किंकर्त्तव्यविमूढ मनुष्यलाई पनि मुक्तिको लागि गुरु परम्पराबाट तत्त्वको उपदेश दिनको लागि योगशास्त्र बनाउने आदिनाथ भगवान्लाई मेरो ॐ नमो आदेशको प्रणाम बारम्बार पुगोस् ।

**यो ह्यादिनाथ उत राघवमत्स्जन्मा**
**मत्स्येन्द्रनाथ इति योगकभोगवृत्तिः ।**
**विस्मापयन्नखिलसिद्धसुरांश्च जात**
**आदेश एतु मम तत्र पवित्रमूर्तौ ॥**

भगवान् आदिनाथ नै स्वयं राघव मत्स्यबाट जन्मनुभएको हो । उहाँ नै अखिल सिद्ध एवं देव, दानव, मानवलाई विस्मित गर्दै योग र भोगवृत्ति हुनुभयो । यस्ता पवित्र मूर्ति अद्वितीय व्यक्तित्वमा मेरो ॐ नमो आदेश जाओस् ।

**यो ह्यादिनाथ उत भोगभरं विहाय**
**योगं सतत्त्वमुदय क्रमतो निनाय ।**
**नाम्ना श्रुतोऽस्त्युदयनाथ इति श्रित श्री**
**रादेश एतु मम तत्र पवित्रमूर्तौ ।**

स्वयं आदिनाथ नै भोग भारलाई त्याग गरी क्रमशः सत्त्व योगको उदयमा लाग्नुभयो अर्थात् योगको उदय गर्नुभयो र उदयनाथको नामबाट विश्वप्रसिद्ध हुनुभयो । श्री लक्ष्मीले जसको आश्रय लिनुहुन्छ, साथै अष्टसिद्धि, नवनिधिलाई जसले आश्रय दिनुहुन्छ, यस्ता पवित्र मूर्तिमा मेरो ॐ नम आदेश सदैव पुगोस् ।

**यश्चाप्यनेकभवभूतगणान् कृपातः**
**पात्वातिपीडितहृदः किल कालदण्डात् ।**
**तद्दुर्लभामरपदं स सुखं निनाय**
**यद्दण्डनाथ इति सिद्धगणप्रसिद्धः ॥**

जो आदिकाल कालको दण्डको भयबाट अति पीडितलाई कृपा गर्नुहुन्छ, जो विशाल हृदयशाली हुनुहुन्छ, अनेक संसारका भूत प्राणीगणलाई सुरक्षित राखी दुर्लभ अमर पदसम्म सुखपूर्वक लैजाने हुनुहुन्छ, जो दण्डनाथको नामबाट सिद्धगण एवं गन्धर्व, साक्ष्य, यक्ष, किन्नर, आदित्य, विश्वदेव, वसु आदि देवगणमा प्रसिद्ध हुनुहुन्छ, उनै पवित्र मूर्तिमा मेरो ॐ नम आदेश पुगोस् ।

**आत्मानमेव सकले य उपादिदेशा**
**त्मन्येव नित्य रमणं किल यस्य यस्मात् ।**
**सत्यप्रवाहक इतो नहि सत्यमन्यत्**
**सत्य स्वरूपइह यत् किल सत्यनाथः ॥**

जो आदिनाथ नै सत्यनाथको रूपमा सकल चराचरमा आत्माको नित्य रमण गर्ने एवं सम्पूर्णलाई आदेश एवं उपदेश गर्ने स्वात्माराम हुनुहुन्छ, 'नहि स्वात्मारामं विषय मृगतृष्णा भ्रमयति' अर्थात् जो सत्य प्रवाहक, संसारमा सत्यको सन्देशवाहक एवं सत्य व्यवहारको प्रवाह चलाउने हुनुहुन्छ, जसभन्दा पर सत्य छैन, जो सत्यस्वरूप हुनुहुन्छ, यसैले सत्यनाथको नामबाट प्रसिद्ध हुनुहुन्छ, यस्ता पवित्र मूर्तिमा मेरो ॐ नम आदेश सदैव पुगोस् ।

**सत्यस्वरूपकतया सततं ह्यसंग**
**एकान्तिकोपि सततं स्वमुखे पराख्ये ।**
**सन्तोषमादधयं प्रससाद यस्मात्**
**सन्तोषनाथ इति गीयत ईड्यनामा ॥**

जो आदिनाथ नै सत्यनाथीय सत्यस्वरूप हुनु हुनाले सदा असङ्ग एवं एकान्तप्रिय, ऐकान्तिक भएर पनि परोख्य स्वसुखमा सन्तोष धारण गर्दै सदासर्वदा प्रसन्न रहनुहुन्छ, जसको महिमा सन्तोषनाथको नामबाट गाइन्छ, यस्ता पवित्र मूर्तिमा मेरो ॐ नम आदेश सदैव पुगोस् ।

**कूर्माभिधानमुपलक्षणमादधानो**
**भूमीमधोभुवनमप्यवतीह यस्मात् ।**
**यः कूर्मनाथ इति शर्मकरो जनाना-**
**मादेश एतु मम तत्र पवित्रमूर्तौ**

कूर्म नामको उपलक्षण धारण गर्दै सत्व पातालसहित भूमिको भार धारण गर्ने र सबै प्रकारका संरक्षण प्रदान गर्ने, समस्त जनतालाई सुख दिने र कूर्मनाथको नामबाट प्रसिद्ध हुनुभएका त्यस्ता पवित्र मूर्तिमा मेरो सदैव ॐ नम आदेश पुगोस् ।

**पुण्यात्मनां विजयतां (त्रिजगतां) किल भुक्ति-मुक्ति**
**दाने पुनः परमतत्त्वनिदेशनाय**
**प्रावर्ततानुगुणयोगमयानुभूतिः**
**येनोत्तमा स च जलन्धरनाथनामा ।**

जो आदिनाथ भगवान् नै तीन लोकका विजयी पुण्यात्माहरूलाई भुक्ति मुक्ति दिनको लागि, पुनश्चः परम तत्त्वको उपदेश दिनको लागि प्रवृत्त हुनुभयो र अनुगुण योगमय उत्तम अनुभूति जसमा प्रवृत्त भएको छ, यस्ता व्यक्तित्व नै जालन्धरनाथको नामबाट प्रसिद्ध हुनुहुन्छ, यस्ता पवित्र मूर्तिमा मेरो ॐ नम आदेश सदैव जाओस् ।

**सर्वे क्षयेण रहिता विहिताश्च येन**
**ये चेतना हि गुणरूपविलक्षणत्वात् ।**
**गोरक्षनाथ इति यः कथितोहि यस्मा-**
**दादेश एतु मम तत्र पवित्रमूर्तौ ॥**

जो आदिनाथ शिवले नै गुरु गोरक्षनाथको रूपमा अवतरित भई सबै क्षयरोगी एवं मर्त्यधर्मा मरणशीलहरूलाई योगामृतबाट अजर-अमर गरिदिनुभयो, विलक्षण गुण रूपका धनी शिव गोरक्षले नै समस्त प्राणीहरूलाई आफैजस्तै विलक्षण गुण रूपयुक्त बनाउनु भयो र जड वस्तुलाई चेतना दिई चेतनयुक्त बनाउनुभयो, क्षय-प्रलय-कालबाट सबैको रक्षा गर्ने नवनाथ शिव नै गोरक्षनाथको रूपमा पूजित हुनुहुन्छ, यस्ता अद्वितीय पवित्र मूर्तिमा मेरो ॐ नम आदेश सदैव पुगोस् ।

**नवनाथनुर्तिं सततं रुचिरां, पठतिह जनः परमादरतः ।**

**परितोषमुपेत्य स नाथ इतः प्रददाति मनोरथमात्मसुखम् ॥**

जो व्यक्ति यस सुन्दर-रुचि र नवनाथ स्तुतिको परम आदरले निरन्तर पाठ गर्दछन्, उनीहरूबाट नवनाथ प्रसन्न भई उनीहरूको मनोरथ पूर्ण गर्दै उनीहरूलाई आत्मसुख प्रदान गर्नुहुन्छ ।

॥ इति श्रीनवनाथस्तोत्रम् ॥

कविता

# जन्म र मृत्युको चक्र

जन्मेका थियौँ मनुष्य भई दुई मुठ्ठी कसेर
जानेछौ एकदिन मृत्युको काखमा त्यै मुठ्ठी खोलेर
दुई हात जोडी प्रार्थना गरी धर्तीमा आएथ्यौँ
जन्मिना साथै च्यां च्यां रुँदा सब वाचा भुलेछौँ
आमाको न्यानो काखमा बसी स्तनपान गरेको
सन्तानको खातिर पसिना बगाई कांध थाप्ने बाबाको
न सक्छौं तिर्न दूधको भारा न सक्छौँ बोझ थाम्न
माता र पिता भगवान् हुन् हाम्रा सबैले यै जान
चेतनशील प्राणी बनेर आयौँ चेतना जगाऔँ
सत्कर्म गरी सत्मार्ग हिडौँ यो जीवन सुधारौँ
नलिऔँ हामीले मनमा कैले रीस द्वेष अभिमान
क्वै छैनन् यहाँ उँच र निच सबै हुन् एक समान
सुन र चाँदी हिरा र मोती क्यै होइन धन पनि
मरेर एकदिन जानु नै पर्छ लाँदैनन् क्यै पनि
जन्मदा सबले भाग्य लिई आ'थे कर्म लिई जानेछन्
खुब प्यारो लाग्ने परिवार-जनले क्षणभरमै भुल्नेछन्
घाटसम्म जान्छन् छोरा र नाती संगी र छिमेकी
सकिन्छ सबै छोराको कर्म दागबत्ती दिएसी
मनले जपौँ प्रभुको नाम हातले गरौँ दान
पाउले पुगौँ हरिको धाम पार लाउने उनै हुन् ।

–मधुकुमारी रायमाझी

कविता

# हाम्रो गुरुधाम

दीयो बत्ती बाली मनको मैलो फाली
गुरु कृपालाई राख्छौँ सम्हाली ।।
आऊ गोरख आऊ आऊ निखिल आऊ
शिष्यहरुको निको पार मनको घाउ ।
गोरख जगाऔँ निखिल जगाऔँ
दीयो बत्ती बाली
हाम्रो गुरुधाम- सिद्धाश्रम नाम
यो नाम भन्दा माथि छैन अर्को नाम ।।

-साधिका दुर्गा पोखरेल

# मेरा गुरु ज्ञानी

ध्यान योग साधना र करुणाका खानी
शिष्यको अज्ञानलाई हटाइदिने मेरा गुरु ज्ञानी
सपनीमा आएर ज्ञान अर्ति सिकाई जानी
सिद्धाश्रमका प्राणाधार मेरा गुरु ज्ञानी
दुःख पीडा हटाई शिष्य पार लगाई जानी
प्रेम भक्ति सिकाई दिनु मेरा गुरु ज्ञानी
महिमा तिम्रो गाई नसक्ने शेष शारदाले जानी
ब्रह्मा विष्णु महेश रुप मेरा गुरु ज्ञानी
माया मोहले डुबेको म त छु अज्ञानी
प्रेम भक्ति शक्ति दिनु मेरा गुरु ज्ञानी
तिम्रो यादमा तड्पिदा गुरु भड्किने मेरो बानी
गोरख निखिलको हुन पाऊँ सधैँ मेरा गुरु ज्ञानी ।
अस्तु ।

-नारायण अर्याल



# शिव ताण्डव स्तोत्र

जटाटवीगलज्जलप्रवाहपावितस्थले
गलेऽवलम्ब्य लम्बितां भुजङ्गतुङ्गमालिकाम् ।
डमड्डमड्डमड्डमन्निनादवड्डमर्वयं
चकार चण्डताण्डवं तनोतु नः शिवः शिवम् ॥१॥

जटाकटाहसम्भ्रमभ्रमन्निलिम्पनिर्झरी
विलोलवीचिवल्लरीविराजमानमूर्द्धनि ।
धगद्धगद्धगज्ज्वलल्ललाटपट्टपावके
किशोरचन्द्रशेखरे रतिः प्रतिक्षणं मम ॥२॥

धराधरेन्द्रनन्दिनीविलासबन्धुबन्धुर-
स्फुरद्दिगन्तसन्ततिप्रमोदमानमानसे ।
कृपाकटाक्षधोरणीनिरुद्धदुर्धरापदि
क्वचिद्दिगम्बरे मनो विनोदमेतु वस्तुनि ॥३॥

जटाभुजङ्गपिङ्गलस्फुरत्फणामणिप्रभा-
कदम्बकुङ्कुमद्रवप्रलिप्तदिग्वधूमुखे ।
मदान्धसिन्धुरस्फुरत्त्वगुत्तरीयमेदुरे
मनो विनोदमद्भुतं बिभर्तु भूतभर्तरि ॥४॥

सहस्रलोचनप्रभृत्यशेषलेखशेखर-
प्रसूनधूलिधोरणीविधूसराङ्घ्रिपीठभूः ।
भुजङ्गराजमालया निबद्धजाटजूटकः
श्रियै चिराय जायतां चकोरबन्धुशेखरः ॥५॥

ललाटचत्वरज्वलद्धञ्जयस्फुलिङ्गभा-
निपीतपञ्चसायकं नमन्निलिम्पनायकम् ।
सुधामयूखलेखया विराजमानशेखरं
महाकपालि सम्पदे शिरो जटालमस्तु नः ॥६॥

करालभालपट्टिकाधगद्धगद्धगज्ज्वल-
द्धनञ्जयाहुतीकृतप्रचण्डपञ्चसायके ।
धराधरेन्द्रनन्दिनीकुचाग्रचित्रपत्रक
प्रकल्पनैकशिल्पिनि त्रिलोचने रतिमर्म ॥७॥

नवीनमेघमण्डलीनिरुद्धदुर्धरस्फुर-
त्कुहूनिशीथिनीतमः प्रबन्धबद्धकन्धरः ।
निलिम्पनिर्झरीधरस्तनोतु कृत्तिसिन्धुरः
कलानिधानबन्धुरः श्रियं जगद्धुरन्धरः ॥८॥

प्रफुल्लनीलपङ्कजप्रपञ्चकालिमप्रभा-
वलम्बिकण्ठकन्दलीरुचिप्रबद्धकन्धरम् ।
स्मरच्छिदं पुरच्छिदं भवच्छिदं मखच्छिदं
गजच्छिदान्धकच्छिदं तमन्तकच्छिदं भजे ॥९॥

अखर्वसर्वमङ्गलाकलाकदम्बमञ्जरी-
रसप्रवाहमाधुरीविजृम्भणामधुव्रतम् ।
स्मरान्तकं पुरान्तकं भवान्तकं मखांतकं
गजान्तकान्धकान्तकं तमन्तकान्तकं भजे ॥१०॥
जयत्वदभ्रविभ्रमभ्रमद्भुजङ्गमश्वस-
द्विनिर्गमत्क्रमस्फुरत्करालभालहव्यवाट् ।
धिमिद्धिमिद्धिमिद्ध्वनन्मृदङ्गतुङ्गमङ्गल
ध्वनिक्रमप्रवर्तितप्रचण्डताण्डवः शिवः ॥११॥


दृषद्विचित्रतल्पयोर्भुजङ्गमौक्तिकस्रजो-
र्गरिष्ठरत्नलोष्ठयोः सुहृद्विपक्षपक्षयोः ।
तृणारविन्दचक्षुषोः प्रजामहीमहेन्द्रयोः
समप्रवृत्तिकः कदा सदाशिवं भजाम्यहम् ॥१२॥

कदानिलिम्पनिर्झरीनिकुञ्जकोटरे वसन्
विमुक्तदुर्मतिः सदा शिरःस्थमञ्जलिं वहन् ।
विलोललोललोचनो ललामभाललग्नकः
शिवेति मन्त्रमुच्चरन् कदा सुखी भवाम्यहम् ॥१३॥

इमं हि नित्यमेवमुक्तमुत्तमोत्तमं स्तवं
पठन्स्मरन्ब्रुवन्नरो विशुद्धिमेति सन्ततम् ।
हरे गुरौ सुभक्तिमाशु याति नान्यथा गतिं
विमोहनं हि देहिनां सुशङ्करस्य चिन्तनम् ॥१४॥

पूजावसानसमये दशवक्त्रगीतं
यः शम्भुपूजनपरं पठति प्रदोषे ।
तस्य स्थिरां रथगजेन्द्रतुरङ्गयुक्तां
लक्ष्मीं सदैव सुमुखीं प्रददाति शम्भुः ॥१५॥
इति श्रीरावणकृतं शिवताण्डवस्तोत्रं सम्पूर्णम् ।

# भकुण्डेवेसीका गुरु गोरक्षनाथ



सद्गुरु गोरक्षनाथ बाबा
मकवानपुर पालुङ्ग

काभ्रे जिल्लाको भकुण्डेवेसीमा रहेको ओंकारेश्वर गोरक्षधाम आकर्षणको केन्द्र रहँदै आएको छ । युग परिवर्तनको प्रतीकस्वरूप मानिने धुनीबेसी धार्केमा, शिखरकोट पालुङमा र नेपालथोक कुशेश्वरमा गोरक्षधाम निर्माण सम्पन्न भएको छ । गोरक्षधाम धार्केबाट धर्तीको ऊर्जा प्रवाह हुने, गोरक्षधाम पालुङबाट वायु ऊर्जा प्रवाह हुने र गोरक्षधाम कुशेश्वरबाट सौर्य ऊर्जा प्रवाह हुने विश्वास गरिन्छ । भकुण्डेवेसीमा अवस्थित ओंकारेश्वर गोरक्षधामले चाहिँ सूर्यभन्दा माथि रहेको धुलोकको ब्रह्म-चेतन ऊर्जा एकत्रित गरी सम्पूर्ण मानवको बुद्धि तत्त्व शुद्धिकरण गर्दछ । यी शिखर शैलीका शिव-गोरक्ष मन्दिर हरुको अलौकिक ऊर्जाले सम्पूर्ण मानवहरुको चेतनामा शुद्धिकरण ल्याएर विश्वशान्ति स्थापना गर्नेछ भन्ने विश्वास रहेको पाइन्छ ।

विश्वशान्तिका लागि सम्पूर्ण मानवहरुको उद्गमस्थल नेपालमा नै दैवी ऊर्जाहरु शुद्धिकरण गर्नुपर्ने हुन्छ । यही अपरिहार्यतालाई महसुस गरी यहाँ शिव गोरक्षधाम निर्माण गरिएको स्थानीयहरु बताउनुहुन्छ । पाँचखाल आदिश्वरनाथमा अर्धनारेश्वर ऊर्जा चलायमान रहेको र यहाँबाट शिव र शिवा (मातृशक्ति) को थालनी भएको मानिन्छ । राजशक्ति संचालनको लागि गोरखामा शिव-गोरक्ष मन्दिर निर्माण हुँदैछ भने सम्पूर्ण दैवी ऊर्जा संचय गर्नको लागि रुद्राक्षभूमि भोजपुरमा शिव-गोरक्षधामको संकल्प गरिएको छ ।

पृथ्वीमा पहिलोपटक ॐ ध्वनि यसै ठाउँमा तरंगित भएकोले यहाँ शिखर शैलीको शिव-गोरक्षधाम निर्माण गर्नु परेको भनिन्छ । ६४ वटै शिवलिङ्ग यही हिमवत्खण्ड नेपालमा प्रकट भएका हुन् । महर्षि विश्वामित्रले कुशेश्वर धाममा बसी पवित्र गायत्री मन्त्रको रचना गर्नुभएको थियो, महर्षि वशिष्ठले देवघाटमा बसेर महामृत्युञ्जय मन्त्रको रचना गर्नुभएको हो तर यस कुराको जानकारी कमैलाई मात्र छ ।

पोखराको पुम्दीभुम्दी डाँडामा गुरु गोरखनाथ साक्षात् प्रकट भई पृथ्वीनारायण शाहलाई 'तिम्रा एघार पुस्ताले शासन गरून्' भन्नु भएको थियो । स्मरण गर्नुपर्ने छ कि सूर्यचन्द्र अंकित झण्डाको अलौकिक ऊर्जाले मात्र नेपालमा शान्ति र समृद्धि स्थापना हुनेछ ।

गुरु गोरखनाथको कृपा, आशीर्वाद प्राप्त गरी त्रेतायुग आगमनको प्रतीकस्वरूप ३ ठाउँमा शिव गोरक्षधाम निर्माण गरिएको हो । चेतनामा परिवर्तन हुनु हो, प्रकृति, वातावरण र समयमा परिवर्तन युग परिवर्तनका लागि आवश्यक हुन्छन् । विश्व वाष्पिकरण, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र धर्मयुद्ध हुनु यसका ज्वलन्त उदाहरणहरु मानिन्छन्, सूर्यको ऊर्जा १२ बाट बढेर ७२ किरण भएको छ, चन्द्रमाको ऊर्जा ८ बाट ३६ किरण भएको छ । शनिग्रहको बाहिरी घेराहरु पनि लोप हुँदैछन् । फलस्वरूप पृथ्वीको चुम्बकीय तरङ्गहरुमा उथलपुथल आउँदैछ । मानिसहरुमा बडो वेचैनी पैदा हुनेछ, यसबेला इन्टरनेटले पनि काम गर्न सक्ने छैन । विक्रम सम्वत् २०७७ साल मङ्सिर उत्पत्तिका एकादशीका दिनदेखि विधिवत्रूपमा कलियुग अन्त्य भई त्रेतायुगको आगमन भैसकेको मानिएको पाइन्छ । अहिले भने संक्रमणकाल हो । सत्य-त्रेता, द्वापर र कलियुग गरेर युग चार वटा भनिएता पनि कार्यशैली र परिणामको हिसाबले युग ३ वटा मात्र हुन्छन् । सत्य युग चाहिँ सोच हो- ब्रह्म चेतन तत्त्व हो । त्यही भएर सत्ययुगलाई काल गणनाभित्र राखिँदैन । जसरी मेष राशिदेखि सूर्य घुम्दै गएर पुनः मेष राशिमा प्रवेश गर्न ३ सय ५४ दिन लाग्छ र यो अवस्थालाई एक वर्ष भनिन्छ, त्यसैगरी सप्तर्षि तारा मण्डलले २७ वटै नक्षत्रलाई एक चक्कर लगाउन २ हजार ७ सय वर्ष लाग्दछ जसलाई एक युग भनिन्छ । यो गणना चाहिँ विशुद्ध वैदिक ज्योतिष (गोरखनाथ पात्रो ) अनुसार हो ।

पुण्यभूमि नेपालको दमौलीमा जन्मनु भएका कृष्ण द्वैपायन (महर्षि वेद व्यास) ले ४ वेद १८ पुराण को रचना गर्नुभयो । स्मरण रहोस्, सम्पूर्ण साहित्य, धर्मग्रन्थ र वैज्ञानिक आविस्कारहरुको मुख्य स्रोत भनेकै वेद हो । शिव र शक्तिको उपासना गर्ने, प्रकृति पूजक, गुरु गोरखनाथको ध्यान गर्ने, नवग्रह-नवनाथ र नव मातृशक्तिहरुको आराधना गर्नेहरु सबै वैदिक हुन् । शिवलिङ्ग र नाग राजाको पूजा गर्ने, अष्टचिरञ्जिवी र सप्तर्षिहरुको सुमिरण गर्ने सबै उदार हृदयका छन् । योग, ध्यान, ज्योतिष, आयुर्वेद, वास्तुशास्त्र (फेङ्गसुई), जस्ता वैदिक ज्ञानको अनुशरण गर्ने वैदिक कहलिन्छन् । अनि सबै धार्मिक सम्प्रदायहरुले यी सबैको पूजा, आराधना गर्छन् । पुकार्ने शब्द र गर्ने तरिका मात्र फरक हो । बरु प्रेम र करुणा बाँड्नु र सम्पूर्ण प्राणी-मानव, वेद र प्रकृतिको रक्षा गर्नु चाहिँ सबैको मुख्य धर्म (कर्तव्य ) हो । देवत्वहरुले वेद र प्रकृति रक्षा गर्दछन् । वेद र वैदिक संस्कार लाई लत्याउनु भनेको सम्पूर्ण मानव सभ्यता नै संकटमा पर्नु हो । त्यही भएर अहिले संसार भरका मानिसहरु ज्ञानको खोजीमा नेपाल धाउँदैछन् । अतः गोरख अधिराज्य नेपाल नै वैदिक सनातन भूमि हो, सम्पूर्ण धार्मिक सम्प्रदायहरुको सुन्दर फूलबारी हो । विश्वको राजमुकुट र अन्तिम गन्तव्य स्थल देवभूमि पनि नेपाल नै हो ।

यो देवभूमि, वेदभूमि, ऋषिमुनिहरूको तपोभूमि यो शिवगोरक्ष राष्ट्रलाई चिन्ने प्रयास गर्नु सबैको दायित्व हो । विश्वमा शान्ति स्थापना गर्नको लागि बाबा गोरखनाथको कल्कि अवतार यही पुण्यभूमि नेपालमा हुँदैछ । अर्को महत्त्वपूर्ण कुरा के हो भने पवित्र कैलाश पर्वतबाट प्रकट भएका ४ नदीहरु ब्रह्मपुत्र, कर्णाली, सतलज र इन्दु नदीहरुले बनाएको भौगोलिक सीमाना नै गोरख अधिराज्य नेपाल हो । नेपाल भूमिको इतिहास अति प्राचीनतम् भएकोले र विभिन्न कालखण्डमा दैवी ऊर्जा प्रकट भएकोले पनि नेपाललाई धेरै नामहरुले पुकारिन्छ । जस्तो कि सत्यवती, मुक्तिदायिनी, मुक्ति सोपान, शैवभूमी, हिमवत्खण्ड, वैकुण्ठधाम (मुक्ति क्षेत्र- पाशुपत क्षेत्र), किराँत राज्य, गोर्खा साम्राज्य, अयोध्या (युद्ध नहुने भूमि), तन्त्र भूमि, तपोभूमि, सिद्धभूमि, देवभूमि, वेदभूमि आदि इत्यादि । प्राचीन नेपालका चक्रवर्ती राजा भरतको भूमि भएकोले पनि नेपाललाई 'भारत' भनिएको हो र हालको इन्डियालाई भारत खण्ड अर्थात् भरत राजाको उपनिवेश भनिएको हो । अझ संस्कृतमा 'भा' को अर्थ ज्ञान र 'रत' भनेको ज्योति/लिप्त हुनु भन्ने अर्थ हुन्छ । ४ वेद १८ पुराण नै यही पवित्र भूमिमा रचना भएकोले नेपाललाई वेदभूमि अर्थात् 'भारत' भनिएको हो ।



# lqj]0fL wfd

मन्दिर परिचय



नुवाकोट जिल्ला पञ्चकन्या गाउँपालिका वडा नं. ५ तथा शिवपुरी गाउँपालिका वडा नं. ६ र ७ मा त्रिवेणी धाम अवस्थित छ। समुन्द्री सतहबाट करिब ७ सय ३० मिटर उचाईमा रहेको यस ठाउँमा काठमाडौंबाट शिवपुरी राष्ट्रिय निकुञ्ज हुँदै २५ किमि (उत्तर) पुग्न सकिन्छ। यो ठाउँ नुवाकोटको सदरमुकाम विदुरबाट २७ किमि पूर्वमा र मेलम्चीबाट ३५ किमि पश्चिममा पर्दछ। यो धाम उत्तरी अक्षांश र पूर्वी देशान्तरमा फैलिएको छ। काठमाडौंबाट करिब २५ किमि उत्तरमा रहेको यस धाम सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाबाट ३५ किमि पश्चिममा र नुवाकोटको सदरमुकाम विदुरबाट करिब २० किमि पूर्वमा रहेको धाम नेपालको मध्य पहाडी लोकमार्गमा पर्ने हुनाले देशको कुनै पनि भू-भागबाट सहजै पुग्न सकिन्छ।

यस जिल्लाको पाटी भञ्ज्याङमा रहेको शिवपुरी राष्ट्रिय निकुञ्ज हुँदै दक्षिणतिर बग्ने शिवमती खोला, शिवपुरी गाउँ पालिकाको वडा नं. ६ र ७ बाट उत्तरतिर बग्ने सत्यावती खोला र पञ्चकन्या गाउँपालिकाको पञ्चकन्या



मन्दिर छेउमा रहेको इन्द्रेणी झरना हुँदै दक्षिणतिर बग्ने कन्यावती खोलाको संगम स्थान नै त्रिवेणी धाम हो। हिन्दु धर्मावलम्बीहरुको पवित्र घाटहरुमा देवघाट, प्रयाग, वराह क्षेत्र, वेत्रावती पर्दछन्। ती घाटहरु भौतिकरूपमा दोभान नै हुन्।

त्रिवेणी धाममा कात्तिक शुक्ल पक्षको हरिबोधिनी एकादशीको दिन ठूलो मेला लाग्दछ। भक्तजनहरुले नारायण पूजा गरी ल्याएको तोरण त्रिवेणी धामको खोलामा टाङ्ने गर्दछन् र स्नान गरी पुण्य प्राप्त गर्दछन्। यस स्थानमा पौष कृष्ण पक्षको औंशीको दिनमा आफ्ना पितृहरुको नाममा तीर्थ श्राद्ध गर्दछन्। त्यसै गरी माघे सङ्क्रान्तिको दिनमा स्नान (मकर स्नान) गरी भक्तजनहरूले पुण्य प्राप्त गर्दछन्।

यस धाममा रहेको राधाकृष्ण मन्दिरमा श्रीकृष्ण जन्माष्टमीको रात विशेष पूजा गरी श्रीकृष्णको आराधना गरिन्छ र भोलिपल्ट श्रीकृष्ण भगवान्को रथयात्रा गरी विभिन्न स्थानहरुमा परिक्रमा गरिन्छ। त्यसैगरी बालाचतुर्दशी, शिवरात्रि, हरितालिका तीज, साउने सोमबारका दिनहरूमा पनि भक्तजनहरुको मेला लाग्दछ र पूजा, आराधना गरिन्छ। यस धाममा रहेको भजन घरमा हरेक शनिबार भजनकीर्तन हुन्छ।

यस स्थानमा जलेश्वर महादेव, खड्कुलेश्वर महादेव, राधाकृष्ण मन्दिर, १०८ शिवलिङ्ग पनि स्थापना गरिएको छ। ज्येष्ठ नागरिक आश्रम, क्रियापुत्री भवन, धर्मशाला पनि निर्माण गरिएको छ।

यस धाममा २०८१ वैशाख २८ गते अक्षय तृतीयाको दिनदेखि श्रीकृष्ण तीर्थस्थल वेद विद्याश्रम गुरुकुलको स्थापना गरी पठन पाठन संचालन गरिएको छ। देशका विभिन्न जिल्लाहरुबाट वटुकहरु आएर गुरुकुलमा अध्ययन गरिरहेका छन्।





यस त्रिवेणी धामलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्नको लागि नुवाकोट जिल्लामा रहेका देवीघाट, दुप्चेश्वर महादेव र त्रिवेणी धामलाई एकीकृत तीर्थस्थलको रूपमा विकास गर्ने काम भइरहेको छ। यसले गर्दा देश विदेशबाट धार्मिक तीर्थयात्रीहरुको आगमनले यस क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको रोजगारी र आय आर्जनमा वृद्धि गर्न टेवा पुगेको पाइन्छ।



यस धामको गुरु योजनाअनुसार निर्माण कार्यको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहयोग प्राप्त भइरहेको छ। धामको वृहत्तर विकास निर्माणको लागि स्थानीय राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी र सर्वसाधारणहरुले निरन्तर सहयोग गरिरहेका छन्।

धार्मिक र सांस्कृतिक आस्था भएको यस त्रिवेणी धामको बारेमा प्रयागराजका पाण्डा (पण्डित) हरु पनि जानकार छन्। त्यहाँ पवित्र त्रिवेणी धाम हुँदाहुँदै किन यहाँ आएको भनेर प्रतिप्रश्न गर्दछन्। यहाँ भारतको प्रयागको बराबर पुण्य मिल्दछ।



यस क्षेत्रको वरपर खड्कुले पोखरी, तीनसुर्की अनेरी दह र झरनाको मनमोहकताले पौडीवाजहरुको आकर्षणको केन्द्र हो भने स्थानीय वरपर र काठमाडौं झोर, टोखा, बूढानीलकण्ठलगायतका ठाँउहरुबाट पिकनिक (वनभोज) का लागि मानिसहरु यहाँ आउँदछन् र यहाँको स्वच्छ, हराभरा र मनोरम दृश्यको अवलोकन गर्दछन्। साथै, त्रिवेणीघाटसँगै अर्गानिक फर्मको रूपमा टनेलबाट बेमौसमी तरकारी खेतीको समेत शुरुआतसँगै मत्स्यपालनको समेत अवलोकन हुन सक्नेछ।

यस ऐतिहासिक धार्मिक तीर्थस्थलको संरक्षण, आफ्नो धर्म-संस्कृतिको रक्षा र गुरुकुलीय परम्परालाई निरन्तरता दिनको लागि विश्वको जुनसुकै ठाउँमा बस्नुभएका भक्तजन र संघसंस्थाहरूमा यस धाममा सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ।

यस त्रिवेणीधामको उल्लेख स्कन्दपुराणको हिमवत् खण्डमा भएता पनि यसको सुधार र प्रचारको अभावले गर्दा ओझेलमा परेको छ। यस धामको सुधार, विस्तार र प्रचारप्रसार गर्नका लागि अघिल्लो स्थानीय नेतृत्वहरुबाट केही पहल भएका छन्। नेतृत्वले गुरु योजना तयारी भइरहेको छ। उक्त गुरु योजनालाई सार्थकता दिन सुधार समिति गठन भएको छ। यस समितिबाट मात्रै गुरु योजना तयार

गर्न नसकिने हुँदा स्थानीय सरकारसँग समन्वय गरेर र प्रादेशिक र संघीय सरकारलाई ध्यान आकर्षण गराई सहयोगी मन, संघ संस्थाहरुको ध्यान खिच्न स्थानीय शिक्षक, युवा, बुद्धिजीवी र ज्येष्ठ नागरिकहरुको अहं भूमिका यस ठाउँले खोजेको छ। गुरु योजनाअनुसार धाममा पाटीहरुको निर्माण, चिताको निर्माण, खड्कुलेश्वर महादेव मन्दिर निर्माण, राधाकृष्ण मन्दिरको निर्माण, क्रियापुत्री घर, ज्येष्ठ नागरिक आश्रम, अत्याधुनिक धार्मिक पुस्तकालय, धर्मशाला आदिको निर्माणलाई समितिले प्राथमिकतामा राखेको छ। यस धामको प्रचारप्रसार गरी तीर्थयात्रीको संख्यामा वृद्धि गर्ने समितिको लक्ष्य रहेको छ ।

स्रोत संकलन तथा लेखन :



**लक्ष्मण राज थापा**
शिवपुरी-६, समुन्द्रादेवी



**मधुसुदन सिटौला**
पञ्चकन्या-५, भद्रटार



**समुन्द्रा देवी**

(गतांकको मन्दिर परिचय सामग्रीमा समुन्द्रा देवीको तस्विर हुनुपर्नेमा अन्यथा पर्न गएकोमा क्षमायाचना गर्दछौं । -सं)

# श्रावणका चाडपर्वहरू

| | |
|---|---|
| **श्रावण १ गते** | **तां. बगलामुखी हवन** |
| | स्थान: बगलामुखी मन्दिर, ल.पु.पाटन |
| | **तां. वेदव्यास हवन** |
| | व्यास गुफा प्रांगण दमौली, तनहूँ |
| | साउने मेला शुरु, थारु गुरिया पर्व |
| **श्रावण २ गते** | गोरखकाली पूजा |
| **श्रावण ३ गते** | **तां. बाघ भैरव हवन** |
| | स्थान : बाघभैरव मन्दिर, कीर्तिपुर |
| **श्रावण ५ गते** | **दिव्य गुरु महोत्सव** |
| | स्थान : बसुन्धरा आश्रमलगायत |
| | **श्री शिव गोरक्ष हवन** |
| | **स्थान** : पशुपति मृगस्थली, गोरक्षपीठ |
| | उपत्यका बाहिर- कास्की, चितवन |
| | कामिका एकादशी |
| **श्रावण ६ गते** | **तां. बटुक भैरव हवन** |
| | स्थान: बटुक भैरव मन्दिर, लगनखेल |
| | **तां. गणपति हवन** |
| | स्थान : सूर्यविनायक मन्दिर, भ.पु. |
| **श्रावण ७ गते** | **तां. महालक्ष्मी हवन** |
| | स्थान : महालक्ष्मी मन्दिर, ल.पु. |
| | **तां. विन्ध्यवासिनी हवन** |
| | स्थान: विन्ध्यवासिनी मन्दिर, पोखरा |
| | घण्टाकर्ण चतुर्दशी (गठामुग: चह्रे) |
| **श्रावण ११ गते** | वराह जयन्ती |
| **श्रावण १२ गते** | **श्री शिव गोरक्ष हवन** |
| | **स्थान** : वनकाली, पशुपति, गोरक्षपीठ |
| **श्रावण १३ गते** | नाग पञ्चमी, टौदह, धापाखेल मेला |
| **श्रावण १४ गते** | कल्कि जयन्ती |
| **श्रावण १५ गते** | खिर खाने दिन, तुलसीदास जयन्ती |
| **श्रावण १९ गते** | **श्री शिव गोरक्ष हवन** |
| | **स्थान** : थापाथली गोरक्षपीठ |
| **श्रावण २० गते** | पुत्रदा एकादशी |
| **श्रावण २६ गते** | **गोरक्ष प्रकट दिवस, ऋषितर्पणी, जनै पूर्णिमा** |
| | स्थान : बसुन्धरा आश्रमलगायत |
| **श्रावण २६ गते** | **तां. भगवान् शिव हवन** |
| | स्थान : कोलमतेश्वर मन्दिर, थली |
| **श्रावण ३१ गते** | **तां. विष्णुदेवी हवन** |
| | स्थान : विष्णुदेवी मन्दिर, तीनथाना |
| | श्रीकृष्ण जन्माष्टमी |

**प्रत्येक वृहस्पतिबार बिहान १० बजे- गुरु पूजन,**
**प्रत्येक दिन साँझ ५ बजे- आरती**

## हार्दिक श्रद्धाञ्जलि

जन्म :
वि.सं. २००३
आषाढ ४



स्वर्गारोहण :
वि.सं. २०८२
आषाढ २०

(स्व. मथुरा वस्नेत)

सिद्धाश्रम शक्ति केन्द्र सुकुटे र सिमलटार आश्रमका संयोजक माधव वस्नेतकी ममतामयी आमा तथा आश्रमकी सक्रिय साधिका अनिता वस्नेतकी सासु आमा **श्री मथुरा वस्नेतज्यू**को असामयिक निथनप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक-सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं, साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै दिव्य लोक प्राप्त होस् भनी परमपूज्य सद्गुरुदेवहरू श्री श्री महायोगी गुरू गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको श्रीचरणकमलमा सभक्ति प्रार्थना गर्दछौं ।

**सिद्धाश्रम शक्ति केन्द्र**
**नेपाल**

## हार्दिक श्रद्धाञ्जलि

जन्म :
वि.सं. १९९७
मंसिर



स्वर्गारोहण :
वि.सं. २०८२
आषाढ २१

(स्व. लक्षिमा देवी रेग्मी)

सिद्धाश्रम शक्ति केन्द्र बसुन्धराकी संयोजक साधिका ज्ञानु रेग्मीका ममतामयी सासु आमा **श्री लक्षिमा देवी रेग्मीज्यू**को असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक-सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं, साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै दिव्य लोक प्राप्त होस् भनी परमपूज्य सदगुरुदेवहरु श्री श्री महायोगी गुरु गोरखनाथ एवं परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराजको श्रीचरणकमलमा सभक्ति प्रार्थना गर्दछौं ।

**सिद्धाश्रम शक्ति केन्द्र नेपाल**

# भक्त विसोबा सराफ

**नलिनीदलगतजलमतितरलं**
**तद्वज्जीवितमतिशयचपलम् ।**
**क्षणमपि सज्जनसङ्गतिरेका भवति**
**भवार्णवतरणे नौका ॥**

–मोहमुद्गर

कति चञ्चल र कति क्षणभङ्गुर छ यो मानिसको जीन्दगी । कमलको पातबाट पानी पोखिन बेर लाग्छ, तर यो जान बेर लाग्दैन। आँखा चिम्लँदा यहाँ बटुलिएको सारा कुन्नि कता अलप हुने हो, तैपनि यस मरूमरिचिकालाई पछ्याउने हुँदा हामी सबै हैरान हुन पुगेका छौं। अँध्यारो घर भित्र लूटमार मच्चिएको छ, त्यस घोर अन्धकारमा आफ्ना हात पनि देखिँदैनन् । ढोकामा उभिएको कोही चिच्याएर कराउँदछ- बाहिर ढोका खोल ! सूर्य उदाइसकेको छ ! उज्यालोमा आऊ ! तर कोठाभित्र यत्रो कोलाहल भइरहेको छ- बाहिरको आवाज कोही सुन्नै सक्दैन । यो हो हाम्रो भयंकर दिव्या शक्ति !' संसारिक मोह निद्राबाट मुक्त तथा भगवद् भावनामा जागेर सन्त यस संसारका जीवहरुमाथि दया लागेर बेला बेलामा उनीहरुलाई जगाई रहन्छन्, 'ब्यूँझ हे, नर ब्यूँझ रे' गाउँदै ढोका ढोकामा पुगी उनी जगाउँदछन्, तर ब्यूँझन कसलाई के खाँचो ! सबका सब मोहनिद्रामा सुत्दाको आनन्द दिन समर्थ छ । भगवान्को जस्तै भक्तहरुको चिन्तन पनि जन्म-जन्मान्तरको कल्मष मेटाएर चिरशान्ति र शाश्वत आनन्द दिन तयार छ । त्यसैले सज्जनहरुको एकछिनको सङ्गत पनि संसार सागरबाट पार लगाउने सक्षम नाउ हो भनी भगवान् शंकराचार्यले यसै आशयले 'मोहमुद्गर'मा भन्नुभएको छ । सन्तहरुको संगत दुवै किसिमले हुन्छ । उनीहरुको नगीच रहनाले र उनीहरुको गुण सम्झनाले अर्थात् गुण-स्मरणले ।

महाराष्ट्रमा भक्तिपुरी तुकारामको पण्डर पुरसँगै नागथान नामक एक अत्यन्त प्राचीन शिव क्षेत्र छ । त्यो ज्यादै चेतन स्थान हो र भगवान् शंकरका द्वादश ज्योतिर्लिङ्गमध्येको एक हो । विसोबा यहींका बासिन्दा थिए । उनी जातका त यजुर्वेदी ब्राह्मण थिए तर काम गर्दथे सराफीको । त्यसैले उनी विसोबा सराफको नामले प्रसिद्ध भएका थिए । घरमा एउटा सती साध्वी धर्मपत्नी र चार जना छोराहरु थिए । जीवन ज्यादै सरल र सेवा परायण थियो र घरका सबै जना साधु सेवी थिए । व्यवसाय चलाइरहे पनि विसोबाको चित्त सधैं भगवान्मा लागिरहन्थ्यो । उनी एउटा आदर्श गृहस्थ थिए र गार्हस्थको मुख्य कर्तव्य अतिथि सेवा उनलाई प्राणभन्दा प्यारो थियो । पत्नी यति अनुकूल र छोराहरु यति आज्ञाकारी थिए कि खाना पकाइसकेपछि यदि कुनै सन्त महात्मा वा पाहुना आइपुगे भने आ-आफ्नो खाना अभ्यागतलाई खुवाउन र आफू स्वयं भोकै बस्न उनीहरुमा होड चल्दथ्यो । यस्तो होडबाट विसोबालाई धेरै खुसी लाग्थ्यो । यो कदापि होइन कि खाना खुवाईदैमा विसोबालाई सन्तोष हुन्थ्यो । उनी आगन्तुकलाई साक्षात् नारायण संझेर उनको सब किसिमले सेवा गर्दथे र उनको सुख र सुविधामा पूरापूर ध्यान पुऱ्याउँथे । आज स्वयं श्रीहरिले ममाथि कृपा गर्नुभयो उनी सोच्दथे- 'आज जसरी भए पनि यिनको सेवा गरेर जुनीलाई धन्य बनाउनु पर्दछ ।' कुनै पाहुना आउना साथ उनी आफ्नी प्राणप्रिया र बच्चाहरुलाई विस्तारै भन्दथे- 'हेर ! आज स्वयं प्रभु यस रूपमा हाम्रो घरमा पाहुना भएको छ । यिनको पूजा गर र यिनलाई सन्तुष्ट पार' घरमा भएका सबै सेवा गर्न पाउनुलाई आफ्नै सौभाग्य सम्झन्थे ।

एक समयको घटना हो । दक्षिणमा भयंकर अनिकाल पऱ्यो । अन्न प्राय: अप्राप्य हुन आयो । भोकले पीडित नरनारीहरु आएर विसोबाको ढोकामा जय जयकार सुनाउन लागे । स्वयं नारायणले मबाट अन्नको सेवा स्वीकार गर्ने कृपा गरेको हो भन्ने विचार उनी गर्न लागे । जो आए पनि मनग्गे पाउँथ्यो । गोदामका गोदाम रित्तिदै गयो । उनको भए भरको अन्न सिद्धियो । महँगा अन्न किनेर बाँड्न थाले, तर उता अनगिन्ती हूलले दातामाथि धावा बोलेको जस्तो हुन लाग्यो । माग्नेको संख्या दिनहूँ बढ्न लाग्यो र विसोबासँग पैसा पनि निखन लाग्यो । भिखारीहरु होइन होइन, दरिद्र नारायणको घुइँचो रातोदिन द्वारमा पर्खी बस्दथ्यो । आमाको छातीमा दूध नभएता पनि जसरी बालक त्यसलाई चुसिरहन्छ ठीक त्यसै गरी विसोबा निर्धन भइसक्दा पनि अभ्यागतहरुको बाढी थामिएन । घरका भाँडा वर्तन बिकिए, गरगहना बेचिए र सुत्की-बिक्री हुन सकिने जे जे थिए सबै बेचिए । आफ्नो इच्छानुसार अँगालेको दरिद्रताबाट विसोबालाई रत्तिभर ग्लानि भएन । दिल खोलेर दुवै हातले उनी उडाउँदै रहे । र, अन्तमा त्यही भयो जो यस्ता भाग्यमानीहरुलाई हुन्छ । दुनियाँ हाँस्न लागे । लौकिक बुद्धिमान मानिसहरुले भने पनि यस्तो मूर्ख रहेछ यो विसोबा ! नगरको सेठ बनेर बसेको थियो, आज सडकको भिखारी भएको छ । अरे भाइ ! दानको पनि कुनै सीमा हुन्छ । दयाको पनि एउटा हद हुन्छ । यस्तो बौलाहा त कहीं देखिएकै छैन, जो आफ्नो घरको अनाज लुटाओस्, स्वास्नीको गहना यहाँसम्म कि घरका भाँडाहरु पनि बेचेर भिकारीहरुलाई दान दिँदै हिँडोस् । बाटोमा हिँडिरहेको बेला मानिसहरु विसोबोको खिल्ली उडाउँदथे, तर उनी यसलाई प्रभुको प्रसाद ठानेर थाप्लो थाप्थे ।

दुर्भिक्ष गइसकेको थिएन । विसोबाको हृदय मानिसहरुको बढ्दो दुर्दशा देखेर धुरुधुरु रोइरहेको थियो । घरमा अब पैसा थिएन किनेर बाँड्न । परन्तु विसोबा हिम्मत हार्ने जीव थिएनन् । आफ्नो गाउँभन्दा कैयौं कोश टाढा अर्को एक गाउँमा गएर विसोबाले एक पठानसँग कैयौं हजार रूपैँया निकै कडा व्याजदरमा सापटी लिए । पठान विसोबाको पहिलेको अवस्थितिसित मात्र परिचित थियो । विसोबाले तमसुक लेखिदिए । रूपैँया लिएर घरतिर फर्कँदा उसको आनन्दको पारावार रहेन । उनी बाटोमा यति रूपैँयामा कैयौं दिन दरिद्र नारायणको सेवा गर्न सकिनेछ भन्ने सोच्दै आए । सारा रूपैँयाको अन्न किनियो र फेरि बाँड्न थाल्यो । विसोबाको यस निष्ठाले प्रभुको सिंहासन डगमगायो र आफ्ना यस प्यारो भक्तको दर्शन गर्न उहाँ आउनुभयो । कसरी लुकी लुकी कुन कुन वा कस्तो कस्तो वेश लिएर उहाँ आउनुहुन्छ, अपशोच ! उहाँलाई हामी चिन्न सक्तैनौं र उहाँ हाम्रो दैलैदेखि फर्कनुहुन्छ । हाम्रो बेवास्ता र झर्कोफर्कोदेखि उहाँ कहिल्यै उक्ताउनु हुन्न, उहाँ आउनु हुन्छ र फेरि आउनु हुन्छ । बिस्तारै घच्घच्याएर भन्नुहुन्छ- 'ओ मानव ! खोल । आफ्नो हृदयद्वार खोल, म तिमीलाई भेट्न आएको छु । मलाई तिमी नभई वा तिमीलाई नदेखी चैन हुन्न, खोल त ...।' तर अभागी मान्छे प्रभुको यस्तो आतुर वाणी सुनेर पनि नसुने झैं गर्छ- अहो ! यस्तो विधि व्यस्त छ यस प्रपञ्चमा, यति लवलीन छ यस दुनियाँमा ।

प्रभु आउनु भयो । स्वयं हरि पाल्नु भयो, अनि कुन रूपमा नि- त्यो पनि हेर्नुहोस् । 'दाताको जय होस्, जय होस् मालिकको ! सरकार ! धेरै दिनदेखि भोको छु, पेटमा अन्नको एक दाना पनि परेको छैन । कहीं कोही सोधनीसम्म पनि गर्दैनन् । तपाईंको नाम सुनेर आएको हुँ । एक मुठ्ठी अन्न निगाह होस् । भगवान् तपाईंको भलो गरुन् । दाताको जय होस्, नारायण हरि !

भिकारीहरुको भीडमा पछिल्तिरबाट एउटा अति चित्कार आइरहेको थियो । मैलो थाङ्नामा बेरिएको एक नरकंकाल हात उठाएर बडो कष्टसँग दाताको जय होस् ! बोलिरहेको थियो । विसोबाले ऊतिर हेरेर ज्यादै भावपूर्ण हृदयले उसलाई नियाले । चाँडचाडो सबैलाई दिइसकेपछि उसको पालो आयो । त्यो विचरो आफ्नो ठाउँमै उभिएर लड्खडाइरहेको थियो । उसमा हलचल गर्ने शक्ति थिएन । विसोबा ऊ भएको ठाउँमा पुगे । शरीरबाट भयानक दुर्गन्धि आइरहेको थियो । उसलाई बोकेर आफ्नो घरमा ल्याए । मनतातो पानीले उसलाई नुहाई दिए, लुगा फेरिदिए अनि मस्तकमा चन्दनको लेप लगाइदिए । घरमा बन्न सक्ने खानेकुरो बनाई प्रेमपूर्वक उसलाई भोजन गराए । आफ्नै हातले उसका गोडा धोए । स्त्रीले पंखा हम्किन् । भिकारीले पेटभर भोजन गऱ्यो । उहाँलाई यस्तै भोजन विशेष मनपर्छ । उहाँ त भावको भोको हुनुहुन्छ । आज त्रिभुवनका स्वामी भक्तको घरमा भिकारीको भेषमा भोजन गर्न आएछन् । धन्य भक्तको भाग्य ! सच्चा वैष्णव त त्यही हो जसको निमित्त समस्त चराचर जगतमा विष्णु सिवाय अरू कोही रहँदैन । जो जगतका जीवहरुको उपेक्षा गरेर केवल मूर्तिमा मात्र भगवान्लाई केन्द्रित ठान्छ त्यो भक्त कसरी हुन सक्छ र ? कसरी वैष्णव ?

विसोबाको आदर्श- अतिथि प्रेम देखेर भिकारीको रोम-रोम पुलकित भए । उसले गद्गद् भएर भन्यो 'बाबु ! म तिमीलाई के आशीर्वाद दिऊँ ? भगवान् तिम्रो भलो गरुन् !'

"जुधाउने बझाउने मानिसहरु मौका खोजिरहन्छन् र कसैलाई सङ्कट आइपरेको देख्दा उनीहरुलाई आफूले छोरा पाए सरह हर्ष लाग्दछ ।" विसोबाको दानशीलता उनीहरुको लागि असाध्य भयो र छिमेककै गाउँको एउटा पठानसँग ऋण लिई उनी त्यस पटक अन्न बाँडिरहेका थिए भनी गाउँकै केही मानिसहरुले पत्ता लगाए । तब के थियो ? पठान कहाँ गएर उनीहरुले विसोबा टाट पल्टेको बारे झ्याली पिट्न थाले । पठानलाई पनि आफ्नो गल्ती अनुभव भयो र ऊ सोझै विसोबाको घर गएर रूपैँया तिर्न ताकिता गर्न लाग्यो । त्यसबेला विसोबासँग पैसा कहाँ हुनु र तिर्नु ! तैपनि उनले भने- 'पर्खनुहोस् । सात दिनभित्र केही न केही उपाय गरी तपाईंको पैसा तिरुँला ।'

'हुन्न कदापि हुन्न ! म यी सब बहानाहरु सुन्न चाहन्न । मलाई अहिल्यै रूपैँया देऊ वा गाउँको कुनै सम्पन्न मानिसलाई धन जमानी राख ।' -पठानले भन्यो । गाउँमा केही भलाद्मीहरु पनि थिए । तिनलाई प्राण गए पनि विसोबा झूटा बोल्दैनन् भन्ने विश्वास थियो । तिनीहरु आएर सम्झाउँदा पठानले मान्यो ।

६ दिन बितिसके कुनै इन्तजाम मिलाउन सकेनन् । सातौं दिन पनि आयो । विसोबा सोच्न लागे- 'नारायण ! आजसम्म तिमीले मेरो एउटा वचन पनि खेर जान दिएनौ । आज मेरो इज्जत

जाने स्थिति छ। यो मेरो इज्जत होइन, तिम्रै इज्जत हो। हे हरि ! म त तिम्रै बाटो हेरिरहेको छु। तिमी नै मेरा संगी हौ र तिमी नै मेरा जन्म-मरणका साथी हौ। चाहे जेसुकै होस् म तिमीलाई छाडेर कहाँ जाउँ ? यस्तो अलौकिक भाव जुन भक्तमा हुन्छ के भगवान् त्यसको बेवास्ता गर्न सक्नुहुन्छ ? "यस्तो कुन चाहिँ संकट छ, जसबाट भगवान् आफ्ना भक्तको उद्धार गर्न नसकून् ?" के भगवान्ले कहिल्यै आफ्नो कुनै भक्तको बेवास्ता गरेको छ ? "कस्तो अपरम्पार छ उनको लीला। एकै क्षणमा असम्भवलाई सम्भव र सम्भवलाई असम्भव बनाइदिनु उनको लागि एक खेल मात्र हो।"

"घरभित्र बत्ती बाल्दा जसरी झ्यालमा पनि उज्यालो देखिन्छ, मनमा भगवान् प्रकट हुनु भएपछि त्यसै गरी इन्द्रियहरुमा पनि भजनको आनन्द झल्कन्छ।" त्यसदिन विसोबा एकान्तमा बसी बसी प्रभुका नामको स्मरण गरिरहेका थिए। उनका आँखाबाट आँसुधारा लागेका थिए, बोली गद्‌गद् भएको थियो।

भक्तको इज्जत भगवान्‌कै इज्जत हो। भगवान्ले विसोबाको लागि उनकै मुनीमको रूप धारण गरेर पठान कहाँ गएर ठीक किटान भएकै दिन हिसाब किताब गर्ने अनुरोध गरे। पठानको आश्चर्यको सीमा रहेन। दुनियाँमा विसोबालाई कसलै सापटी दियो होला भनी ऊ विचार गर्न थाल्यो तर विसोबाको कारण उसको पत्यार सधैँ रहिआएको छ भनी मुनीमले सुनायो। कैयौँ मानिसहरुको अगाडि हिसाब भयो र मुनीमले कौडी कौडी चुक्ता गऱ्यो।

भोलिपल्ट सबेरै पाठ गर्नलाई श्रीमद्‌भगवद्‌गीताको पुस्तक खोल्दा उसलाई अचम्म लाग्यो- उनले लेखेर दिएको तमसुक फट्टा भई उसको श्रीमद्‌भगवद्‌गीताको पुस्तकभित्र रहेको छ। उनलाई ठूलो आश्चर्य भयो। उनी सीधा पठान भएको ठाउँमा पुगेर आफ्नो असमर्थता बताउन लागे। पठानको समझमा कुरा चढिरहेको थिएन। उसले भन्यो- 'तपाईं मोफतमा किन चिन्ता गर्नुहुन्छ ? हिजै मात्र आएर तपाईंको मुनीमले मेरो हर हिसाब साफ गरी जानुभयो। गाउँका कैयौँ मानिसहरु त्यस समय यहाँ जम्मा भएका थिए। तपत्याए तपाईं तिनीहरुलाई सोध्नुहोस्। गाउँका मानिसहरुको कुरा साँचो हो भनी साक्षी बस्ता पनि विसोबालाई आश्चर्य नै लागिरह्‌यो। उनको समझमा केही आएन। सोझै घर फर्के र आफ्नो मुनीमलाई सोध्न लागे- 'भाइ ! मलाई भ्रममा नराख। ठीक ठीक भन तिमी हिजो पठान कहाँ कुन वखत गयौ र मेरो ऋण कसरी तिरेर आयौ ? मुनीम वाल्ल पऱ्यो। के भन्न सक्तथ्यो ? 'होइन महाराज ! म साँचो बोलिरहेको छु। हजुरका चरणको कसम्। यस विषयमा मलाई केही थाहा छैन। म पठान कहाँ गएकै छैन। विश्वास मान्नुहोस्।' अनि विसोबाका आँखा खुले। एक्कासी उनको मुखबाट निस्क्यो- 'हे दीन बन्धु ! हे दया सागर ! कस्तो विचित्र छ तिम्रो खेल ! मसँग तिमी यो कस्तो खेल खेलिरहेका छौ। म अब म... भन्दाभन्दै गला भरियो र वाक्य बन्द भयो। उनी डाँको छाडी रुन लागे। आफूजस्तो अधमको लागि जुन प्रभुलाई त्यत्रो कष्ट झेल्नु पऱ्यो, तिनलाई छाडेर कता अलमलिनु भन्ने सोची उनी सोझै पण्डरपुर पुगे र त्यहाँ आफ्नो जीवन हरिभजनमा बिताउन लागे। हृदयमा नित्य हरिको ध्यान, मुखमा उनको कीर्तन र कानमा हरिकथाको गुञ्जन रहेको थियो। परम आनन्द मानेर उनैको पूजा गरियोस्, आँखामा उनैको मूर्ति राज भएको होस्, गोडाले उनकै धामको यात्रा गरोस्, जिब्रोमा उनकै चरणामृतको रस बसिरहोस्। खानु परे उनकै प्रसाद मात्र खानु परोस्, साष्टाङ्ग प्रणाम गर्न परे उनैलाई मात्र गर्न परोस्, केवल उनकै भक्तहरुलाई मात्र अँगालो हाल्नु परोस् र एक त के आधा पल पनि उनको सेवा विना व्यर्थमा खेर नजाओस्- यी सर्वश्रेष्ठ धर्म हो। यसैमा विसोबाको सबै समय बित्न लाग्यो।

विसोबा पछि ज्ञानेश्वर मण्डलमा सामेल भए, योगको साधना गर्न थाले र उनको सिद्ध महात्माहरुमा गन्ती हुन लाग्यो। उनी ज्ञानेश्वर महाराजलाई आफ्ना गुरु मान्दथे। एक ठाउँमा उनले लेखेका छन्- 'चाङ्गदेवलाई मुक्ताबाईले अङ्गीकार गरिन् र सोपानदेवले ममाथि दया गर्नुभयो। अब जन्म-मरणको डर रहेन।' ज्ञानेश्वर तथा सोपानदेव दुवैलाई यिनीहरु मान्दथे। यी विसोबा नै भक्त नामदेवका गुरु थिए।

भन ! भक्त र उनका भगवान्‌को जय !



**कण कणमा गोरख जगाऔँ**
**रोट महोत्सव सफल पारौँ।**



# सिद्धाश्रम शक्ति केन्द्रका सम्पर्क कार्यालयहरू

- **गोरखा**, सौरपानी–३ पोखरी,
  फोन: ९७४६०१७९७८, ९७४११२७७४५
- **कास्की**, पो.उ.म.न.पा.-१०, रामघाट,
  फोन: ०६१-५३०७८६
- **सर्लाही**, बरहथवा-७, एस्माली टोल,
  फोन: ०४६-५४००११, ९८५४०३६५७९
- **पाल्पा**, तानसेन, मो: ९८४७०२८१८८
- **ललितपुर**, लगनखेल, मो.नं.९८४९१३७५१७,
- **गोरखा**, बसपार्क, फोन: ०६४-४२०३४८
- **तनहुँ**, दमौली, व्यास गुफा,
  फोन: ०६५-५६१६६२
- **लमजुङ**, बेँसीशहर, भीमसेनटोल, ९८४६१९२१३९
- **भक्तपुर**, सूर्यविनायक न.पा. वडा नं ५ पाञ्चायन मन्दिरसँगै, कटुन्जे, भक्तपुर
  फोन: ०१-६६१९३६०
- **कास्की**, लेखनाथ चोक,
  फोन: ०६१-२२९२००
- **सिन्धुली**, पानी ट्यांकी
  फोन: ९८४४००९३९२ .
- **चितवन**, गौरीगञ्ज ९८४५०८६६५१,
  पुल्चोक ९८५५०५२१०४, ९८५५०६१६२४
- **काठमाडौँ**, पुरानो बानेश्वर, रत्नराज्य मा.वि. स्कुलसँगै
  फो. ०१-४४६४५४६
- **काठमाडौँ**, सिमलटार, मो. ९८५११३६६२५
- **काठमाडौँ**, वासुकिमार्ग, तीनकुने
  मो: ९८४१३४४७१४
- **गोदावरी**, ललितपुर, मो. ९८४१४९१२७३
- **गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम**
  बसुन्धरा, काठमाडौँ,
  फोन नं. ०१-५९०३९०१

# आरती संचालन केन्द्रहरू

- **सानोभऱ्याङ्ग**, स्वयम्भू,काठमाडौँ,मो.९८०८२४६४६७
- **गोंगबुँ**,बानियाँटार,काठमाडौँ, मो: ९८४१०७८६१९
- **नरदेवी**, काठमाडौँ, मो. ९८०३५६३४२९
- **बबरमहल**, काठमाडौँ मो. ९८६०७०१९५२
- **धापाखेल**, मो. ९८४१३३६४६१
- **ठिमी**, मो. ९८४१६२००६२
- **बोडे**, मो. ९८४१४६४५७०
- **मच्छेगाउँ**, सत्यनारायण मन्दिरसँगै मो.९८४३०३३०७२, ९८६११३५१३५, ९८४१८५९८३४
- **तीनथाना**, मो. ९८४१५८१४७५, ९८५१००४८१६
- **कीर्तिपुर**, मो. ०१-४३३५७४८, ९८६०४४२९८४, ९८४१२१०३८३
- **गोरखा दरबार**, गोरखा, मो. ९८४९७०४९७५
- **सुकुटे**, सिन्धुपाल्चोक, मो. ९८६६०४९४८३
- **कास्की**, लामाचौर, ९८४६०३८५४४
- **कास्की**, घार्मी
- **कास्की**, भगवतीटार
- **कास्की**, मालेपाटन मो. : ९८५६०३१७३४
- **कास्की**, खुदी, मो. : ९८४६०२८८४७
- **सुर्खेत**, मो: ९८४४८६०१३२, ९८४८१२०१९१
- **स्याङ्‌जा**, पुतलीबजार
- **सिनामंगल**, काठमाडौँ, मो. ९८४१२४४०६२
- **झापा**, सुरुंगा
- **झापा**, तोपगाछी, मो नं. ९८४९०५३९०७
- **पर्सा**, मधुवन, सथवल, मो. ९८०४२२६८४७
- **थली**, **काठमाडौँ**, मो: ९८४९२७१८१०
- **सुन्दरीजल**, **काठमाडौँ**, मो.९८४१२००१२८, ९८४३७७३६७९
- **शंखु इटे**, धुलीखेल (१२, मो. ९८४३४०८३३२
- **बाह्रबिसे**, मो.: ९८४१९०२६१२, ९८४३१८६२९०
- **चैनपुर**, संखुवासभा मो. : ९८५१०१०१४७

## अन्य सम्पर्क केन्द्रहरू

- **हेटौडा**, मो. ९८४५४००३२७
- **महेन्द्रनगर** मो. ९८५८७७०९६०
- **सिमरा**, मो. ९८६३६५७८२९
- **लोकन्थली**, मो. ९८४९२१४४०४
- **कैलाली** मो. ९८६८५२८७८४



आयुर्वेद

# करी पत्ता

**करी पत्ताबारे आजभोलि धेरैलाई थाहा भइसकेकाो छ । औषधीय प्रयोजनका लागि धेरै प्रयोग भइरहेको यसको फाइदै फाइदाबारे डा. अरूणा उप्रेतीले दिनुभएको अति महत्त्वपूर्ण जानकारी यहाँ प्रस्तुत गरिन्छ ।**

म ५९ वर्षकी भएँ । पढ्दा चस्मा लगाउनुपर्छ तर आँखामा अरू समस्या छैन । मैले अहिलेसम्म आइरन चक्की, क्याल्सियम वा भिटामिन डीका चक्की खाएको छैन । उच्च रक्तचाप र मधुमेहको समस्या आइसकेको छैन । तर, मेरा बाजे, ठूलो दाइ र फुपूका छोरीहरूलाई मधुमेह भएकाले वंशाणुगत रूपमा मलाई पनि हुन सक्ने सम्भावना छ । त्यसैले म खानपान र तौलमा बडो ध्यान दिन्छु । मेरो दैनिक खानपिनमा नछुट्ने एउटा वनस्पति हो– करी पत्ता । यसलाई कतिजनाले मीठा निम पनि भन्छन् । सायद निमको पत्ताको औषधीजन्य गुण हुने तर तीतो नभएकाले यसलाई मीठा निम भनेको हो कि ?

मैले मीठा निमको उपयोगिताबारे थाहा पाएको चाहिँ २००६ मा श्रीलंकाको बसाइँमा हो । श्रीलंकामा प्राय: खानेकुरा पकाउँदा करी पत्ता प्रयोग गरिँदो रहेछ । पहिले पहिले त म तरकारी वा दालमा हालेको पत्ता निकालेर फ्याल्थेँ । सँगै खान बसेकी नर्सले छक्क परेर भनिन्, “यो त एकदम पौष्टिक तत्त्वले भरिपूर्ण हुन्छ । हाम्रो खाना त यो नभइकन पूर्ण नै हुँदैन । हामी यसको नरम पातको अचार पनि बनाउँछौं । रसम (दाल) मा त यो नभई हुँदैन । यसमा रहेका तत्त्वहरूले त रगत बढाउँछ, मधुमेह भएकाहरूलाई पनि उपयोगी हुन्छ । यो त भिटामिन ‘ए’को भण्डार नै हो, अनि किन तिमीले फ्यालेको ? तिमीले त गर्भवतीलाई यो खान प्रेरणा पो दिनुपर्छ ।”

नर्सको कुरा सुनेर मैले अर्को प्लेटमा राखेको पत्ता चपाएँ । ११ वर्षअघिको यो संवादपछि म करी पत्तालाई दिनहुँ खान्छु । घरमा दुईवटा करी पत्ताका बोट छन् । प्रत्येक दिन २-४ वटा पत्ता चपाउँछु । तरकारी बनाउँदा पत्ता हाल्छु नै । पिसेको अचार बनाउँदा हरियो धनियाँसँगै करीपत्ता पनि पिस्छु । लामो सयमका लागि घर बाहिर जाँदा चाहिँ सुकाएको करी पत्ता सँगै लैजान्छु र चपाएर वा धुलो बनाएर तरकारी-दालमा हाल्छु ।

करी पत्ताको बोट सजिलै उम्रने हुनाले साथीभाइहरूलाई घरमा उमार्न करी पत्ताको पाकेको दाना वा सानो बिरुवा नै उपहार पनि दिन्छु । मलाई श्रीलंकाकी नर्सले सिकाएको कुरा अरूलाई पनि भन्छु । यसमा रेसादार पदार्थ, क्याल्सियम, फस्फोरस, भिटामिन ए र फोलिक एसिड पनि हुन्छ । यी सबै कुरा गर्भवती र सुत्केरीका लागि त अति नै जरुरी नै हुन्छ । फोलिक एसिडको प्रयोगले भ्रुणलाई स्वस्थ पार्छ र मेरुदण्ड विकसित नहुने समस्याबाट बच्न मद्दत गर्छ । नेपालमा यस्ता समस्या भएका शिशुहरू कति जन्मिन्छन् भन्ने अनुसन्धान त गरिएको छैन तर धेरै नै देख्छु म ।

करी पत्ता तराईमा जताततै पाइन्छ तर कुनै पनि स्वास्थ्यकर्मीले गर्भवती महिलालाई करीपत्ता टिपेर तरकारीमा हालेर खानू भन्दैनन् । हामी स्वास्थ्यकर्मीले यसको उपयोगिता थाहा पाउन र फैलाउन जरुरी छ । गाईवस्तुलाई करी पत्ता दिने, किनभने करी पत्ता खाएपछि गाई र गोरुको स्वास्थ्य राम्रो हुन्छ रे । यही कुरा मान्छेमा पनि लागू हुन्छ । करी पत्ताले पाचन प्रणालीमा पनि मद्दत गर्ने कुरा अनुसन्धानबाट देखिएको छ । मधुमेह भएकाहरूलाई पनि यसले फाइदा गर्छ । किनभने, यसले शरीरभित्र रहेको हर्मोन ‘इन्सुलिन’को गतिविधिलाई प्रभावित गरेर रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मद्दत गर्छ । अर्को अनुसन्धानले शरीरमा रहेको कोलेस्टेरोल नामक बोसोलाई



कम गर्न मद्दत गर्ने कुरा देखाएको छ । यसको अर्थ हो, मुटुको रोगबाट बच्न पनि मद्दत गर्छ । दक्षिण भारतीय र श्रीलंकाको भोजनमा प्रयोग गरिनुको साथै इन्डोनेसियामा पनि मसलाका रूपमा यसको प्रयोग गरिँदो रहेछ । दक्षिण भारतका कतिपय गाउँहरूमा त मेहदीसँग करी पत्तालाई पिसेर कपालमा लगाउने चलन पनि छ । यसले गर्दा कपालमा चायाँ रहँदैन भन्ने उनीहरू विश्वास गर्छन् । मैले चाहिँ कपालमा करी पत्ता लगाएकी छैन ।

पखाला लागेको बेलामा पनि करी पत्ताको प्रयोग उपयोगी हुन्छ र पातमा रहेको रसायनमा किटाणुसँग लड्ने र संक्रमण कम गर्ने गुण पनि रहेको हुन्छ । यसका लागि करी पत्तालाई पिसेर वा सुकाएर, धूलो बनाएर प्रयोग गर्न सकिन्छ । यसमा रहेको रेसादार पदार्थले कब्जियत कम गराउन पनि मद्दत गर्छ । यसलाई पानीमा उमालेर खाँदा पनि पेटमा रहेको गडबडीलाई सन्चो गर्छ । यसरी पानीमा पकाएर खाँदा अलिकता कागती र बिरे नुन पनि हाल्न सकिन्छ । यसमा रहेको फोलिक एसिड र लौह तत्त्वलाई शरीरमा रगतको मात्रा बढाउन र हड्डी बलियो बनाउन पनि मद्दत गर्छ । गर्भवती आमालाई दिनमा ३-४ वटा हरियो पत्ता चपाए पनि फाइदा पुग्छ । संक्रमण, लुतो, डण्डीफोर आदि निको पार्न निम प्रयोग गरिएजस्तै करी पत्ता पनि प्रयोग गर्न सकिन्छ । गर्भवती महिलालाई हुने वाकवाकी मेट्न पनि यसले मद्दत गर्छ । यसको भिटामिन ‘ए’ले आँखाको स्वास्थ्यको पनि महत्त्वपूर्ण भूमिका खेल्न सक्छ तर दु:खको कुरा करी पत्ता बढी पाइने तराईमा नै भिटामिन ‘ए’को कमीले बालबालिका र गर्भवती महिलामा आँखाको समस्या देखापर्छ । भिटामिन ‘ए’को क्याप्सुल वर्षमा दुईचोटि बाँड्ने सरकारले करीपत्ताको प्रयोग गर भनेर सिकाउनु आवश्यक छ ?

## गोरक्ष निखिल वाणी तपाई हाम्रै पत्रिका हो यसलाई फलाऔं फुलाऔं

नेपालकै पहिलो आध्यात्मिक शक्ति अनुसन्धानमूलक मासिक पत्रिका **गोरक्ष निखिल वाणी**का प्रिय पाठकहरूलाई सहजताका साथ पत्रिका वितरण गर्न तपाईंहरूकै घरदैलोमा पत्रिका पुऱ्याउने प्रयास भइरहेको सहर्ष जानकारी गराउँदै पाठक महानुभावहरूलाई पत्रिका प्राप्त भइरहेको छैन अथवा ढिलो प्राप्त भइरहेको छ भने सम्पर्क राख्नुहुन हार्दिक अनुरोध गर्दछौं । साथै पत्रिकासम्बन्धी अन्य समस्याहरू पनि यहाँ अवगत गराउन हुन अनुरोध गर्दछौं ।

आफ्नो क्षेत्र वा बसोबास गर्ने ठाउँका पाठकहरू कहाँ गएर पत्रिका वितरण गर्न इच्छुक साधक साधिकाहरूले पनि नाम टिपाउन सक्नुहुन्छ । पत्रिकाको लागि कम्प्युटर टाइप, डिजाइन गर्न चाहने साधकसाधिका वा गुरु सेवकसेविकाहरुले पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

पत्रिका सदस्यताको म्याद समाप्त हुने सम्पूर्ण सदस्यहरूले समयमा नै नवीकरण गराउनु भई पत्रिका प्रकाशनका लागि सहजीकरण भूमिका निर्वाह गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं । काठमाडौं बाहिरका सदस्यहरूले पत्रिका सदस्य शुल्क रु. ४००।- र कुरियर शुल्क बापतको रकम सिद्धाश्रम शक्ति केन्द्रको नाममा निम्नलिखित बैंक खातामा जम्मा गर्न सक्नुहुनेछ । सम्पर्क कार्यालय रहेका जिल्लाहरूको हकमा भने नवीकरणका लागि नजिकको सम्पर्क कार्यालयमा नै सम्पर्क राख्नुहुन अनुरोध छ ।

जय गुरुदेव !

**सिद्धाश्रम शक्ति केन्द्र,**
**ग्लोबल आई.एम.ई. बैंक, धापासी, काठमाडौं**
**खाता नं. ०८०१०१०००००८१**

**सिद्धाश्रम शक्ति केन्द्र,**
**कृषि विकास बैंक, रत्नपार्क शाखा कार्यालय**
**खाता नं. ०२०९५००१६०३९७०१२**




**मेष** (चु, चे, चो, ला, ली, लु, ले, लो, अ)ः
तपाईंका समयहरु अनुकूल हुँदै आइरहेका देखिन्छन् । त्यसैले बुद्धिमत्तापूर्वक अगाडि बढ्नुहोला । व्यापार व्यवसायमा पनि केही सुधार हुने देखिन्छ । घर परिवारबाट पनि राम्रै साथ सहयोगहरु प्राप्त हुनेछन् । शिक्षा क्षेत्रमा अलिकता कोशिस बढाउनुहोला । नयाँ नयाँ रोजगारीका अवसरहरु प्राप्त हुनेछन् । स्वास्थ्यमा ध्यान दिनुहोला । दैवी कृपाको माध्यमबाट तपाईंको जीवनमा सफलताहरु प्राप्त हुने भएकोले भगवान् भक्ति, पूजा आराधना र साधनालाई विशेष जोड दिनुहोला । यात्रामा सजगता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् शिवको पूजा, आराधना र साधना गर्नुहोला ।

**वृष** (ई, उ, ए, ओ, वा, वी, वु, वे, वो)ः
समय परिस्थितिहरु अनुकूलतामा गुज्रने देखिए पनि केही प्रतिकूलताहरु आउन सक्छन् । होशियारीपूर्वक अगाडि बढ्नुहोला । घर परिवारबाट मध्यम खालको सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा केही आशाहरु पलाउने देखिन्छन् । लगानी गर्दा विशेष ध्यान दिनुहोला । आफ्ना विचार भावनाहरुलाई संयमित राख्ने कोशिस गर्नुहोला । खानपान, स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । रोजगारीमा केही नयाँ अवसरहरु प्राप्त हुने देखिन्छ । यात्रामा सजगता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् पशुपतिनाथको पूजा, आराधना र साधना गर्नुहोला ।

**मिथुन** (क, की, कु, ध, ङ, छ, के, को, ह)ः
आफ्ना विचार भावनाहरुलाई संयमित राख्दै अगाडि बढ्नुहोला । नयाँ नयाँ अवसरहरुले तपाईंमा खुसी, जोश, जाँगर थप्ने देखिन्छ । घर परिवारबाट पनि सहयोग प्राप्त हुनेछ । व्यापार व्यवसाय पनि ठीकै खालबाट गुज्रने देखिन्छ । शिक्षा क्षेत्रमा विशेष ध्यान दिनुहोला । रोजगारीका अवसरहरु प्राप्त हुने देखिन्छन् । खानपानमा होश पुऱ्याउनुहोला । स्वास्थ्यमा ध्यान दिनुहोला । यात्रामा ख्याल पुऱ्याउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् बटुक भैरवको पूजा, आराधना र साधना गर्नुहोला ।

**कर्कट** (ही, हु, हे, हो, डा, डी, डु, डे, डो)ः
तपाईंका समयहरु अनुकूल हुँदै आइरहेका देखिन्छन् । केही राम्रा अवसरहरु तपाईंलाई प्राप्त हुने भएकोले अत्यन्त बुद्धिमत्तापूर्वक कार्यहरुलाई अगाडि बढाउनुहोला । घर परिवारबाट मध्यम खालको सहयोग प्राप्त हुनेछ । साथीभाइहरुबाट पनि केही नयाँ प्रस्तावहरु प्राप्त हुन सक्नेछन् । दैवी कृपा, आशीर्वादका लागि तपाईंले पूजा पाठ, साधनालाई ध्यान दिनुहोला । स्वास्थ्यमा ख्याल पुऱ्याउनुहोला । यात्रामा सतर्कता अपनाउनु होला । सम्पूर्ण अनुकूलताको लागि भगवान् पशुपतिनाथको पूजा, आराधना र साधना गर्नुहोला ।

**सिंह** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)ः
तपाईंका लागि समयले राम्रो माहोल बनाउँदै ल्याएको देखिन्छ । घर परिवारबाट ठीकै खालको सहयोग प्राप्त हुनेछ । साथीभाइबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ । दैवी कृपाको माध्यमबाट सम्पूर्ण अनुकूलता प्राप्त हुने भएकोले भगवान् भक्ति, साधना, मन्त्र जपलाई विशेष जोड दिनुहोला । व्यापार व्यवसायहरुमा पनि केही आशाहरु पलाउने देखिन्छ । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् बटुक भैरवको पूजा, आराधना र साधना गर्नुहोला ।

**कन्या** (टो, पा, पी, पू, ष, ण, ठ, पे, पो)ः
समय, परिस्थितिहरु केही अनुकूल हुँदै आइरहेको देखिन्छ । त्यसैले कार्य गर्दा अत्यन्त होश पुऱ्याएर गर्नुहोला । साथीभाइबाट केही फाइदा, केही बेफाइदा भएकोले अलि होश पुऱ्याउनुहोला । घर परिवारबाट ठीकै खालको सहयोग प्राप्त हुनेछ । शिक्षा क्षेत्रमा राम्रै हुने देखिन्छ । रोजगारीमा पनि नयाँ अवसरहरु प्राप्त हुनेछन् । स्वास्थ्यमा, खानपानमा ध्यान दिनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् शनिदेवको पूजा, आराधना र साधना गर्नुहोला ।



*तान्त्रिकताको आधारमा तयार पारिएको राशिफल भएकोले यसलाई त्यही अनुरूप ग्रहण गरिदिनुहोला । तपाईंको सम्पूर्ण भाग्य सही र सत्य गुरुले किटान गरिदिनु भएको हुन्छ । तान्त्रिक योगबलले हुने नराम्रो घटनालाई न्यूनतामा र न्यून घटनालाई टारिदिने गर्दछ । अस्तु ।*

**तुला** (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) :
तपाईंका परिस्थितिहरु राम्रो हुँदै आइरहेको देखिन्छ । घर परिवार, साथीभाइबाट राम्रा राम्रा सहयोगहरु प्राप्त हुनेछन् । शत्रुहरु परास्त हुने देखिन्छन् । कार्यहरुमा नयाँ नयाँ अवसरहरु प्राप्त हुने देखिन्छन् । व्यवसायमा पनि राम्रै हुने देखिन्छ । शिक्षा क्षेत्रमा सुधार उन्मुख छ । स्वास्थ्य, खानपानमा ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनु होला । सम्पूर्ण अनुकूलताको लागि भगवान् सदा शिवको पूजा, आराधना र साधना गर्नुहोला ।

**वृश्चिक** (तो, ना, नि, नु, ने, नो, या, यि, यु)ः
सबै परिस्थितिहरु राम्रो नै बन्दै आइरहेको देखिन्छ । साथीभाइबाट फाइदा लिनलाई अलि बुद्धिमत्तापूर्ण काम अगाडि बढाउनुहोला । परिवारबाट ठीकै खालको सहयोग प्राप्त हुनेछ । व्यापार व्यवसायमा केही नयाँ योजनाहरु आउने देखिन्छन् । शिक्षा क्षेत्र, रोजगारीमा पनि राम्रै देखिएको छ । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि महाशक्ति बगलामुखी माताको पूजा, आराधना र साधना गर्नुहोला ।

**धनु** (ये, यो, भा, भी, भु, ध, फ, ढा, भे)ः
आफ्ना विचार भावनाहरुलाई संयमित राख्दै अगाडि बढ्नुहोला । समय परिस्थिति अनुकूल बन्दै आइरहेको देखिन्छ । साथीभाइ, घर परिवारबाट पनि राम्रै खालको सहयोग प्राप्त हुनेछ । दैवी कृपाले सबै कुरा राम्रो हुने भएकोले भगवान् भक्ति, साधनामा जोड दिनुहोला । शिक्षामा विशेष ध्यान दिनुहोला । स्वास्थ्यमा ख्याल पुऱ्याउनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता मनकामनाको पूजा, आराधना र साधना गर्नुहोला ।

**मकर** (भो, जा, जी, जु, जे, जो, ख, खि, खु, खे, गा, गि)ः
आफ्ना विचार भावनाहरुलाई संयमित बनाउँदै अगाडि बढ्नुहोला । सम्पूर्ण परिस्थितिहरु अनुकूल बन्दै आइरहेको देखिन्छ । घर परिवारबाट पनि राम्रै सहयोग प्राप्त हुने देखिन्छ । साथीभाइबाट पनि अलि होश पुऱ्याएर मात्रै फाइदा लिनुहोला । शिक्षा क्षेत्रमा विशेष जोड दिनुहोला । व्यापार व्यवसायमा पनि केही सकारात्मक संदेश प्राप्त हुनेछन् । स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि माता महालक्ष्मीको पूजा, आराधना र साधना गर्नुहोला ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, दा)ः
आफ्ना विचार भावनाहरुलाई संयमित राख्दै अगाडि बढ्नुहोला । वाणीमा पनि नियन्त्रण राख्नुहोला । समय परिस्थिति राम्रो नै हुने देखिन्छन् । साथीभाइबाट केही सहयोग त प्राप्त हुनेछन्, ख्याल पुऱ्याएर अगाडि बढ्नुहोला । घर परिवारबाट राम्रै सहयोग प्राप्त हुनेछन् । व्यापार व्यवसाय मध्यम नै देखिएको छ । रोजगारीमा केही नयाँ अवसरहरु प्राप्त हुनेछन् । स्वास्थ्यमा ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् पशुपतिनाथको पूजा, आराधना र साधना गर्नुहोला ।

**मीन** (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)ः
तपाईंका समयहरु राम्रा हुँदै आइरहेका छन् । तैपनि केही शत्रुबाधाहरु भएकोले अलि होश पुऱ्याएर मात्रै अगाडि बढ्नुहोला । वाणीमा संयमता अपनाउनुहोला । घर परिवारबाट राम्रै सहयोग प्राप्त हुने देखिन्छ । साथीभाइबाट पनि केही सहयोग प्राप्त हुने देखिन्छ । व्यापार व्यवसायमा अलि विशेष ध्यान पुऱ्याउनुहोला । स्वास्थ्यमा ध्यान दिनुहोला । नोकरीमा पनि केही राम्रा अवसरहरु प्राप्त हुनेछन् । स्वास्थ्यमा विशेष ध्यान दिनुहोला । यात्रामा सतर्कता अपनाउनुहोला । सम्पूर्ण अनुकूलताको लागि भगवान् शिवको पूजा, आराधना र साधना गर्नुहोला । अस्तु । शुभम् ।

# श्रीशिवमहिम्नस्तोत्रम्

श्रीशिवमहिम्नस्तोत्रमिदं भगवान् शिवस्य मतिव प्रियं स्तोत्रम् । अस्य रचनाकारः गन्धर्वराज पुष्पदन्तः । स्तोत्रकाव्ये अस्य स्तोत्रस्य महत्वपूर्ण स्नानं विद्यते । स्तोत्र ४३ श्लोक संख्याः वर्तते । शिखरिणी छन्द । पुष्पदन्त उवाच-

महिम्नः पारं ते परमविदुषो यद्यसदृशी ।
स्तुतिर्ब्रह्मादीनामपि तदवसन्नास्त्वयि गिरः ॥
अथाऽवाच्यः सर्वः स्वमतिपरिणामावधि गृणन् ।
ममाप्येष स्तोत्रे हर निरपवादः परिकरः॥ १ ॥
अतीतः पंथानं तव च महिमा वांमनसयोः ।
अतद्व्यावृत्त्या यं चकितमभिधत्ते श्रुतिरपि ॥
स कस्य स्तोतव्यः कतिविधगुणः कस्य विषयः ।
पदे त्वर्वाचीने पतति न मनः कस्य न वचः॥ २ ॥
मधुस्फीता वाचः परमममृतं निर्मितवतः ।
तव ब्रह्मन् किं वागपि सुरगुरोर्विस्मयपदम् ॥
मम त्वेतां वाणीं गुणकथनपुण्येन भवतः ।
पुनामीत्यर्थेऽस्मिन् पुरमथन बुद्धिर्व्यवसिता ॥ ३ ॥
तवैश्वर्यं यत्तज्जगदुदयरक्षाप्रलयकृत् ।
त्रयीवस्तु व्यस्तं तिस्रुषु गुणभिन्नासु तनुषु ॥
अभव्यानामस्मिन् वरद रमणीयामरमणीं ।
विहन्तुं व्याक्रोशीं विदधत इहैके जडधियः ॥ ४ ॥
किमीहः किंकायः स खलु किमुपायस्त्रिभुवनं ।
किमाधारो धाता सृजति किमुपादान इति च ॥
अतर्क्यैश्वर्ये त्वय्यनवसर दुःस्थो हतधियः ।
कुतर्कोऽयं कांश्चित् मुखरयति मोहाय जगतः ॥५॥
अजन्मानो लोकाः किमवयववन्तोऽपि जगतां ।
अधिष्ठातारं किं भवविधिरनादृत्य भवति ॥
अनीशो वा कुर्याद् भुवनजनने कः परिकरो ।
यतो मन्दास्त्वां प्रत्यमरवर संशेरत इमे ॥ ६॥
त्रयी सांख्यं योगः पशुपतिमतं वैष्णवमिति ।
प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च ॥
रुचीनां वैचित्र्यादृजुकुटिल नानापथजुषां ।
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥ ७ ॥
महोक्षः खट्वांगं परशुरजिनं भस्म फणिनः ।
कपालं चेतीयत्तव वरद तन्त्रोपकरणम् ॥
सुरास्तां तामृद्धिं दधति तु भवद्भूप्रणिहितां ।
न हि स्वात्मारामं विष यमृगतृष्णा भ्रमयति ॥ ८ ॥
ध्रुवं कश्चित् सर्वं सकलमपरस्त्वध्रुवमिदं ।
परो ध्रौव्याऽध्रौव्ये जगति गदति व्यस्तविषये ॥
समस्तेऽप्येतस्मिन् पुरमथन तैर्विस्मित इव ।
स्तुवन् जिह्रेमि त्वां न खलु ननु धृष्टा मुखरता ॥ ९ ॥

तवैश्वर्यं यत्नाद् यदुपरि विरिंचिर्हरिरधः ।
परिच्छेतुं यातावनिलमनलस्कन्धवपुषः ॥
ततो भक्तिश्रद्धा-भरगुरु-गृणद्भ्यां गिरिश यत् ।
स्वयं तस्थे ताभ्यां तव किमनुवृत्तिर्न फलति ॥ १० ॥
अयत्नादापाद्य त्रिभुवनमवैरव्यतिकरं ।
दशास्यो यद्बाहूनभृत-रणकण्डू-परवशान् ॥
शिरःपद्मश्रेणी-रचितचरणाम्भोरुह-बलेः।
स्थिरायास्त्वद्भक्तेस्त्रिपुरहर विस्फूर्जितमिदम्॥ ११॥
अमुष्य त्वत्सेवा-समधिगतसारं भुजवनं ।
बलात् कैलासेऽपि त्वदधिवसतौ विक्रमयतः ॥
अलभ्यापातालेऽप्यलसचलितांगुष्ठशिरसि ।
प्रतिष्ठा त्वय्यासीद् ध्रुवमुपचितो मुह्यति खलः ॥ १२ ॥
यदृद्धिं सुत्राम्णो वरद परमोच्चैरपि सतीं ।
अधश्चक्रे बाणः परिजनविधेयत्रिभुवनः॥
न तच्चित्रं तस्मिन् वरिवसितरि त्वच्चरणयोः ।
न कस्याप्युन्नत्यै भवति शिरसस्त्वय्यवनतिः ॥ १३॥
अकाण्ड-ब्रह्माण्ड-क्षयचकित-देवासुरकृपा-
विधेयस्याऽऽसीद् यस्त्रिनयन विषं संहृतवतः ॥
स कल्माषः कण्ठे तव न कुरुते न श्रियमहो ।
विकारोऽपि श्लाघ्यो भुवन-भय-भंग-व्यसनिनः ॥ १४॥
असिद्धार्था नैव क्वचिदपि सदेवासुरनरे ।
निवर्तन्ते नित्यं जगति जयिनो यस्य विशिखाः ॥
स पश्यन्नीश त्वामितरसुरसाधारणमभूत् ।
स्मरः स्मर्तव्यात्मा न हि वशिषु पथ्यः परिभवः ॥ १५॥
मही पादाघाताद् व्रजति सहसा संशयपदं ।
पदं विष्णोर्भ्राम्यद् भुज-परिघ-रुग्ण-ग्रह-गणम् ॥
मुहुर्द्यौर्दौस्थ्यं यात्यनिभृत-जटा-ताडित-तटा ।
जगद्रक्षायै त्वं नटसि ननु वामैव विभुता ॥ १६ ॥
वियद्व्यापी तारा-गण-गुणित-फेनोद्गम-रुचिः ।
प्रवाहो वारां यः पृषतलघुदृष्टः शिरसि ते ॥
जगद्द्वीपाकारं जलधिवलयं तेन कृतमिति ।
अनेनैवोन्नेयं धृतमहिम दिव्यं तव वपुः ॥ १७ ॥
रथः क्षोणी यन्ता शतधृतिरगेन्द्रो धनुरथो ।
रथांगे चन्द्रार्कौ रथ-चरण-पाणिः शर इति ॥
दिधक्षोस्ते कोऽयं त्रिपुरतृणमाडम्बर विधिः ।
विधेयैः क्रीडन्त्यो न खलु परतन्त्राः प्रभुधियः ॥ १८ ॥
हरिस्ते साहस्रं कमल बलिमाधाय पदयोः ।
यदेकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ॥
गतो भक्त्युद्रेकः परिणतिमसौ चक्रवपुषः ।
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ॥ १९ ॥

क्रतौ सुप्ते जाग्रत् त्वमसि फलयोगे क्रतुमतां ।
क्व कर्म प्रध्वस्तं फलति पुरुषाराधनमृते ॥
अतस्त्वां सम्प्रेक्ष्य क्रतुषु फलदान-प्रतिभुवं ।
श्रुतौ श्रद्धां बध्वा दृढपरिकरः कर्मसु जनः ॥ २० ॥
क्रियादक्षो दक्षः क्रतुपतिरधीशस्तनुभृतां ।
ऋषीणामार्त्विज्यं शरणद सदस्याः सुर-गणाः ॥
क्रतुभ्रंशस्त्वत्तः क्रतुफल-विधान-व्यसनिनः ।
ध्रुवं कर्तुं श्रद्धा विधुरमभिचाराय हि मखाः ॥ २१ ॥
प्रजानाथं नाथ प्रसभमभिकं स्वां दुहितरं ।
गतं रोहिद् भूतां रिरमयिषुमृष्यस्य वपुषा ॥
धनुष्पाणेर्यातं दिवमपि सपत्राकृतममु ।
त्रसन्तं तेऽद्यापि त्यजति न मृगव्याधरभसः ॥ २२ ॥
स्वलावण्याशंसा धृतधनुषमह्नाय तृणवत् ।
पुरः प्लुष्टं दृष्ट्वा पुरमथन पुष्पायुधमपि॥
यदि स्त्रैणं देवी यमनिरत-देहार्ध-घटनात् ।
अवैति त्वामद्धा बत वरद मुग्धा युवतयः ॥ २३ ॥
श्मशानेष्वाक्रीडा स्मरहर पिशाचाः सहचराः ।
चिता-भस्मालेपः स्रगपि नृकरोटी-परिकरः ॥
अमंगल्यं शीलं तव भवतु नामैवमखिलं ।
तथापि स्मर्तृणां वरद परमं मंगलमसि ॥ २४ ॥
मनः प्रत्यक् चित्ते सविधमविधायात्त-मरुतः।
प्रहृष्यद्रोमाणः प्रमद-सलिलोत्संगति-दृशः ॥
यदालोक्याह्लादं ह्रद इव निमज्यामृतमये ।
दधत्यन्तस्तत्त्वं किमपि यमिनस्तत् किल भवान् ॥ २५ ॥
त्वमर्कस्त्वं सोमस्त्वमसि पवनस्त्वं हुतवहः ।
त्वमापस्त्वं व्योम त्वमु धरणिरात्मा त्वमिति च ॥
परिच्छिन्नामेवं त्वयि परिणता बिभ्रति गिरं ।
न विद्मस्तत्तत्त्वं वयमिह तु यत् त्वं न भवसि ॥ २६ ॥
त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरान् ।
अकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत् तीर्णविकृति ॥
तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः ।
समस्त-व्यस्तं त्वां शरणद गृणात्योमिति पदम् ॥ २७ ॥
भवः शर्वो रुद्रः पशुपतिरथोग्रः सहमहान् ।
तथा भीमेशानाविति यदभिधानाष्टकमिदम् ॥
अमुष्मिन् प्रत्येकं प्रविचरति देव श्रुतिरपि ।
प्रियायास्मैधाम्ने प्रणिहित-नमस्योऽस्मि भवते ॥ २८ ॥
नमो नेदिष्ठाय प्रियदव दविष्ठाय च नमः ।
नमः क्षोदिष्ठाय स्मरहर महिष्ठाय च नमः ॥
नमो वर्षिष्ठाय त्रिनयन यविष्ठाय च नमः ।
नमः सर्वस्मै ते तदिदमतिसर्वाय च नमः ॥ २९ ॥
बहुल-रजसे विश्वोत्पत्तौ, भवाय नमो नमः ।
प्रबल-तमसे तत् संहारे, हराय नमो नमः ॥
जन-सुखकृते सत्त्वोद्रिक्तौ, मृडाय नमो नमः ।

प्रमहसि पदे निस्त्रैगुण्ये, शिवाय नमो नमः ॥ ३० ॥
कृश-परिणति-चेतः क्लेशवश्यं क्व चेदं ।
क्व च तव गुण-सीमोल्लंघिनी शश्वदृद्धिः ॥
इति चकितममन्दीकृत्य मां भक्तिराधाद् ।
वरद चरणयोस्ते वाक्य-पुष्पोपहारम् ॥ ३१ ॥
असित-गिरि-समं स्यात् कज्जलं सिन्धु-पात्रे ।
सुर-तरुवर-शाखा लेखनी पत्रमुर्वी ॥
लिखति यदि गृहीत्वा शारदा सर्वकालं ।
तदपि तव गुणानामीश पारं न याति ॥ ३२ ॥
असुर-सुर-मुनीन्द्रैरर्चितस्येन्दु-मौलेः ।
ग्रथित-गुणमहिम्नो निर्गुणस्येश्वरस्य ॥
सकल-गण-वरिष्ठः पुष्पदन्ताभिधानः ।
रुचिरमलघुवृत्तैः स्तोत्रमेतच्चकार ॥ ३३ ॥
अहरहरनवद्यं धूर्जटेः स्तोत्रमेतत् ।
पठति परमभक्त्या शुद्ध-चित्तः पुमान् यः ॥
स भवति शिवलोके रुद्रतुल्यस्तथाऽत्र ।
प्रचुरतर-धनायुः पुत्रवान् कीर्तिमांश्च ॥ ३४ ॥
महेशान्नापरो देवो महिम्नो नापरा स्तुतिः।
अघोरान्नापरो मन्त्रो नास्ति तत्त्वं गुरोः परम् ॥ ३५ ॥
दीक्षा दानं तपस्तीर्थं ज्ञानं यागादिकाः क्रियाः ।
महिम्नस्तव पाठस्य कलां नार्हन्ति षोडशीम् ॥ ३६ ॥
कुसुमदशन-नामा सर्व-गन्धर्व-राजः।
शशिधरवर-मौलेर्देवदेवस्य दासः॥
स खलु निज-महिम्नो भ्रष्ट एवास्य रोषात् ।
स्तवनमिदमकार्षीद् दिव्य-दिव्यं महिम्नः ॥ ३७ ॥
सुरगुरुमभिपूज्य स्वर्ग-मोक्षैक-हेतुं ।
पठति यदि मनुष्यः प्रांजलिर्नान्य-चेताः ॥
व्रजति शिव-समीपं किन्नरैः स्तूयमानः ।
स्तवनमिदममोघं पुष्पदन्तप्रणीतम् ॥ ३८ ॥
आसमाप्तमिदं स्तोत्रं पुण्यं गन्धर्व-भाषितम् ।
अनौपम्यं मनोहारि सर्वमीश्वरवर्णनम् ॥ ३९ ॥
इत्येषा वाङ्मयी पूजा श्रीमच्छंकर-पादयोः ।
अर्पिता तेन देवेशः प्रीयतां मे सदाशिवः ॥ ४० ॥
तव तत्त्वं न जानामि कीदृशोऽसि महेश्वर ।
यादृशोऽसि महादेव तादृशाय नमो नमः ॥ ४१ ॥
एककालं द्विकालं वा त्रिकालं यः पठेन्नरः ।
सर्वपाप(विनिर्मुक्तः शिव लोके महीयते ॥ ४२ ॥
श्री पुष्पदन्त-मुख-पंकज-निर्गतेन ।
स्तोत्रेण किल्बिष-हरेण हर-प्रियेण ॥
कण्ठस्थितेन पठितेन समाहितेन ।
सुप्रीणितो भवति भूतपतिर्महेशः ॥ ४३ ॥
॥ इति श्री पुष्पदन्त विरचितं शिवमहिम्नः स्तोत्रं सम्पूर्णम् ॥

# श्री सावर संरचना शक्ति केन्द्रबाट प्राप्त दिव्य साधनात्मक सूत्रहरू

**मुहूर्त, योग :-**

जे कार्य गर्नको लागि पनि योग चाहिन्छ। बिना योग संसारमा केही पनि हुँदैन। संसारको सृष्टि नै योगमा अडेको छ, चलेको छ। एउटा व्यक्तिको दैनिक जीवन पनि थाहै नपाई मुहूर्त, योगअनुसार चलायमान भइरहेको हुन्छ। जस्तै, हाम्रो उठ्ने समय हुन्छ, खाने समय, अफिस जाने समय हुन्छ, जे कार्य पनि ठीक समयमा अर्थात् ठीक मुहूर्तमा गरेनौं भने हामीलाई अप्ठ्यारो पर्न सक्छ। ठीक ठीक समयमा गरिने कार्य नै मुहूर्त हो। समान्यतया मुहूर्त भन्नाले कुनै कार्य गर्नका लागि जुरेको विशेष समय भन्ने बुझिन्छ। यसरी विशेष वा दिव्य कार्य सम्पन्न गर्नका लागि जुरेको समयलाई सामान्य अर्थमा मुहूर्त भनेर बुझिन्छ। कुनै दुई चीजको मिलनलाई योग भनिन्छ। भक्त र भगवान्‌लाई मिलाउने कुनै दिव्य क्षण पनि हुन सक्छ योग, अथवा शिष्य र गुरुको मिलनको कडीलाई योगको रूपमा बुझ्न सक्छौं। योग मिल्दा, मुहूर्त मिल्दा नै कार्य सफल हुने हो। त्यसैले जे कार्य गर्दा पनि मुहूर्त मिलाउने प्रचलन हाम्रो समाजमा रहँदै आएको छ।

हाम्रो समाजमा शुभकर्म गर्दा, दैवी कर्म गर्दा, दिव्य दिव्य कार्य हुँदा मुहूर्त, योग मिलाएर गर्ने चलन छ। यसरी योग मिल्दा गरेको कार्यबाट सोचेजस्तै सफलता मिल्छ भन्ने जनविश्वास रहँदै आएको छ। व्यक्तिले जन्मेदेखि मर्ने बेलासम्म गरिने प्रत्येक दिव्य कर्महरू मुहूर्त हेरी गर्ने गरिन्छ। यसरी दिव्य मुहूर्तमा कार्य गर्न सके दैवी कृपा प्राप्त हुने गर्दछ।

मन्त्र साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्तिले पनि आफ्नो लागि कुन साधना जुरेको छ, कुन देवी देवताको साधनामा कुन मुहूर्त ठीक हुन्छ, कुन मुहूर्तमा मन्त्र ग्रहण गर्दा राम्रो हुन्छ, कस्तो किसिमको योग परेको छ आदि कुराहरूको विचार गर्नुपर्दछ। मुहूर्त नजुरी गरेको साधनाबाट सोचेजस्तो लाभ हुँदैन। त्यसैले समय, परिस्थितिअनुसार कुन साधना कुन समयमा गर्दा सफल हुन्छ, यी कुराको ज्ञान हासिल गर्नुपर्दछ। देवी देवताकै कुरा गऱ्यौं भने पनि तेत्तीस करोड देवी देवताहरू छन्। त्यत्तिका धेरै देवी देवतामध्ये कसको साधना गर्दा राम्रो हुने हो, कुन देवी देवताले छिटो कृपा, आशीर्वाद गर्ने हुन्, कुन साधना छिटो सफल हुने हो, आदि इत्यादि प्रश्नहरू उब्जिन सक्दछन्। त्यसैले योग मिलाएर देवी देवताको साधना गर्नुपर्दछ। मुहूर्त हेरेर मात्रै साधनामा अगाडि बढ्नुपर्दछ।

साधनात्मकरूपमा सफलताको लागि यी माथिका कुरालाई ख्याल राख्नुपर्दछ। यत्तिकै किताब हेरेर, आफूलाई मन लाग्यो भनेर योग नमिलाई, मुहूर्त नमिलाई साधना गर्नाले सफल हुँदैन। त्यसैले सद्‌गुरुको शरणमा परी दिव्य योग मिलाई मुहूर्तअनुसार साधना गरौं, साधनामा सफलता प्राप्त गरौं।

**लगनशीलता :**

लगनशीलता प्रत्येक कार्यको सफलताको मेरुदण्ड हो। कुनै पनि कार्यको सफलताको लागि लगनशीलता अपरिहार्य हुन्छ। कुनै पनि कार्यको सफलताको लागि, लक्ष्य, उद्देश्य प्राप्तिको लागि निरन्तररूपमा लागिरहने, अगाडि बढिरहने, प्रयास प्रयत्न गरिरहने, अटुटरूपमा कोशिस गरिरहने प्रक्रियालाई सामान्य अर्थमा लगनशीलता भनिन्छ। यसरी लगनशीलता भन्नाले कार्य सफलताको लागि गरिने सम्पूर्ण क्रम एवं उपक्रमहरूलाई बुझिन्छ।

संसारका चाहे भौतिक क्रियाकर्महरू हुन्, चाहे आध्यात्मिक क्रियाकर्महरू हुन्, जुनसुकै क्षेत्रका भए पनि लगनशीलता बिना न त कार्य सफल हुन्छ, न त उद्देश्य प्राप्ति नै हुन्छ। यसैले आफ्नो उद्देश्य प्राप्ति गर्नुछ भने, आफ्नो लक्ष्यमा पुग्नुछ भने लगनशीलतालाई प्रत्येक व्यक्तिले अँगाल्नै पर्छ र अटुटरूपमा लाग्नै पर्दछ। बिना लगनशीलता कुनै लक्ष्य प्राप्तिको आशा राख्नु दिवास्वप्नजस्तै हो। जो व्यक्ति धैर्य नै नगरी अटुटरूपमा लाग्न सक्दैन, त्यस्ताका लागि सफलता दुष्कर मानिन्छ। धेरैजसो व्यक्तिहरू सफलता मात्रै खोज्दछन्, प्राप्तिको आशा मात्रै राख्दछन् तर कार्यमा लगनशील भएर लाग्दैनन्, मिहिनेत परिश्रम गर्दैनन्। यस्ता व्यक्तिहरूले सफलता प्राप्त गर्न सक्दैनन्। एउटा किसानले वर्षभरि दुःख गर्छ, अटुटरूपमा आफ्नो कार्यप्रति लगनशील बनिरहन्छ, तब मात्रै उत्पादन गर्न सक्छ, फल प्राप्ति गर्दछ। यस्तै एउटा विद्यार्थीले लगनशील भएर एक वर्ष अध्ययन गरिसकेपछि मात्र कक्षा उत्तीर्ण गर्दछ। यस्तै समाजका सम्पूर्ण क्षेत्रहरू सबै त्यस्तै छन् जहाँ लगनशीलता बिना प्राप्ति सम्भव हुँदैन, लक्ष्य प्राप्ति हुँदैन।

मन्त्र साधनामा अगाडि बढ्नेहरूका लागि लगनशीलताको झनै खाँचो पर्दछ। साधना भनेकै लगनशीलताको पर्याय हो। जो व्यक्ति अटुटरूपमा अगाडि बढिरहन्छ, प्रयास प्रयत्न जारी राखिरहन्छ, उसैले सफलता हासिल गर्ने हो। त्यसैले पनि साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्ति धैर्यवान् भई निरन्तररूपमा अगाडि बढ्नुपर्दछ। अध्यात्म क्षेत्र भनेको, साधना भनेको कुनै बाहिरी वस्तुजस्तो होइन जुन जति बेला चाहियो, त्यति बेला पसलबाट खरीद गर्न सकियोस्। यो क्षेत्र भनेको त अटुटरूपबाट लागिरहने विषय हो। जो व्यक्ति निश्चिन्त भएर, ढुक्क भएर अटुटरूपमा अगाडि बढिरहन्छ, उसैले अध्यात्म क्षेत्रमा, साधनात्मक क्षेत्रमा सफलता हासिल गर्दछ। मन्त्र साधना भनेकै प्राप्त मन्त्रलाई निरन्तररूपमा जप गर्ने प्रक्रिया हो, प्राप्ति नभएसम्म गरिरहने क्रिया हो। आफूले प्राप्त गरेको मन्त्र साधनामा दत्तचित्त भएर, लगनशील भएर जो लाग्दछ, उसैले प्राप्ति गर्दछ। त्यसैले नआत्तिकन, धैर्यवान् भएर, पूर्ण निष्ठाका साथ लगनशील हुनेहरू नै साधनामा सफलताका अधिकारीहरू हुन्छन्।

मन्त्र साधनामा त धेरैले भाग लिन्छन्, अगाडि बढ्ने चेष्टा पनि गर्छन, प्राप्तिको आशा पनि राख्छन्, तर बीचमा पुगेर धेरैले छाडिदिन्छन्। कसैले छिटो प्राप्तिको आशा राख्छन् तर लगनशील भएर अगाडि बढ्दैनन्। कति महत्त्वाकांक्षी हुन्छन् तर त्यही अनुसारको आफ्नो प्रयास प्रयत्न गर्दैनन्। बिना प्रयास प्रयत्न, बिना कोशिस, बिना लगाव, बिना लगनशीलता खालि छिटो प्राप्तिको आशा राख्नेहरु हतोत्साहित हुन्छन्, आत्तिन्छन् र साधनालाई यत्तिकै छोडिदिन्छन् अनि गुरु र देवी देवताप्रति शंका व्यक्त गर्दछन्, आफूले प्राप्त गरेको मन्त्र साधनाप्रति अविश्वास गर्छन्, शंका उपशंका गर्दछन् र चाहिने नचाहिने टीका टिप्पणीतिर लाग्छन्। उनीहरु प्राप्तिको नजिकै पुगेर पनि छोडिदिन्छन् तर आफ्नो गल्ती औंल्याउनेतर्फ लाग्दैनन्। मेरो लगनशीलता पुगेन, मैले जुनरूपमा गर्नुपर्ने हो, त्यसरूपमा गर्न सकिन भन्ने कहिल्यै सोच्दैनन्।

त्यसैले मन्त्र साधनामा अगाडि बढ्ने प्रत्येक व्यक्तिले आफ्नो मानसिकतालाई सधैं बलियो बनाउनुपर्दछ, धैर्य र संयम राखी निरन्तररूपमा अगाडि बढिरहनुपर्दछ, अनि मात्रै मन्त्र साधनालाई सफल बनाउन सकिन्छ। विश्वासलाई दह्रो बनाई प्रतिकूल परिस्थिति सिर्जना भए पनि आफ्नो निरन्तर प्रयास जारी राख्नुपर्दछ, अनि मात्रै प्राप्तिको नजिक पुग्न सकिन्छ। त्यसैले लगनशीलतालाई पूर्णरूपले अँगालौं, मन्त्र साधनामा सफलता प्राप्त गरौं।



# गुरू पूर्णिमा कार्यक्रम हर्षोल्लासपूर्वक मनाइयो

परमपूज्य सद्‌गुरुदेवहरुको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रले गुरु पूर्णिमा (व्यास पूर्णिमा) भव्य दिव्यरुपमा मनायो।

गत आषाढ २६ गते कमलपोखरीको अग्रवाल भवनमा एक कार्यक्रमबीच उक्त कार्यक्रम हर्षोल्लासपूर्वक मनाइएको थियो।

स्तुति वन्दना, प्रार्थनाका साथ शुभारम्भ भएको कार्यक्रममा गुरु पूजन, हवन, लक्ष्यदीप अर्पण, आरती, भजनकीर्तनलगायतका कार्यक्रमहरू सम्पन्न भएका थिए।

उक्त अवसरमा एस.ई.इ. मा उत्कृष्ट नतीजाका साथ उत्तीर्ण हुने गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रमका विद्यार्थीहरुलाई सम्मान गरिएको थियो भने संस्थाको मुखपत्र गोरक्ष निखिल वाणी मासिकको सदस्यता विस्तारमा अमूल्य योगदान दिनु हुने साधकसाधिकाहरुलाई पनि सम्मान गरिएको थियो।

कार्यक्रममा बबरमहल आश्रम र विद्याश्रमले नृत्य प्रस्तुत गरेको थियो। उक्त कार्यक्रममा सावरपन्थी र सावरमातृकाज्यूले बोल्नु भएको थियो।


## उपहार योजनाको सूचना

### गोरक्ष निखिल वाणी

**पत्रिकाको उत्तरोत्तर प्रगतिको लागि पहल गर्नुहुने सम्पूर्णप्रति हार्दिक धन्यवाद दिँदै पत्रिकाको ११, २१ र ५१ जना सदस्य बनाउनेहरूलाई विशेष धारण माला प्रदान गरिने सहर्ष जानकारी गराउँदै पत्रिकालाई जन-जनमा पुऱ्याउने गहन गुरुकार्यमा सरिक हुन सबैलाई आग्रह गर्दछौं।**

**सिद्धाश्रम शक्ति केन्द्र**

सम्पर्कः फोन नं. ०१-४९८९१५४

# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## सुकुटे आश्रमले मनायो आफ्नो सत्रौं वार्षिकोत्सव

सुकुटे, सिन्धुपाल्चोक– सिद्धाश्रम शक्ति केन्द्र, आरती संचालन केन्द्र सुकुटेको सत्रौं वार्षिकोत्सव शनिबार भव्य एवं दिव्य रूपमा सम्पन्न भएको छ। आध्यात्मिक चेतनाको विस्तार तथा सामाजिक योगदानको सम्मानस्वरूप विविध कार्यक्रमहरूसहित यो विशेष अवसर मनाइएको हो ।

कार्यक्रम बिहान १० बजे स्तुति वन्दना, प्रार्थना, गुरु पूजन, मन्त्रजप, दिव्य हवन तथा गुरु आरतीबाट शुरु भएको थियो। उक्त अवसरमा संस्थाको तर्फबाट स्वागत मन्तव्य साधक मधुबहादुर कार्कीले दिनुभएको थियो ।

कार्यक्रममा विशेष अतिथिका रूपमा सिद्धाश्रम शक्ति केन्द्र नेपालका संयोजक सावरमातृका विन्देश्वरी बराल र विशिष्ट अतिथिका रूपमा चौतारा साँगाचोकगढी न.पा.-१० का वडा अध्यक्ष श्री निलबहादुर तामाङ उपस्थित हुनुहुन्थ्यो ।

विशेष अतिथि बरालज्यूले आफ्नो मन्तव्यमा हाल विश्वभरि डर र भयको वातावरणले मानव समाजलाई आक्रान्त बनाइरहेको अवस्थालाई उल्लेख गर्दै 'यस्ता परिस्थितिमा आध्यात्मिक प्रयासले समाजलाई सही मार्गदर्शन प्रदान गर्न सक्छ,' भन्दै उहाँले सिद्धाश्रम शक्ति केन्द्रले समाज रूपान्तरणमा निभाउँदै आएको भूमिकाको उच्च प्रशंसा गर्नुभयो। उहाँले राष्ट्रमा स्थायी शान्तिको लागि राष्ट्र गुरु श्री श्री महायोगी गुरु गोरखनाथलाई स्मरण गर्दै उहाँलाई प्रसन्न पार्नु आवश्यक रहेकोमा जोड दिनुभएको थियो ।

वडाध्यक्ष श्री तामाङले मन्तव्य दिँदै आफ्नै जीवनशैली पनि प्रारम्भदेखि नै आध्यात्मिक रहेको उल्लेख गर्दै सिद्धाश्रम शक्ति केन्द्रले आफूलाई आध्यात्मिक मार्गमा लाग्न प्रेरणा दिएको अनुभव व्यक्त गर्नुभयो । उहाँले सनातन धर्मको संरक्षण र प्रवर्द्धनमा संस्थाले खेलेको भूमिकाको प्रशंसा गर्दै उहाँले आफू जनप्रतिनिधि रहे पनि नरहे पनि सिद्धाश्रम शक्ति केन्द्रको विकास र उन्नतिमा निरन्तर साथ रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा समाजका विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आउनु भएका प्रतिष्ठित व्यक्तित्वहरू र संघ संस्थाहरूलाई सम्मानित गरिएको थियो। सम्मानित व्यक्तिहरूमा समाजसेवी श्री पुरुषोत्तम कार्की क्षेत्री, केशरबहादुर खड्का, प्रकृति संरक्षण अभियन्ता श्री मेघ आले, नेतृ श्री मन्दु खड्का, अभियन्ता श्री शमशेर कार्की, श्री रमेशकुमार खड्का, श्री यम बहादुर महत, लायन्स क्लब अफ काठमाडौं सिटी चौतारा सिटी, महिला मैत्री विकास समाज तथा दुर्गा भवानी वचत तथा ऋण सहकारी संस्था लिमिटेडलगायत थिए ।

पतञ्जलि योग समिति सिन्धुपाल्चोकका अध्यक्षज्यूले मन्तव्य दिँदै योग र अध्यात्मिकताको सहकार्यमा समाज रूपान्तरणको सम्भावनाबारे जोड दिनुका साथै संस्थाको कार्यमा भावी दिनमा पनि साथ रहने बताउनु भयो ।

कार्यक्रममा विभिन्न संघसंस्था, भक्तजन, साधकसाधिकाहरूको उल्लेख्य सहभागिता रहनुका साथै आध्यात्मिक वातावरण निकै सजीव देखिएको थियो ।

कार्यक्रमको सञ्चालन संस्थाका नेतृत्वकर्ता साधक उमेश के.सी.ले गर्नु भएको थियो । उक्त अवसरमा उहाँले अध्यात्म नै मानव समुदायलाई एकतामा बाँध्ने सबैभन्दा बलियो कडी भएको बताउँदै समाजलाई दिगो र प्रगतिशील बनाउन जीवनको शुरुआतदेखि नै अध्यात्मको मार्गमा लाग्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

उपस्थित वक्ताहरूले पनि अध्यात्मले वर्तमान भौतिक समाजमा शान्ति, समृद्धि र लोककल्याणकारी भावना जागृत गर्न सक्ने विश्वास व्यक्त गर्दै सिद्धाश्रम शक्ति केन्द्रले विगत सत्र वर्षदेखि गर्दै आएको निरन्तर योगदानको प्रशंसा गुर्न भएको थियो । कार्यक्रमको समापन अपराह्न ३ बजे भएको थियो ।




दिव्य गुरु महोत्सव, बसुन्धरा आश्रम (२०८२ आषाढ ७ गते)











# गोरखवाणी

***परब्रह्म, परमात्मा, अलखनिरंजन महायोगी शिव गोरक्षका दिव्य वाणीभित्र समाहित गूढतम् रहस्यहरू, आध्यात्मिक उन्नति, प्रगतिका नवीनतम् मार्गहरू, साधनात्मक उच्चताका दिव्यतम् विधिहरू सम्पूर्ण स्तरका व्यक्तिहरूका लागि उत्तिकै आवश्यक छन्, उत्तिकै आदरणीय छन् । महायोगीका दिव्यतम् वाणीहरू गोरखवाणीका रूपमा विश्वविख्यात् छन् । परमतत्त्व परमात्माको वर्णन एवं व्यक्तिमा अन्तर्निहित शक्तिहरूको माध्यमबाट साक्षात्कार, आत्मसाक्षात्कार कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा उत्पन्न गहिराइ छुने, जीवनका वास्तविक मर्महरू झल्काउने यी दिव्य वाणीहरू सबैका लागि अनुकरणीय एवं मार्गनिर्देशक हुनेछन् भन्ने आशाका साथ प्रकाशन गर्दैं आइरहेका छौँ ।***

**डंडी सो जे आप डंडै ।**
**आवत जाती मनसा षडै ॥**
**पंचौ इन्द्री का मरदै मांन ।**
**सो डंडी कहिये तत्त समांन ।**

दण्डधारी संन्यासी ती हुन्छन् जो अहंकारको वशमा रहँदैनन् र अहंकारको दमन गर्दछन् तथा क्षणिक, चंचल कामनाबाट स-साना इच्छाहरूको पूर्तिमा आफ्नो जीवनको दुरूपयोग गर्दैनन् । दण्डी संन्यासी आफ्ना पाँच ज्ञानेन्द्रियहरूलाई वैषयिक सुख भोगमा आसक्त हुनबाट रोक्दछन् । यस्तो विषयाशक्तिलाई हटाउँदछन् । यसप्रकार अहंकार, इच्छा र पाँच ज्ञानेन्द्रियहरूमाथि विजय प्राप्त गरी दण्डी संन्यासीहरू ब्रह्मपद अथवा परमात्म पद सत्यको साक्षात्कार गर्दछन् ।

**पाया लो भल पाया लो ।**
**सबद थांन सहेती थीति ॥**
**रुप संहेता दीररुण लागा ।**
**तब सर्व भई परतीति ॥**

श्री श्री महायोगी गुरु गोरखनाथ उपदेश दिँदै भन्नुहुन्छ– "मेरो तत्त्व बोध भयो, मैले राम्रोसँग आफ्नो स्वरूप साक्षात्कार गरेको छु । शब्दको साधना, नादानुसन्धानको माध्यमद्वारा मैले ब्रह्मपदमा प्रवेश गरी शिवत्वको स्थिति प्राप्त गरेको छु । मलाई पिण्ड र ब्रह्माण्डमा सर्वत्र परमशिव अथवा परब्रह्मको अलख निरंजन शून्य पदमा समाहित परमात्म तत्त्वको साक्षात्कार अथवा निर्मल, निर्विकार दर्शन भएको थियो । मैले कहिल्यै पनि संशय गरिन कि मलाई तत्त्व बोध भएको छैन भनेर ।"

**अरधंत कवल उरधंत मध्ये ।**
**प्राणं पुरिस का बासा ॥**
**द्वादस हंसा उलटि चलैगा ।**
**तबही जोति प्रकासा ॥**


मूलाधारमा स्थित कमलचक्रमा सुप्त कुण्डलिनी महाशक्तिको जागरण गर्दै द्वादश प्रणवात्मक जप, प्राणायामको अभ्यासबाट अन्य चक्रहरूको भेदन गर्दै जब सहस्रार ब्रह्मरन्ध्र अथवा शून्य पदमा स्थित प्राण पुरुष जीवात्मा परमशिवको सायुज्य अथवा अलख निरंजन ब्रह्मको सहज साक्षात्कार गर्दछन् तत्पश्चात् परमात्म ज्योति सम्पूर्ण कलाहरूमा प्रकाशित हुन्छ र जीवात्मा आफ्नो अभिन्न कैवल्य स्वरूपमा स्थापित हुन पुग्दछ । प्राणवायु जब बाहिर उत्क्रसित हुन्छ, कुम्भकको विधिबाट भित्र लगी यसको गति ऊर्ध्वमुखी गर्नाले आत्महंस जुन कुण्डलिनीबाट समाश्रित हुन्छ र ऊर्ध्वमुखी भई अगाडि बढ्छ । हंस प्राण आधारभूत भई प्राण द्वादश अंगुलको भेद हुन्छ । अजपा गायत्री जपद्वारा जब जीवात्मा ऊर्ध्व चक्रहरूको भेदन गर्दछन् तब उनीहरूलाई परम ज्योतिको सहज दर्शन हुन थाल्दछ ।

**आसपा बैसिबा पवन निरोधिबा ।**
**थांन मांन सब धंधा ॥**
**वदंत गोरखनाथ आतमां विचारंत ।**
**ज्यूं जल सै चंदा ॥**

गुरु गोरखनाथ उपदेश दिँदै भन्नुहुन्छ– "योगाभ्यासको सिद्धिको परम फल भनेकै आत्मचिन्तन र आभ्यन्तर साधना हो । जबसम्म आत्माको विचार गरिँदैन, आत्मतत्त्वको परिशीलनमा दृष्टि दिइँदैन तबसम्म आसन, प्राणायाम र प्रत्याहार आदि बहिरङ्ग साधनाको कुनै महत्त्व रहँदैन । यी त सबै योगको सिद्धिको क्रममा बाह्य उपक्रम मात्र हुन्, आत्मतत्त्वको विचार गर्नाले यो पत्ता लाग्छ कि सारा दृश्य जगत् ब्रह्मको प्रतिविम्ब हो । जसरी जलभित्रको चन्द्रमाको प्रतिविम्ब वास्तविक चन्द्रमा होइन, केवल प्रतिविम्ब मात्र हो, त्यसरी नै जगत् परमात्माको प्रतिविम्ब मात्र हो । जगत् ब्रह्म होइन, ब्रह्मको प्रतिविम्बित दृश्य मात्र हो ।



# शुभकार्यको शुभारम्भ शुभमुहूर्तमा



वराहमिहिरले शताब्दियौँपूर्व कालगणना गरेर यो सिद्ध गरेका थिए कि प्रत्येक दिन मानिसको शुभ र अशुभ दुवै प्रकारका समय आउँछन् र कालज्ञानअनुसार शुभ समयमा कार्य गरेमा निश्चय नै कार्यमा सफलता प्राप्त हुन्छ । यद्यपि ज्योतिषमा दिशासूल, योगिनी, चन्द्रमा आदिको उल्लेख छ र यो पनि बताइएको छ कि यी सबैलाई ध्यानमा राखेर नै शुभकार्य प्रारम्भ गर्नु पर्दछ । महिराचार्यका अनुसार यदि हामीलाई कालज्ञान छ भने यी कुराहरूलाई ध्यानमा राख्नु आवश्यक छैन किनकि कालज्ञान आफैमा अत्यन्त महत्त्वपूर्ण छ । यसैले यसमा व्यतिपात, दिशासूल आदिको अशुभ प्रभाव पर्दैन । यात्रा, विवाह, भेटघाटलगायतका कुनै पनि शुभकार्य प्रारम्भ गर्दा कालज्ञानअनुसार गरिएमा ती कार्यहरू सफल हुन्छन् भनेर मिहिराचार्य भन्दछन् ।

प्रस्तुत शुभ समयहरू (सर्वश्रेष्ठ तथा श्रेष्ठ) परमपूज्य सद्‌गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यूद्वारा रचित हिन्दी ग्रन्थ 'ज्योतिष और काल निर्णय'मा आधारित रहेर तयार पारिएको हो ।

**२०८२ श्रावण १, ८, १५, २२ र २९ गते आइतबार**

**सर्वश्रेष्ठ–** दिन ६:००–६:४८, रात्रि ६:४८–७:३६, ३:३६–४:२४

**श्रेष्ठ–** दिन ६:४८–१०:००, रात्रि ८:२४–१०:००, ४:२४–६:००

**२०८२ श्रावण २, ९, १६, २३, र ३० गते सोमबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ–** दिन ६:००–७:२४, १०:४८–१:१२,३:३६–५:१२
रात्रि ९:१२–१०:००, १:१२–२:४८

**२०८२ श्रावण ३, १०, १७, २४ र ३१ गते मंगलबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२, ३:३६–४:२४

**श्रेष्ठ–** दिन ६:००–८:२४, १०:००–१२:२४, ४:३६–५:१२
रात्रि ९:१२–१०:००, १२:२४–२:००, ४:२४–६:००

**२०८२ श्रावण ४, ११, १८, २५ र ३२ गते बुधबार**

**सर्वश्रेष्ठ–** दिन ३:३६–४:२४, रात्रि ९:१२–१०:४८

**श्रेष्ठ–** दिन ७:३६–९:१२, ११:३६–११:५४, ४:२४–६:००
रात्रि ६:४८–९:१२, २:००–६:००

**२०८२ श्रावण ५, १२, १९ र २६ गते बिहीबार**

**सर्वश्रेष्ठ–** रात्रि ७:३६–९:१२

**श्रेष्ठ–** दिन ६:००–८:२४, १०:४८–१:१२, ४:२४–६:००

रात्रि ९:१२–१०:००, १:१२–२:४८, ४:२४–६:००

**२०८२ श्रावण ६, १३, २० र २७ गते शुक्रबार**

**सर्वश्रेष्ठ–** रात्रि १:१२–३:३६

**श्रेष्ठ–** दिन ६:४८–१०:२४, ४:२४–५:१२ध
रात्रि ८:२४–१०:४८, ४:२४–६:००

**२०८२ श्रावण ७, १४, २१ र २८ गते शनिबार**

**श्रेष्ठ–** दिन १०:३६–१२:२४, ३:३६–५:१२
रात्रि ८:२४–१०:४८, २:००–३:३६, ४:२४–६:००

**गुरुकार्य नै हो सम्पूर्ण शास्त्रको सार ।**
**गुरुकार्यले नै गर्छ आत्म परिष्कार ॥**

नोटः- दिन भन्नाले बिहान ६:०० देखि साँझ ६:०० सम्म रात्रि भन्नाले साँझ ६:०० देखि अर्को बिहान ६:०० सम्म

गोरक्ष प्रकट तिथि- बसुन्धरा आश्रम, तां बाघ भैरव हव-, कीर्तिपुर, लेखनाथ, कास्कीमा सम्पन्न दिव्य गुरु महोत्सव



















तां. सिद्धिकाली हवन



# सिद्धाश्रम शक्ति केन्द्रका गतिविधिहरू

## दिव्य गुरू महोत्सव

परमपूज्य सद्‌गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यू (परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज) यस धर्तीमा अवतरित हुनुभएको अंग्रेजी महिनाको २१ तारिखलाई दिव्य गुरु महोत्सवको रूपमा मनाउने क्रममा सिद्धाश्रम शक्ति केन्द्रले गत आषाढ ७ गते (Jun 21 तारिख) कार्यक्रमलाई हर्षोल्लासपूर्वक मनायो । केन्द्रीय आश्रम भवन बसुन्धरामा सम्पन्न कार्यक्रममा निखिल स्तवन, गोरक्ष स्तवनको सस्वर पाठ, गुरु पादुका पूजन, मन्त्रजप, हवन, आरतीलगायत भजनकीर्तन एवं नृत्य कार्यक्रमहरू सम्पन्न भएका थिए । कार्यक्रम बिहान १०:१५ देखि शुरु भएको थियो ।

आश्रमका विभिन्न स्थानमा अवस्थित सम्पर्क कार्यालय र बसुन्धरास्थित सिद्धाश्रम शक्ति केन्द्रबाट संचालित गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रममा अंग्रेजी महिनाको प्रत्येक २१ तारिख दिव्य गुरु महोत्सवलाई मनाउने गरिन्छ ।

## सत्ताइसौं महाप्रयाण दिवस

सिद्धाश्रम शक्ति केन्द्रले गत आषाढ १९ गते २७ औं महाप्रयाण दिवस मनायो । परमपूज्य सद्‌गुरुदेव डा. नारायण दत्त श्रीमालीज्यू भौतिक शरीर छोडेर सिद्धाश्रम प्रवेश गर्नुभएको दिनलाई सिद्धाश्रम शक्ति केन्द्रले महाप्रयाण दिवसको रूपमा मनाउँदै आइरहेको छ । परमपूज्य सद्‌गुरुदेव परमहंस स्वामी श्री निखिलेश्वरानन्द महाराज डा. नारायण दत्त श्रीमालीस्वरूपमा सन् १९३५ अप्रिलमा जन्मनु भएको थियो । पूज्यपादले सन् १९९८ जुलाई ३ मा आफ्नो भौतिक शरीर छोड्नुभएको थियो । यसै दिनलाई सिद्धाश्रम शक्ति केन्द्रले महाप्रयाण दिवसको रूपमा गुरु मन्त्रजप गरी मनाउँदै आइरहेको छ ।

यसै क्रममा उपत्यकाका बसुन्धरा, तीनकुने, बानेश्वर, सिमलटार, भक्तपुर, ललितपुर सम्पर्क कार्यालयहरु लगायत गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम, संस्थाअन्तर्गतका आरती संचालन केन्द्रहरुमा मन्त्रजप कार्यक्रम सम्पन्न भएको थियो । त्यस्तै, कास्की, पर्सा, चितवन, गोरखा, सिन्धुपाल्चोकलगायतमा रहेका आश्रमहरुमा मन्त्रजप कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बिहान ९ बजेदेखि साँझ ४ बजेसम्म मन्त्रजप चलेको थियो ।

## मासिक हवनहरू

सिद्धाश्रम शक्ति केन्द्रले प्रत्येक महिना मासिक हवन कार्यक्रमहरु सम्पन्न गर्दै आइरहेको छ । आषाढ महिनामा निम्न हवन कार्यक्रमहरू निम्न समय, स्थानमा निम्नानुसार सम्पन्न भए– आषाढ २ गते सोमबार– श्री शिव गोरक्ष हवन गोरखनाथ मन्दिर, पशुपति, मृगस्थली, बिहान ८-९ बजे । आषाढ ३ गते मंगलबार– तां. वटुक भैरव हवन, वटुक भैरव मन्दिर, लगनखेल, बिहान ७-८ बजे । आषाढ ४ गते बुधबार– तां. महालक्ष्मी हवन, महालक्ष्मी मन्दिर, लगनखेल, बिहान ८-९ बजे । आषाढ ५ गते बिहीबार– तां. बगलामुखी हवन, बगलामुखी मन्दिर, पाटन, बिहान ८-९ बजे । आषाढ १४ गते शनिबार– तां. सिद्धिकाली हवन, सिद्धिकाली मन्दिर, ठिमी, समय बिहान ८-९ बजे ।

त्यस्तै, मासिक हवनकै क्रममा निम्न हवनहरू निम्न समय, स्थान र मितिमा सम्पन्न भएका थिए- आषाढ २ गते सोमबार– श्री शिव गोरक्ष हवन, चितवन तथा कास्की, बिहान ८-९ बजे । आषाढ ३ गते मंगलबार– तां. गणपति हवन, सूर्यविनायक, भक्तपुर, बिहान ७-८ बजे । आषाढ ४ गते बुधबार– तां. विन्ध्यवासिनी हवन, विन्ध्यवासिनी मन्दिर, पोखरा, कास्की, बिहान ८-९ बजे । आषाढ ५ गते बिहीबार– तां. वेदव्यास हवन, वेदव्यास गुफा, तनहूँ, बिहान ८-९ बजे । आषाढ ७ गते शनिबार– तां. बाघ भैरव हवन, बाघ भैरव मन्दिर, कीर्तिपुर, समय बिहान ८-९ बजे । आषाढ २६ गते सोमबार– तां. भगवान् शिव हवन, गोरक्ष निखिल गुरुधाम, कोलमतेश्वर मन्दिर, बिहान ८-९ बजे । आषाढ २८ गते शनिबार– तां. विष्णुदेवी हवन, विष्णुदेवी मन्दिर, तीनथाना, बिहान ७:३०-९ बजे ।

# हेपाटाइटिस रोगबाट बचौं

- हेपाटाइटिस कलेजोमा हुने एक प्रकारको संक्रमण हो,
- यस्तो संक्रमणले कलेजो बिग्रन सक्छ,
- हेपाटाइटिस A, B, C, D र E गरी पाँच प्रकारका हुन्छन्,

**यसका लक्षणहरू :**

- थकान महसुस हुने,
- पेट दुख्ने
- आँखाको सेतो भाग पहेँलो हुने (जण्डिस देखिने),
- वान्ता वा खानामा अरुचि हुने,
- तौल घट्ने जस्ता लक्षण देखिन सक्छन् ।

**हेपाटाइटिसबाट बच्न :**

- सफा पानी पिउने,
- स्वच्छ खाना खाने,
- हेपाटाइटिस विरुद्धको खोप लगाउने,
- संक्रमितको रगत तथा सुईबाट टाढा रहने,
- सुरक्षित यौन सम्पर्क गर्ने ।

**"हेपाटाइटिस रोकथाम गरौं, जीवन जोगाऔं"**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

म.क्षे.हु.नि.द.नं. ०२/०८१/८२ का.जि.प्र.का.द.नं. ७०/०५६












सत्ताइसौँ महाप्रयाण दिवस (काठमाडौँको बसुन्धरा, बानेश्वर, भक्तपुर, कास्की, गोरखा)



सि.श.के. गोरक्ष निखिल गुरुधामको शिलान्यास कार्यक्रम



## हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको कामना

परमपूज्य सद्गुरुदेवको कृपा, आशीर्वादस्वरूप सिद्धाश्रम शक्ति केन्द्रबाट संचालित गोरक्ष निखिल ज्योति दिव्य विद्याश्रम SEE-2081 को परीक्षामा उत्कृष्ट अंकसहित उत्तीर्ण हुन सफल भएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**सिद्धाश्रम शक्ति मकेन्द्र**
बसुन्धरा, फोन ०१-४९८९१५४